# अमर ज्योति

६१


साहित्यिक त्रैमासिक



**फागुन-२०८०**

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)

कुलमान घिसिङ, संरक्षक, विद्युतकर्मी साहित्यिक समाज



जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २०, पूर्णाङ्क ६१
(पुस–फागुन २०८०)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea .org .np, फोन नं. : ०१–४१५३०८९

अल मिडिया सोलुसन, बागबजार, काठमाडौँ ४२५३६९४ द्वारा मुद्रित

मूल्य रू. १२०.००

# हिउँ जोगाऔँ, ज्योति जगाऔँ

विद्यालय तहमा व्याकरण पढ्दा 'हिउँ चिसो हुन्छ'को अकरण रूप 'हिउँ चिसो नहुने होइन' भनेर सिकाइन्थ्यो । ध्रुवसत्य कथनलाई अकरण बनाउँदा अर्थको तहलाई नभई वाक्यात्मक संरचनाको तहलाई मात्र अकरण बनाउन सिकाइँदो रै'छ त्यतिबेला । आजका विद्यार्थी चाहिँ अकरण बनाउँदा ' हिउँ चिसो हुँदैन' (अर्थ अस्वीकार्य) भनेर निषेधात्मक वाक्यमै वाक्यान्तरण गरिनु पर्छ भन्ने मान्यताबाट दीक्षित हुँदै आएका छन् ।

विद्यालय तहदेखि नै हो 'हिउँ' शब्द एउटा 'ठिहिरो जिनिस'को विम्ब बनेर मानसपटलमा सजिएको । बालवयदेखि नै 'हिउँ' शब्द धेरै खेलाइयो–दिमागमा अनि जिब्रोमा । विशेषतःव्याकरण, भूगोल र कृषि पढ्दा आवृत्ति भइरहने शब्द थियो– ' हिउँ' । त्यसो त पढाइभन्दा भोगाइ पनि धेरै फरक थिएन त्यतिबेला । आँगन–करेसाबाट लहरै देखिने हिमशृङ्खला र हिउँलाई हलुका स्पर्श गरेर सिरिर्र बहने चीसो सिरेटोको स्मरण अझै ताजा छ मस्तिष्कमा । बाक्लो हिमपातमा आधाउधी पुरिएर फहराइरहने लुङ्दरहरूको नृत्य आलै छ स्मृतिमा ।

'हिउँ' हेर्दै नैनसुतको कपडाजस्तो– स्वच्छ, सेतो र बेदाग । पूर्वीय दार्शनिक दत्तात्रयले सूक्ष्म अनुभूति गर्न भ्याएनछन् सायद । नत्र माहुरी, आगो, चन्द्रमा, वेश्या आदिको सूचीमा 'हिउँ' लाई पनि थपेर उनले २५ औँ गुरूका रूपमा मान्यता दिन्थे होलान् । पर्दापर्दैको हिउँ फुस्स फुस्स, प्युरीझैँ नरम । जमेपछिको हिउँ कठोर राप र तापले मात्र पग्लने–जब्बर कडा । हिउँको प्राकृतिक स्वभावबाट मान्छेले पनि जिउने कला सिक्न सक्छ ।

सरसर्ती बुझ्दा हिउँ बादलबाट बर्सिएको बरफको गुच्छासिवाय केही होइन । तर यसको उपयोगिताको क्षेत्र भने व्यापक छ । किसानको फसलमा असल दाना पोटाउन हिउँ नै चाहिन्छ । यायावरीय मनले हिमालमा हिउँको शिरपोस सजिएको देख्दा मात्र परितोष प्राप्त गर्छ । कालो पत्थरलाई रूपवती गोरी बेहुलीको अवतार लिन हिउँकै अनुलेपन चाहिन्छ । सर्जकको कलममा हिउँसँगको साक्षात्कारले नै साहित्यिक ऊर्जा थपिन्छ । 'हिउँ' सरस–सलिल, हिमाल सर्वप्रिय ।

हिमालको हिउँ बिहानी सूर्यको प्रकाशसँगै सुनौलो रङमा अनुहारिन्छ । बिस्तारै दिन छिप्पिँदै गएपछि चाँदीझै टलक्क टल्कन्छ । साँझको परिवेशमा रातो सिन्दुरे आभामा उज्यालिन्छ । क्षणक्षणमा परिवर्तित स्वरूपमा देखापर्ने हिउँ' को महिमा गाएर कहिल्यै

कोही थाक्दैनन् । त्यसैले त फुल्चोकीको हिउँलाई आँखामा सजाउँदै चन्द्रागिरीको हिउँमा चिप्लेटी खेल्नेको जमात राजधानीमा दिनानुदिन बढ्दो छ । मुस्ताङ, मनाङ र रसुवामा हिउँसँग रमाउन खोज्नेको धुइरो त कति हो कति !

विकसित प्रविधिको बढ्दो प्रयोगबाट उत्सर्जन भएको हानिकारक ग्याँस, अनियन्त्रित जनसङ्ख्या, प्राकृतिक स्रोतसाधनको अत्यधिक र अवैज्ञानिक दोहन आदि कारणले ब्रम्हाण्डीय उष्णता बढिरहेको छ । फलस्वरूप सगरमाथा र अन्य उच्च हिमशिखरहरूमा समेत पहिलेजस्तो बाक्लै हिमपात भएको खबर आजकाल सुन्न पाइँदैन । हिउँ परेको देखेर ताउरमाउरका साथ हिउँसँग रमाउन पुग्दा हिउँ बिलाइसक्ने दुर्भाग्य धेरैले भोगिरहेको आजको कटु यथार्थता हो ।

जलवायु परिवर्तन विषयक अन्तर्राष्ट्रिय अध्ययन टोली (Ipcc) ले सन् २१०० सम्ममा पृथ्वीको तापमान १.४ देखि ५.८ डिग्री सेल्सियससम्म बढ्ने भनेर प्रक्षेपण गरेको अवस्था छ । Ipcc ले सन् २००९ मा सार्वजनिक गरेको प्रतिवेदनमा नेपालका हिमालहरू सन् २०३० सम्ममा काला पत्थरमा परिणत हुने डरलाग्दो आँकडा सार्वजनिक गरेको देखिन्छ । अनुमान गरिएअनुसार नै तापमान बढ्यो भने यसले विकराल समस्याहरू निम्त्याउने निश्चित छ ।

उच्च तापमानका कारण सबै हिउँ पग्लेर समुद्रमा पानीका रूपमा जम्मा भयो भने समुद्रको सतह उचालिएर थुप्रै देश डुबानमा पर्न सक्छन् । हिमतालको आकार बढ्ने र फुट्ने खतरा पनि त्यत्तिकै रहन्छ । पिउने पानीको ७० प्रतिशत स्रोत हिमखण्ड नै रहेको तथ्यलाई मध्यनजर गर्दा हिमालबाट हिउँ रित्तिदै जाँदा खानेपानीको समेत सङ्कट निम्तिनेतर्फ सचेत हुनुपर्ने देखिँदैछ । हिमालमा हिउँ देखिन छाड्यो भने हिमाल ठ्याक्कै डढेलोले खाएको ठुटो जस्तो देखिन्छ । यसको सोझो असर पर्यटन क्षेत्रमा पर्ने निश्चित छ । हिउँ पातलिँदा कृषि, जैविक विविधता, सिंचाइ र जलविद्युतको क्षेत्रमा पनि सख्त असर पर्न जान्छ ।

हिउँ जोगाउन मानवीय क्रियाकलापमा सुधार आउनु जरूरी छ । जलवायु परिवर्तनको असरले यस्तो समस्या देखिएकाले दिगो विकासका मूलभूत मान्यतालाई सबैले अहिलेदेखि नै आत्मसात गर्दै हरित अर्थतन्त्रको विकासमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । विकासको अखण्ड ज्योति प्रज्ज्वलित भइरहोस् भन्ने चाहना राख्ने हो भने आजै र अहिल्यैदेखि हिउँ जोगाउने अभियानमा सबै पक्षले हातेमालो गर्नुको अर्को विकल्प देखिँदैन ।

**- अतृप्त**

# ● विषय क्रम


● **कविता/मुक्तक/गीत/गजल/सुसेली**

**सर्कसमा बाघ**
मातृका पोखरेल/५

**यस्तो होस् कविता**
चन्द्रप्रसाद न्यौपाने/११

**अनुराग**
विमल भौकाजी/१९

**केशवती दलित**
अभय श्रेष्ठ/२०

**भाँचिएको बला**
टीकाराम उदासी/३६

**पुरूष मनको द्वन्द्व**
त्रिविक्रम पाण्डे/३८

**यस्तै छ यहाँ**
रामप्रसाद पोखेल/५५

**विधवा नारीको कल्पना**
भोला शर्मा/६७

**यो समय**
टहल दाहाल नवकिरण/७४

**शुभकामना**
वासुदेव तिमसिना/८०

**मेरो रामकहानी**
सुरेन्द्रलाल भुजु/८२

**प्रतिभा पलायन**
राजेशमान के.सी./८३

**बन्दुकले लेखेको कविता**
विष्णुप्रसाद आचार्य 'अतृप्त'/८८

**आफैँलाई सिध्याउँदैछ मान्छे**
ताराप्रसाद वस्ती/९०

**मान्छे**
के.पी. पौडेल (जस्ताघरे)/९१

**सडक दुर्घटना**
नारायणदत्त आचार्य/९२

**नोकरी**
तुलसीप्रसाद भट्टराई/९४

**मुक्तक** : तेजविलास/३९

**मुक्तक** : मनोरञ्जन मल्ल ठकुरी/७३

**मुक्तकः** समर्पण कल्पना/८४

**गीत** : यो दिलमा नजरले
चतुर्भुज गौतम 'निर्मल श्री'/८६

**गीत** : तिमी छैनौं वरिपरि
घनबहादुर थापा/७५

**गजल** : लोकेन्द्र जिसी/८५

**सुसेली** : देशको बारेमा
सुशीला ढकाल अधिकारी 'श्री'/९३

● **निबन्ध**

**गीतको सौन्दर्य**
जीवन शर्मा/७

● **नाटक**

**अन्धकारका जन्ती**
रामेश्वर राउत 'मातृदास'/१२

● **संस्कृति**

**माघ र धार्मिक पर्व**
शीतल गिरी/२२

**सांस्कृतिक महत्त्वको पर्व होली**
त्रिचन्द्र प्रतीक्षा/६५

● **दर्शन**

**शिव के हो ?**
हरिप्रसाद सोडारी/३२

● **यात्रा संस्मरण**

**दसैंको आगमनः चिकागोमा मिलन**
विष्णुबहादुर सिंह/३९

**गन्तव्य पुनहिल ३२१० मि.**
शारदा पोखेल भट्टराई/६८

● **कथा/लघुकथा**

**अजीव यात्री–२**
मिलन मनुवा दाहाल/४५

**नजन्मिएको छोरो**
राजु शर्मा/५६

निमित्त नायक
राममणि सिटौला/७६

औषधी
वासुदेव गुरागाईं/८७

● **अध्यात्म**

**अध्यात्म चिन्तन र मानव शरीर**
अच्युतप्रसाद पौडेल 'चिन्तन'/५०

● **समीक्षा**

**विषय, शब्दचयन र भाषाशैलीले भिन्न...**
ठाकुर बेलवासे/९५

# सर्कसमा बाघ



**मातृका पोखरेल**

बाघहरू गाउँका जङ्गलबाट
एकाएक गायब भए ।

त्यसपछि सञ्चारमाध्यमहरूले
समाचार प्रसारण गरे बाघहरू सहरतिर गए ।
जब बाघहरू गाउँमा थिए
मकैबारी सखाप पार्ने बाँदरहरू एकाएक हराए
घरका कुखुराहरू चोर्ने
स्यालहरू पनि मासिए
जमिनका बालीहरू नाश गर्ने दुम्सीहरू पनि बेपत्ता भए
एकमनले धेरैजसो किसानहरू खुसी देखिए ।

केही वर्षपछि गाउँमा
बाघहरू सहर पस्ने हल्ला चल्यो
बढो तामझामका साथ बाघहरू सहर पसे
गाउँमा मानिसहरूले फेरि सुने
सहरले बाघलाई पनि राम्रैसँग स्वागत गऱ्यो ।

गाउँबाट मानिसहरू सहर गए
र हेर्न पुगे
सहरको एउटा सर्कस घरमा ।

सर्कस घरमा
जब बाघ अघिल्तिर आउँथ्यो
अबोध बच्चाहरू धेरै डराउँथे
अभिभावकहरू आफ्ना बालबच्चालाई सम्झाउँदै भन्थे-
यो सर्कस हो

यहाँको बाघले मान्छेलाई केही गर्दैन
यसको दाँत फुकालिएको हुन्छ
टोक्न सक्दैन
नङ्ग्रा काटिएको हुन्छ
चिथोर्न सक्दैन
त्यसपछि बच्चाहरू शान्त बन्थे ।


तर पनि बाघ बाघै हो
ऊ मानिसहरूको नजिक आउँथ्यो र डुक्रन्थ्यो
मानिसहरूको मनभित्र मसिनो आतङ्कको लहर पैदा हुन्थ्यो
तर गाउँ र जङ्गलमा झैँ ऊ डुक्रँदा वातावरण भयग्रस्त बन्दैनथ्यो ।

सर्कसमा जब ऊ
जङ्गलको जस्तै आवाज निकालेर डुक्रिन्थ्यो
साथै बसेका बच्चाहरू मात्र डराउँथे
परिस्थितिसँग जानकार मानिसहरू
खिसीट्युरी गरेर उडाउँथे ।

भोलि बिहानै गाउँ जानु छ -
गाउँ छेउको जङ्गली बाघलाई
सहरको सर्कसमा भेटेको कथा सुनाउनु छ
र गाउँमा सबैलाई भन्नु छ -
मकैबारी सखाप पार्ने बाँदरहरू
फेरि आउने छन्
घरका कुखुरा चोर्ने स्यालहरू
घुऱ्यानमा फेरि देखा पर्नेछन्
जमिनका बाली नाश गर्ने दुम्सीहरू
खेत, बारीमा फेरि झुल्किनेछन्
गाउँमा एउटा खबर लानु छ
सहर पसेको बाघ
जङ्गलको बाघ जस्तो नहुँदो रहेछ ।

सहरको सर्कसमा पसेपछि
बाघहरूलाई बाघ नभने पनि हुँदो रहेछ
अनुहार मात्रको बाघ हुँदोरहेछ ।

# गीतको सौन्दर्य



जीवन शर्मा

सानै उमेरमा मैले एउटा गीत लेखेको थिएँ । त्यो गीत अझैसम्म कतै प्रकाशित भएको छैन । उमेर नपुग्दै लेखिएको हुनाले होला, त्यो त्यत्तिकै थिचिएर बसेको छ । सम्भवतः त्यो गीत मैले १६ वर्षको उमेरमा लेखेको थिएँ । मैले लेखेको पहिलो प्रगतिशील गीत त्यही नै थियो । त्यतिखेर म रेडियोबाट बज्ने गीत निकै सुन्थेँ । तर गीत के हो ? कस्तो गीतलाई राम्रो मानिन्छ ? आदि, इत्यादि केही थाहा थिएन ।

मजस्ताले लेखेर पनि गीत बन्छ होला र भन्ने भित्रभित्रै एकप्रकारको उत्सुकतापूर्ण उत्कण्ठा मेरो कलिलो मनमा खेलिरहन्थ्यो । अविश्वासै अविश्वासको मनोदशा बीचैबीच पनि मैले थुप्रै गीतहरू लेख्दै गएँ । तर ती कुनै पनि गीतहरू मैले कसैलाई पनि देखाइनँ, सुनाइनँ । तीन-चार वर्षसम्म मैले कति गीतहरू लेखेँ ? अहिले पनि म आफैँलाई थाहा छैन । एउटा सानो सानो डायरी गीत र कविता जस्ता के के ले हो भरिएको थियो । हरियो गातो भएको त्यो डायरी काठमाडौँ पढ्न आउँदा खोपीभित्रको बाकसमा राखेर आएको थिएँ । १ वर्षपछि फर्केर घर जाँदा त्यो हराएछ । त्यसमा भएका गीतमध्ये एउटा गीतको थेगोमात्र अहिले मलाई सम्झना छ । २०३२ सालमा लेखिएको त्यो गीत यस्तो थियोः

*कति छन यहाँ छटपटाइरहेका निशालाई देखेर*
*चाँडै नै आओस् बिहानी सुन्दर उषालाई चिरेर*
*पूर्वमा लाली चम्केको देख्न आत्तिने छन् कति*
*मानवको रगत पिएर दानव मात्तिने छन् कति ।*

जाने जतिका अप्ठेरो शब्द प्रयोग गरेर मैले त्यो गीत तयार गर्न खोजेको थिएँ, त्यतिखेर । 'निसा', 'उषा', 'दानव' आदि शब्दहरू त्यतिबेला मेरा लागि 'उच्च' प्रकारका शब्द थिए । यस्ता शब्दहरूको प्रयोगबाट गीत स्तरीय हुन्छ भन्ने मलाई

लाग्दथ्यो । काठमाडौँ आएपछि मैले अर्को एउटा गीत लेखेँ । त्यो गीत यस्तो थियो :

*अकण्टक जीवन सकण्टक भयो जालीको खेलले*
*दुःखीको कुरा बुझ्दैन कहिल्यै कण्टकी झेलले ।*

'अकण्टक' भन्ने शब्द मैले नेपाली शब्दकोशमा देखेको थिएँ । काँडा नभएको, कुनै बाधाविरोध वा डर नभएको भन्ने त्यसको अर्थ रहेछ । गीतमा यो शब्द पारेपछि त्यो गीत राम्रो भयो भन्ने लागेको थियो । साथै त्यसको अर्थ पनि थाहा पाइराख्नु पर्‍यो भन्ने लाग्यो । किनकि कसैले अर्थ सोधिहाल्यो भने त भन्नुपर्‍यो, नत्र आफैँले लेखेका शब्दको अर्थ आफैँले भन्न नसके झन् ठुलो आफ्नै बेइज्जत होला भनेर बेलाबेलामा त्यसको अर्थ मनमनै सम्झिरहन्थेँ । यस्ता अप्ठ्यारा खालका शब्दले गीतको उचाइ उठ्छ भन्ने लाग्थ्यो र त्यस्तै शब्द खोजेर गीतमा राख्ने कोसिस गर्थेँ । पछि त्यो गीत मैले एक जना विद्वान्लाई देखाएँ । अकण्टक र सकण्टक शब्दका ठाउँमा सजिला शब्द राख्न पाए अझै राम्रो हुन्थ्यो' भनेर उनले मलाई सुझाव दिए । मलाई उनको सुझाव स्वीकार्न गाह्रो पर्‍यो । मैले आफ्नो पक्कर छाडिनँ ।

त्यो गीतका तिनै शब्दहरूमा भाका भरेर मैले सबैतिर सुनाउँदै हिडेँ । गितारको झङ्कारसँग गीत सुनाउँदै हिँड्दा प्रायःजसोले राम्रै माने । ताली पनि बजाए । तर अलि बौद्धिक प्रकारका मानिसले भने ती शब्दहरूप्रति कतिपय अवस्थामा आपत्ति नै जनाए । पछि मैले बाध्य भएर ती शब्दहरूलाई हटाएर सरल शब्द राखेर गीत यस्तो बनाएँ :

*यो मेरो जीवन बर्बाद भयो जालीको खेलले*
*दुःखीको कुरा बुझ्दैन कहिल्यै यो बन्द झेलले ।*

यसपछि गीतको रौनक फेरियो । गीतको लोकप्रियता ह्वात्तै बढ्यो । यो घटनाले गीत लेखनसम्बन्धी मेरो पुरानो धारणामा ठुलो परिवर्तन ल्याइदियो । त्यसपछि मैले गीत लेख्दा सकेसम्म सजिला शब्दहरू प्रयोग गर्न थालेँ । तर समस्या के रहेछ भने सजिलै सजिला शब्दहरू राखेर गीत तयार गर्न सारै गाह्रो हुँदोर हेछ । त्यो 'गीत' भयो कि 'कुरा' भनेर छुट्याउन आफैँलाई मुस्किलस्तरीयता र लोकप्रियताबीचको द्वन्द्वात्मक सम्बन्धलाई ठीकसँग बुझ्न नसक्दाको समस्या रहेछ यो । यो समस्या अझै पनि कायमै छ । तर पनि यससँग जुध्दै गीत सङ्गीतको सिर्जनामा लागिरहनुबाहेक अर्को विकल्प देखिँदैन ।

जीवन साना साना घटनाहरूले भरिएको हुन्छ । साना कुराहरूलाई हेपेर ठुला कुराहरूको मात्र अपेक्षा गर्नु यथार्थबाट टाढा भाग्नु हो । यथार्थमा ससाना कुराहरूमा नै लोकप्रियता र महानता छिपेको हुन्छ । जीवनमा घटेका तिनै ससाना कुराहरूलाई टिपेर महान् अभियानसँग जोड्न सकेमात्र कुनै पनि चिज लोकप्रिय र स्तरीय हुनसक्छ । सङ्गीतमा स्तरीयताको जति ठूलो महत्व छ, लोकप्रियताको पनि उत्ति नै ठुलो महत्त्व हुन्छ । यी दुवै कुराका बिचमा उचित तालमेल भएपछि मात्र कुनै पनि गीत या रचना राम्रो बन्न जान्छ । लोकप्रिय भएन भने कुनै साङ्गीतिक शब्द या रचना गीत हुँदैन । किनकि, गीत भनेको गाउनका लागि हो । जुन गीत लोकप्रिय बन्न सक्दैन, त्यो गीत गाइँदैन । भाका हालेर सुनाउन सकिएला तर सुन्ने मान्छेले त्यसलाई अनेकौँ पटक गुनगुनाएनन् भने गीत गाउनुको औचित्य कमजोर हुन्छ । गीत सुनाउनकै लागि मात्र तयार गरिँदैन, त्यो त हजारौँ-लाखौँ मानिसले गुनगुनाउँदै हिँड्नु भन्ने अभिप्रायले तयार गरिएको हुन्छ । त्यसैले गीत सरल, सहज र सुगम तरिकाले इन्द्रियग्राह्य हुनु जरूरी छ । सजिलैसँग सर्वसाधारण मानिसको मुखमा झुन्डिनका लागि गीतका शब्दहरू सरल हुनु जरूरी हुन्छ । मैले सुरूमा लेखे जस्ता शब्दहरू प्रयोग गर्दा गीत क्लिष्ट हुन जान्छ । क्लिष्टता गीतलाई लोकप्रिय बन्न नदिने एउटा ठूलो अवरोधक तत्त्व हो । सरल शब्दहरूको प्रयोगले नै कुनै गीत लोकप्रिय बन्ने सम्भावना बोकेको हुन्छ । शब्दको सरलता मात्र हैन, सङ्गीतको सरलता पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हो । शब्दहरू सरल भएर पनि सङ्गीत जटिल भयो भने गीतको भाका सबैले टिप्न सक्दैनन् । त्यो अवस्थामा पनि त्यो गीत सामान्य मानिसको लागि सुग्राह्य हुन सक्दैन । यसरी सरल शब्द र सुगम सङ्गीतले गीतलाई लोकप्रिय बनाउन मुख्य भूमिका खेलेको हुन्छ ।

राम्रा गीतको अर्को पाटो स्तरीयता हो । गीत लोकप्रिय भएर पनि स्तरीय भएन भने त्यसको लोकप्रियता अल्पायुको हुन्छ । गीतभित्रको सन्देश र तदनुरूपको सङ्गीत संयोजनले गीतलाई स्तरीय बनाउँछ । सरल शब्दहरू, कर्णप्रिय सङ्गीत र सशक्त सन्देशको त्रिकोणात्मक सम्बन्धभित्रबाट गीतको सौन्दर्य प्रकट हुन्छ । गीतको सौन्दर्यभित्र स्तरीयता र लोकप्रियताको सन्तुलन छिपेको हुन्छ । स्तरीयतामा सशक्त सन्देश अन्तरनिहित हुन्छ । गीतको सन्देश त्यतिबेला सशक्त बन्छ जब त्यसले समकालीन युगको सबभन्दा शक्तिशाली र विकासशील वर्गको दृष्टिकोण बोक्दछ । यस अर्थमा वर्गीय पक्षधरता कुनै पनि सिर्जनालाई स्तरीय बनाउने पहिलो आधार हो ।

गीतले सम्प्रेषण गर्ने सन्देशले वर्गीय पक्षधरतालाई निर्धारित गर्दछ । वर्गीय समाजमा गीतको चरित्र वर्गीय नै हुन्छ । गीतमात्र हैन, सङ्गीतको चरित्रसमेत वर्गीय हुन्छ । तर सङ्गीत अत्यन्तै सूक्ष्म प्रकृतिको हुने हुनाले सङ्गीतको वर्गीय पक्षधरतालाई बुझ्न कठिन हुन्छ । हरेक कुरा एउटा वर्गका लागि लोकप्रिय र स्तरीय हुन्छ भने त्यो अर्को विरोधी वर्गका लागि ठिक उल्टो हुन्छ । गीतसङ्गीतको सन्दर्भमा पनि यही कुरा सत्य हो । गीतको लोकप्रियता र स्तरीयताको चर्चा गर्दा सर्वप्रथम त्यसको वर्गीय पक्षधरतालाई ख्याल गर्नु जरूरी हुन्छ । गीतको लोकप्रियता र स्तरीयता वर्गसापेक्ष हुने हुनाले पुँजीपति वर्गको लागि जुन गीत प्रिय हुन्छ, सर्वहारा वर्गका लागि त्यो घृणास्पद हुन जान्छ । क्रान्तिकारीहरूका लागि जुन गीतहरू मिठा लाग्छन्, ती गीत संशोधनवादी र प्रतिक्रियावादीहरूका लागि बेस्वादका र तिता लाग्छन् । गीत कुन वर्गका लागि भन्ने कुरा प्रस्ट भएपछि मात्र कुनै पनि गीतको परिकल्पना, विम्ब प्रयोग, प्रतीक सिर्जना, अनि तदनुरूपका शब्द चयन, सङ्गीत संयोजन र रस निर्धारणको निम्ति बाटो खुला हुन्छ । यसर्थ, वर्गीय सचेतता कुनै पनि गीत/सङ्गीतको स्तरीयताका लागि प्राथमिक महत्त्वको कुरा हो ।

उच्च कलात्मक प्रतिभा, घनीभूत अध्ययन र दृढ वर्गीय प्रतिबद्धता राम्रा सिर्जना उम्रने र हुर्कने महत्त्वपूर्ण आधारभूमि हुन् । यस्तो आधारभूमि भएका स्रस्टा तथा कलाकारहरूबाट मात्र सुन्दर गीत सङ्गीतको सिर्जना सम्भव हुन्छ । कलात्मक प्रतिभाले कला सिर्जनाका निम्ति उच्च प्रकारको उठान भर्छ । अध्ययन, अनुसन्धानबाट त्यसको सम्प्रेषणका निम्ति सरल र विस्वस्त बाटो तथा तरिका पत्ता लाग्छ । त्यसैगरी वर्गीय प्रतिबद्धताले सृजना र कलाकारितालाई ठिक दिशामा अघि बढाउन सम्भव बनाउँछ । यो तथ्य रचनाकार, सङ्गीतकार, गायक तथा कलाकार सबैका लागि समान रूपमा लागु हुन्छ । यसरी कलात्मक प्रतिभा, यथोचित अध्ययन र दृढ वर्गीय प्रतिबद्धताको समुचित सन्तुलनबाट नै राम्रा गीत/सङ्गीतहरू बन्दछन् । यस्ता सुन्दर गीत तयार गर्न स्रष्टा तथा कलाकारको अनवरत साधना एवं प्रयत्न पनि उत्तिकै अपरिहार्य छ ।

# यस्तो होस् कविता



चन्द्रप्रसाद न्यौपाने

तिर्खाएको कुबेला पनि छु पढिरहूँ हुन्छ पानी पिएँ यो
गर्मीको हप्हपीमा सरर सिरिरिले छुन्छ हावा लिएँ यो
ठान्ने मेरै कथा हो अझअझ बचुँला ! बाँच्नुको आस जस्तो
पढ्दापढ्दै भुलेको कवि छ कि कविता लास नै सास जस्तो

ढुङ्गा जस्तो न सारो न अलिकति कतै झोल बग्दो गिलो छ
आहा ! कस्तो मिठो यो नुनसँग अमिलो ठिक्क मिल्दो पिरो छ
कृष्णाको साग त्यान्द्रोसरि जति पनि हुन् खानलाई तयारी
सुँघ्दैमा ढ्याउ आई अमनचयनको दिव्य सन्तोष भारी

निर्माता बन्नलाई अघिअघि म बढूँ दिव्य नौला विकास
गाली गिल्ला न ता होस् अनवरत पढूँ मिल्छ मात्रै मिठास
सामग्री पाठ्य यस्तो वरपर पनि होस् भन्न थालोस् कथाले
आजै लेख्ने छु यस्तै म पनि त कविता जुर्मुराओस् मजाले

खोजी सन्धानमा होस् जति पनि छ यहीँ उब्जनी रोजगारी
जित्ने होस् साँधकिल्ला परिचय शिरको उठ्नसक्ने नहारी
नौला नौला कलाले नवनव प्रतिभा बन्नसक्ने उमङ्ग
तान्दै छन् वाक्य सारा अलिकति न कतै भङ्ग मात्रै छ ढङ्ग

भोकाएको कथामा अनज र फलका रासका रास ढुक्क
लोलाएको व्यथामा अमृत छ पिउँदै उठ्न सक्ने जुरुक्क
यस्तो जीवन्तता होस् प्रिय कविवरको सिर्जना जान्न घाट
दौडेको काव्यसाथै छु अमरपथमा बाँच्नुको अर्थसाथ ।



# अन्धकारका जन्ती

**रामेश्वर राउत 'मातृदास'**

परिवेश : सृष्टिको शिर शिखरचुम्बी हिमालहरू शालीन र झुल्के घामको मुहार मुस्कुराइरहेका देखिन्छन् । हरिलाभरिला पहाडहरू आँट र उत्साह बोकेर चारैप्रहर अपलक उभिरहेका छन् । निरन्तर निर्झर निर्झरिणी झरनाहरू हरपल छङछङाउँदै रसामृतका धारा बाँडेर बगिराखेका छन् । सृष्टि झलमलाउँदै यत्रतत्र सर्वत्र उज्यालो भैसक्ता समेत कहिल्यै नबिम्झेको बस्तीलाई बिम्झाउन वनबुट्यान र आकाशमा पखेटा फटफटाएर पन्छीहरूले चेतना र जागरणको धुन बजाइराखेका हुन्छन् ।

पात्रहरू : गजवीर, युद्धवीर, जसवीर, पहलमान, भीमसेन, अमोघदेव, कर्मवीर, समरजङ्ग, शिरध्वज, चेतकुमारी, कर्मवीर, सूत्रधार र फुक्यौली ।

जेजे हाम्ले पाएका छौँ जीवन जगत् सारा
सहिदको रगत हुन् पसिनाका धारा

सत्ता शक्ति सम्पत्तिको दम्भ देखाउने
सर्वनाशी तुच्छ सोच हो अस्तु मेटाउने

जनता र देश नै हुन् अमर ध्रुवतारा
सहिदको रगत र पसिनाका धारा

जनमनको हृदय होस् आशावरी धुन
सहिद नै हुन् हरेक युगका घाम अनि जून

सुन्नु छैन जिम्दाजन हो दम्भ दुर्भाव नारा
सहिदको रगत हुन् पसिनाका धारा
जेजे हाम्ले पाएका छौँ...

**गजवीर :** एऽ युद्धवीर हो, कान खोलेर सुन यो गीतको भाव र भावना । राम्ररी मनन गर गीतको मर्म ! सुनिराखेका छौ कि कान अन्तै डुलिराखेको छ ?

**युद्धवीर :** कति सुन्नु, सुन्दा सुन्दै शून्यमै बिलाउन आँटिसकियो । जति सुने पनि भन्नेहरूले जेजे भने पनि यथार्थमा केही नहुँदो रहेछ गजवीर, केही लछारपाटो नलाग्दोरहेछ । मेरो त मुखै छुच्चो छ, आँखाले देखेको र व्यवहारमा बुझेको यथार्थता जे छ त्यही बोल्नुपर्छ भन्ने मेरो मान्यता छ । चिप्लो घसेर झुठको आसनमा बस्ने रहर पटक्कै छैन मलाई ।

**जसवीर :** ठिक हो जसवीर ! मेरो मनको कुरा पनि छर्लङ्ग खोलेर बोलिदियौ तिमीले ! हामीहरूले केवल सुन्यौँ र मात्रै बोल्यौँ । यही बोल्ने र सुन्ने मात्रै भयो हाम्रो खेती–पाती–उद्योग–धन्दा र कलकारखाना ! यही बोल्ने, सुन्ने र यसैका भरमा 'बाटो न घाटो दगुर्छ लाटो' भएकाले हाम्रा हजारौँ जमामर्दहरूले अकालमै आफ्नो अमूल्य जीवन खोलोबाढीमा बगाए । हाम्रो जीवन र जगत् सधैँ बालुवा भयो र उजाड बगर मात्रै बन्यो । हाम्रा बहुमूल्य भण्डारमा झुठ र फट्याइँले भकारी बाँध्यो र ढुकुटी बनायो । हामी लाटाबुङ्गाहरू तिनै बतुरेहरूका लागि आवश्यक परेजति सिन्की र सेकुवा भयौँ । सिन्की र सेकुवा !

**युद्धवीर :** क्यावात जसवीर, क्याबात ! बल्ल तिम्रा घैँटामा घाम पसेछन् । यो घामलाई घैँटाको बिर्को खोलेर हाम्रा प्रत्येक अन्धकार भैराखेका कोठाहरूमा पनि बाँडिदिनु अनिवार्य छ । आफ्नो मनमा भएको घामलाई आफैँभित्र मात्र राख्ने भुलको शूलले गर्दा हामी र हाम्रो सिङ्गै बस्ती सधैँ अन्धकारको जन्ती भैराखेको छ । उप्रान्त, हामी र हाम्रा पूर्वजहरू जेजस्तो भए पनि हाम्रा भावी सन्ततिहरूलाई अन्धकारका जन्ती र मलामी मात्र भैराख्ने र बनाइराख्ने यी धूर्त र कपटी कारखानाहरूको कुनै औचित्य छैन यो जिम्दो मानव समाजका लागि ! अरूलाई भन्ने र आफैँ मात्र बन्ने बेइमान मलसाँप्राहरूको गुँडलाई नै रूङेर बसिरह्यौँ र राम्रा सन्तानहरूलाई समेत यस्तै बाढीमा हुत्यायौँ भने यो मानव चोलाको कुनै औचित्य देख्तिन म !

**पहलमान :** हैन, के हो यो ? आज त सबका सबले चेतना र जागरणको अमृत नै खाएर आए जस्तो पो भैराखेको छ त ! यथार्थमा यो हो नि त

मानव चेतना र जागरणको धुन ! हामीहरू स्वयम् बिम्भेनौँ भने हाम्रो यात्रा जहाँको त्यहीँ हुन्छ । चपाइएका अनुहार बोकेर हामी सधैँभरि निरीह भैरह्यौँ भने अरूले हैन हाम्रो अन्यायी र अन्धकार अत्याचारी हामीहरू आफैँ हुन्छौँ । के छैन हामीहरूमा ? सृष्टिकै सर्वगुणसम्पन्न देव भाषा हामीहरूले पाएका छौँ । अहो, हाम्रो भूगोल ! सृष्टिको शिरमा जन्मने सौभाग्य हामीहरूले पाएका छौँ । असङ्ख्य यिनै सृष्टिको शिर हिमालयहरूबाट निरन्तर प्रवाहशील भैरहने अमृत जल यसै बरबाद भैराखेका छन् । हामी, हामी लाटाकोसेरा, हामी केवल लाटाकोसेरा ! चेतना र जागरणका ढोका बन्द गरेर हामी अन्धकारकै जन्ती भैरहेसम्म, हामी कतै पुग्दैनौँ, केही हुँदैन, केही हुँदैनौँ ! कठै यो अमूल्य मानव चोला ! हाम्रा पूर्वजहरू पनि केवल अत्याचारको भरिया भए ! आज हाम्रो सिङ्गो समय र समाजलाई यही हृदयहीन अन्धकारले सोत्तर बनाइराखेको कारूणिक कौरवीय अन्यायलाई हामीहरू जिम्दा लासझैँ टुलुटुलु हेरेर बस्न बाध्य र विवश बनाइएका छौँ । आखिर कहिलेसम्म ! यो हुँदैन, हुँदै हुँदैन ! खै हाम्रो जीवनको मूल्य ? खै हाम्रो गति ? के यो मानव जुनीको महत्त्व सामान्य पशुपन्छीको जति पनि छैन ? साथी हो, खाने र मर्ने मात्र जीवन हो भने पशु र हाम्रो चोलामा के फरक ?

**भीमसेन :** धैर्य गर धैर्य ! शालीन र शान्त भएर आफ्ना भावनाहरू राखौँ । हुन त नामै भीमसेन भएकाले यी सबै अन्धकार अत्याचारलाई धुलोपिठो बनाउन मैले नै गदा बजार्नुपर्ने हो । सकेसम्म हतियार उठाएर धरती मातालाई प्रताडित पार्ने मेरो एकरत्ती पनि सोच छैन । तर अन्धकार अत्याचारले आफ्नो मूर्खतालाई मत्थर गरेन भने अन्तिम अस्त्र चलाउनैपर्ने बाध्यता मलाई पनि छ । आखिर म पनि यही समाजको एउटा कण हुँ, एउटा कण ! भूगोल र भाषामाथि भैराखेको विवेकहीन, मूर्खतापूर्ण अन्यायलाई हामीहरू कुनै पनि हालतमा ' मौनम् स्वीकृति लक्षणम्' गर्न सक्दैनौँ र गर्न हुन्न । अन्याय नगर्ने र अन्यायलाई कहिल्यै पनि नसहने हाम्रो जन्मजात गुण र स्वभाव हो पहलमान, गुण र स्वभाव हो । जीवनका प्रत्येक पाइला र हाम्रा रगतका हरेक बुँदमा सत्य, धर्म, न्याय र विवेक बाँचिरहेको छ र यो महानतम् गुण र क्षमतालाई हामीहरूले हरपल बचाएर राख्नैपर्दछ ।

**अमोघदेव :** यो पनि उही सुन्ने र सुनाउने नै भयो । आजको आवश्यकता, भोलिको बाटो र वर्तमानको अन्धकारलाई उज्यालो बनाउने मार्ग प्रशस्त गर्नु हो । हामी सधैँ बतुरेहरूका धतुरे कुराको अलमलोमा बस्न सक्दैनौँ, अब ! भनौँ त यो संसार सबैको साझा घर हो । सुख, शान्ति र आनन्दको जीवन जिउने चाहना यो पृथ्वीमा आएका हरेक मान्छेमा हुन्छ । दुर्भाग्य, तर हामीहरू भने आज पनि माग्नेको कमण्डलु बनाइएका छौँ । ठिक छ, हामीहरू पनि झिँगाको चित्त जस्तो दरिद्र चित्त राख्दैनौँ । यो संसारमा भएका सबै बार बन्धनहरू हटाएर सिङ्गै पृथ्वीलाई एउटै राष्ट्र बनाउन विश्व मानवसमाज तम्तयार छ भने, यसका लागि हामीहरू पनि काँधमा काँध र साथमा सहयोगी बन्न तत्पर छौँ । तर सबैले आआफ्नो देशको सिमानालाई यथावत् राख्ने र हाम्रो मात्रै अस्तित्व र महत्त्वलाई क्रमशः समाप्त पार्ने विषाक्त दुष्प्रयास कहीँ कतैबाट हुन्छ भने यो विषको भारीलाई हामी र हाम्रो युगले कुनैपनि हालतमा सहँदैन र स्वीकार गर्दैन । हाम्रो समय र हाम्रो समाज उप्रान्त यही महानताको यात्रामा गतिशील र प्रतिबद्ध भैरहने छ साथी हो, प्रतिबद्ध !

**सूत्रधार :** धरतीको आगमन र उपस्थितिको आवश्यकता मात्र हैन अनिवार्यता भयो ! चेतकुमारी ! किन मौन ? हृदयले ठम्याएको तथ्य र सत्य खोल्न र बोल्न समयले आव्हान गरेको छ ।

**चेतकुमारी :** धन्य होस् तर 'बोलबोल मछली मुखभरि पानी' भैराखेको समय छ । हाम्रो बोली त खोलाको गीत जस्तै न हो । सूत्रधार, बोलीको महत्त्व र महानता विशिष्ट हुन्छ । गोलीभन्दा सर्वाधिक शक्तिशाली र कालजयी हुन्छ बोली । हामीले बोलेको बोली कहिल्यै पनि निष्प्रयोजित नहुने गरी सत्त्व र तत्त्वबोध गर्ने र गराउने धरातलमा उभिएर मात्र बोल्नु अनिवार्य छ । मिथ्या बोलीले वक्ताकै सर्वनाश हुन्छ भन्ने शास्त्रको उक्तिलाई म सधैँ नमन गर्दछु सूत्रधार, हरपल नमन !

**सूत्रधार :** उसोभए के नबोलेर दिग्विजयी भइन्छ त ?

**चेतकुमारी :** सूत्रधार, सृष्टिलाई बोली हैन, कर्मको जरूरी र अनिवार्यता छ । विशाल आकाश कहिल्यै बोल्दैन तर शक्तिको सर्वस्व आकाशसँगै छ ।

**सूत्रधार :** हाऽ हाऽ हाऽ ! के छ त्यो शून्य आकाशमा ? म त त्यस्तो केही देख्तिनँ !

**चेतकुमारी :** रित्तो मनले सबैलाई शून्य देख्छ ! सूत्रधार, आकाशमा के छैन ! यो चराचर जगत्लाई प्रकाशपुञ्ज बनाउने जून र घाम आकाशकै पोल्टामा छन् । गणितको सङ्ख्याले गन्न र भन्न नसकिने ताराहरू आकाशकै आँगन वरिपरि नाच्छन् । हामीहरू सबैका प्राणवायुका अधिपति आकाश नै हुन् । भनौँ त धरतीको सम्पूर्ण शान र सौभाग्य नै आकाश हुन् ! यो महानता नदेख्ने आँखालाई खै म के आँखा...!

**सूत्रधार :** अहो ! 'कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि' भनेको यही रहेछ ! चेतकुमारी मेरा चेतनाका बन्द भएका ढोका बल्ल अलिकता खुले ।

**फुक्यौँली :** यस्तै अलिकति मात्र खोल्नाले नै हाम्रो गति र मती सधैँ यथास्थितिमा भैराख्नुपरेको हो । सूत्रधार, डँढेलो लागेको वन जस्तो छ डँढेलो लागेको मन जस्तो ! के हामी र हाम्रो देशको भाग्य र भविष्य निर्माता वनका बाघ-भालुहरू हुन् ?

**सूत्रधार :** फुक्यौँली ! यी भावना सबैको समान र साझा ठान्छु म । हामी र हाम्रो भाग्य र भविष्यको निर्माता हामीहरू नै हौँ । तर हामी हरेक युगमा अवरूद्ध छौँ । हाम्रो त्याग, तपस्या र बलिदान बन्धक भएको किन ? किन हाम्रो गतिशील यात्रामा ताल्चा लागेझैँ भैराखेको छ ? के हाम्रो शरीरमा बग्ने रगत सकिएकै हो त ? फुक्यौँली, हामी र हाम्रो समाजका हरेक अङ्गहरूमा सर्वत्र प्रश्नैप्रश्नहरूले लखेटिराखेका छन्, दपेटिराखेको पाइन्छ । (कर्मवीरको प्रवेश हुन्छ)

**कर्मवीर :** दर्शकवृन्द ! यहाँहरूले जीवन र जगत्का सबै उकाली ओरालीहरूको यात्रा गरिसक्नु भएको छ । हामी कहाँ थियौँ, के भयौँ मैले केही बताउनै पर्दैन । हामीहरूले आँधीको घोडा चढ्यौँ, आँधीले नै बेपत्ता बनायो ! अन्धकारका जन्ती भएर चेतना र विवेकका ढोका बसौँ बन्द भए । हाम्रो उमेर, हाम्रो आयु हाम्रो जोस-जाँगर र शरीरमा भएको ताकत सधैँ अर्काकै लागि भयो । आज हामी हाम्रै देशभित्र भएर पनि वैरी मूलको बाढीमा भौँतारिरहेझैँ भैराखेका छौँ । गजवीर, युद्धवीर, पहलमान, भीमसेन, अमोघदेव, चेतकुमारीहरू हामी एकमुष्ट सम्पूर्ण नागरिकहरू चेतना र विवेकको ढोका खोलेर बिम्झनु अनिवार्य छ । हामी नबिम्झनु भनेको आफूले आफैँमाथि मात्र नभएर हामीपछि आउने भावी भविष्यका सन्ततिहरूमाथि समेत घनघोर अन्याय मात्र हैन सूत्रधार अत्याचार हुन्छ, अत्याचार ! यो अन्धकार अत्याचारको

भरिया बन्न आएका हैनौँ हामी जन्मभूमिको महानतालाई हामीहरूले नै बचाउनु र बनाउनु अनिवार्य छ । हामी हुतिहारा, काँतर र पानीमरूवाका सन्तान हैनौँ । यो सृष्टिमा हाम्रो बेग्लै र विशिष्ट अस्तित्व र महत्त्व थियो । दुर्भाग्य, यो महानतामाथि आज निस्पट्ट कालो ग्रहण लागेको छ । यो अन्धकार अत्याचारको एक मात्र कालो ग्रहण लागेको छ । यो अन्धकार अत्याचारको एक मात्र उपाय र उपचार भनेको चेतना र जागरणको ज्योति नै हो, जागरणको ज्योति-ज्योति-ज्योति र महाज्योति ! (दर्शकहरूबाट एकमुष्ट तालीको पर्रा छुट्छ) । दर्शक कक्षमा उत्साहको घाम झुल्केझैँ अनुभूत हुन्छ ।

**सूत्रधार :** महानुभावहरू, उहाँहरूको हृदयमा आशा र उत्साहको घाम-जून झुल्केको अनुभूत भएको छ ! मानव हुनु र मानव जुनीको स्वाद र मजा नै यही छ । हामी आफ्ना भुल र गल्तीहरूबाट समेत पाठ सिकेर सुध्रिने र सप्रिने बाटो खोज्छौँ । कर्मवीर र चेतकुमारीको शिखर अनुभूतिले यो समयले झकझक्याएको छ ।

**फुर्क्यौली** : सूत्रधार ! मलाई त एउटा गीत गाएर नाचौँ नाचौँ पो लाग्यो त ! के म एउटा गीत गाउन सक्छु ? ल गाएँ है त ?

मनको मान्छे हृदयमा मुस्कुराउँदा घाम
जहाँ टेक्यो त्यहीँ बन्छ जीवनको धाम

शब्द मिठो भाव पङ्क्ति सिलसिलेवार गीत
मनको मान्छे संवाद गर्दा हुन्छ सधैँ जित
शिर पाउ हरेक अङ्ग पल्लवित छन् काम
मनको मान्छे हृदयमा मुस्कुराउँदा घाम

बाँसुरीमा धुन बज्छ हृदयमा ताल
शक्तिसार एक बन्दा छिन्छन् सबै जाल
मनको मान्छे हृदयमा मुस्कुराउँदा घाम
जहाँ टेक्यो त्यहीँ बन्छ....

**युद्धवीर :** अहा ! 'क्याबात फुर्क्यौली, क्याबात ! समय र समाजका लागि यस्तै शक्ति र ताकतमय ऊर्जायुक्त भावनको अनिवार्यता छ । फुर्क्यौली, निराशाको सुस्केरा हैन आशा र उत्साहको बाँसुरी बजाएर नै हामीहरूले हाम्रो जीवन र समाजलाई समुन्नत बाटोमा अगाडि बढाउन सक्छौँ ।

**सूत्रधार :** आजका नाटकका पात्रहरूले खेलेको भूमिका र बोलेको संवाद साँच्चै सबैका लागि प्रेरणादायी छ । भनौँ त हामीहरू जो जति यस पृथ्वीमा आएका छौँ, सबैजना केही दिनका पात्र र पाहुना मात्र हौँ दर्शकबृन्द हो ! हामीहरू सबैको भूमिकाले सबैको भलो र कल्याण हुनै पर्दछ । जीवन र जगत्को अस्तित्वसँग हामी सबै जना जोडिएका छौँ । हामी भिन्नै हैनौँ, बेग्लै छैनौँ युद्धवीर, सिङ्गै पृथ्वी र पूरै आकाशसँग हाम्रो सम्बन्ध सधैँ घनिष्ठ र अभिन्न छ । संसाररूपी मानव समाजलाई पनि यो शिवसाधना र बुद्धभूमिले कृष्णको बाँसुरी बजाउनु अनिवार्य छ ।

**चेतकुमारी :** दर्शक महानुभावहरू ! हामीहरू सबैजना नाटककै पात्रहरू हौँ, मात्र भूमिकामा फरक छौँ । हामीहरू सबैको जीवन सौभाग्यशाली, दुर्लभ र अमर फूल हो । यो फूलको महत्त्व र महानताका माली हामीहरू नै हौँ । हामीहरू हुर्केको, बढेको, फुलेको र फलेको यो सृष्टिको देवदुर्लभ फूलबारी र हामी यही बगैँचाका फूलहरूले आज हाम्रै ओठको हाँसो र खुसीलाई क्रमशः विस्थापित गरिराखेका छौँ । हामी सम्पूर्ण शूर, वीर, धीर, आधार, सूत्रधारहरू एकताको मियोमा उठेर हाम्रो महानतालाई जीवन्त राख्न हामीहरू नै लाग्नु, जाग्नु र विम्फनु अनिवार्य देखिरहेकी छु म, अनिवार्य ! बाँकी जो जे छ, समयको जिम्मा ! समयको समयको समयको ‼

**जसवीर :** पासो थापी यात्रापथमा पाइला नापी–नापी
बैगुनीले गुन खान्छ पासो थापी–थापी
बैँस गयो जवानीको काँस फुले सेतो
आफ्नै उमेर पछयाई–पछ्याई खन्न थाले खेदो
तमासे भै खाओ अब मेरो आँसु भोज भनेर

सातै सागर मेरो आँसु रोएँ कति कति
हाँस्न सक्छु पीडामाथि देओ भएजति
फूलहरू मलाई हेरी हाँस सधैँ मुसुमुसु

उकाली हुन् मेरा लागि ओराली छन् सम्मै
तिम्रै पोल्टाभरि बसोस् मेरो प्रीत जम्मै
काँडाहरू साथी भए मेरा लागि आशावरी धुन ।

मनमोहक मधुर धुनमा बजिरहेको गीतलाई सम्मान गर्दै उपस्थित सम्पूर्ण दर्शकहरूले करतल ध्वनि दिन्छन् । (पर्दा सर्दै जान्छ) । दर्शकहरू आँट र उत्साह बोकेर क्रमशः नाटक हलबाट निक्लँदै जान्छन् ।

–रारामा वशिष्ठधाम, निर्झर दिलचेत, सिन्धुबस्ती
निवर्तमान अध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज, ने.वि.प्रा.

# अनुराग



**विमल भौकाजी**

तस्बिर छ एउटा
साथमा मेरो ।

नखोज तस्बिरको कुनै आकृति
नसोध मलाई तस्बिरको रङ

आश्चर्यचकित हुनेछौ तिमी
जब
जति नियालेर हेरे पनि
केही भेट्ने छैनौ तस्बिरमा

हो, शून्य
एकदम शून्य छ तस्बिर

तस्बिर
जो साथमा छ मेरो
तस्बिरमा जोडिएका छन्
मेरो मन
मेरो संवेग
मेरो प्रेम
मेरो संवेदना

तिमी मुटु नभएको मान्छे,
के भेट्छौ र यो तस्बिरमा !



# केशवती दलित

अभय श्रेष्ठ

केशवती दलित !
तिम्रो धमिलो जीवनरेखालाई फेर्ने
भाग्य–विधाता तिमी आफैँ हौ ।

एउटी 'अछुत' प्रेमिकाको भाग्य फेर्न
थिङ्गाको रूखझैँ
एक्लै उभिएर पनि
गायौ तिमीले प्यारको सुमधुर गीत ।

केशवती दलित !
तिम्रो प्यारको गीतलाई कसैले
बैँसको दावानल भन्यो
कसैले बर्खाको बाढी भन्यो ।

तिम्रो प्यारको अमृतकुण्डमा
डुबुल्की मारिरहेको सवर्ण प्रेमीले नै
लत छाड्यो
'शिशुले गर्भमा दिएको वचन'जस्तै वाचा भुल्यो
तर, एक कर्मयोगीले झैँ
सुक्न दिइनौ
तिमीले प्यारको अमृतकुण्ड ।

केशवती दलित !
एक कर्मयोगीले झैँ आत्मामा बलिरहेको
दीपलाई सधैँ तिमीले अखण्ड राख्यौ ।

तर, तिम्रै सवर्ण प्रेमीको इसारामा
हान्यो परदेशी रामले तिम्रो प्रेमको नाभिमा अग्निवाण ।

केशवती दलित !
जाली कृष्णले झैँ जाली पत्र दिएर
प्रेमको यस पवित्र भूमिमा
बुख्याँचाहरूले जिउँदै जलाए तिमीलाई ।

त्यसो हुनु भनेको
महान् प्रेमको रथ कतै भासिनु थियो
मनको बाँध भत्किएझैँ जीवनको गति नासिनु थियो ।

केशवती प्रेयसी !
यहाँ सबले गाउन पाउनुपर्छ
निष्पाप प्रेमको उन्मुक्त गीत
सकियो अब बगेरै सकिने बाढी जस्तो
समर्पणको कथा
मृत्युवेदीमा होमिएका योद्धाहरूझैँ उठ
देखाऊ आफ्नो हृदयमा खोपिएको
प्रेमको पवित्र निलडाम
प्रेम त हरेक प्राणीको स्वभाव हो
यहाँ प्रेमका हरेक लक्ष्मणरेखाहरू मेटिनुपर्छ
पर्खालहरू भत्किनुपर्छ
मनको तार जोडिने हरेक जोडीले
प्रेमको सरोवरमा बेहिसाब पौडन पाउनुपर्छ
तिम्रा बेहिसाब आँसुले नै आगो सल्काऊ
बौरेर एक दिन त्यही आगोले जलाउनेछ यहाँ धेरै कुरा
जसले रूखको ठुटाझैँ जलाएको थियो पवित्र प्रेमलाई ।

केशवती दलित !
यो घाम, यो आकाश
यो जमिन र यो हावालाई साक्षी राखेर भन्छु,
तिम्रै प्रेमको बलिदानले
सिँचिनेछ यहाँ उदात्त र निष्पाप प्रेमको मरूद्यान
एक प्रवीण वैज्ञानिकझैँ
वञ्चितहरू आफ्नै लागि
बनाइरहेका हुनेछन् हतियार ।

केशवती दलित !
तिम्रै नाममा एकपल्ट फेरि हुनेछ यहाँ
चेतनाको पुनर्जागरण ।



# माघ र धार्मिक पर्व

शीतल गिरी

'बलियो बाङ्गा बाघलाई बुढाखाडा माघलाई' भन्ने उखान नेपाल जस्तो ठन्डा मौसममा गनिएको देशको मौसमको अवस्थाको व्यावहारिकतालाई अनुभूत गरेर बनेको हो । हुन पनि माघ महिनामा माघे झरी परेको देखेका छौँ, सात दिनसम्म लगातार परेको अनुभव मैले पनि साँचेको छु, अहिले यस्तो झरी कम पर्न थालेको छ तथापि पुस–माघतिर अलि राम्रै पानी पर्‍यो भने मात्र पनि महाभारत पर्वत शृङ्खलाका अग्ला चुचुराहरूसम्ममा हिउँ पर्न थाल्छ र चिसो सिरेटो चल्न थाल्छ । तर 'माघ महिनामा परेको पानीले गर्मी ल्याउँछ' भन्ने पनि व्यावहारिक सत्य लोकोक्ति छ । जाडो मौसमको ठन्डीको रन्को चैत महिनासम्म रहने हुँदा नेपालीमा अर्को उखान छ, 'चैतको जाडो गोरू बेचेर पाखी किन्ने जाडो' । वास्तवमा चैतसम्मको समय हिमालयको काखमा रहेको नेपाल जस्तो मुलुकमा हिमाली भागमा हिमपातको चरम समय नै हो ।

भूगोल विज्ञानअनुसार माघ वास्तवमा गर्मी यामको आरम्भको समयसूचक महिना भएकाले नेपालमा यस महिनामा नयाँ वर्ष अर्थात् वर्ष चक्रको नयाँ आवृत्तिको आरम्भका उत्सवका अनेक पर्वहरू मनाइएको पाइन्छ । कृषियुगीन जीवनको नयाँ चक्रको आवृत्ति यसै समयदेखि हुन्छ, के हिमाल के तराइ । माघ महिनालाई नयाँ वर्षको आरम्भको रूपमा मनाउने परम्परा वास्तवमा भूगोल विज्ञानको वैज्ञानिकतासित नजिक छ । सौरमण्डलको परिधिलाई पृथ्वीले एक फन्को मार्दा एक वर्ष बितेको हुन्छ । यसपछि मौसमका गर्मी, बर्सात्, जाडो आदि यामहरू क्रमैसित दोहोरिन थाल्छन् । यस समयसारिणीको जुनसुकै विन्दुलाई नयाँ वर्षको आरम्भबिन्दु माने पनि हुन्छ । प्रागैतिहासिक कालमा पृथ्वीले सौरमण्डलको परिधिको परिक्रमा गर्ने प्रक्रिया र दिनहरू राम्रोसित ठिकठिक गणना गर्न नजानेको बेलादेखि, अझ पृथ्वीले सूर्यको परिक्रमा गर्छ भन्ने हेक्का नभएको समयदेखि नै मानिसले मौसम परिवर्तनको चक्रलाई दृष्टिगत गरी वर्ष परिवर्तनको हिसाब राख्न जानिसकेको थियो । कृषि युगमा आइपुग्दासम्म त मानिसलाई

यसको राम्रो हेक्का भइसकेको थियो र मौसमअनुसार खेती गर्न जानिसकेको थियो । प्रागैतिहासिक कालमा मानिसले दिन, महिना र वर्ष गन्ती गर्न चन्द्रमालाई हेरेर जानेका हुन् ।

चान्द्र गणनापद्धतिभन्दा सौर गणनापद्धति बढी स्थिर र सटीक छ तथापि चान्द्र गणनापद्धति पनि अवैज्ञानिकचाहिँ होइन । नेपालमा प्रचलित धार्मिक तिथि गणनाचाहिँ चान्द्रमास पद्धति हो जसले एकादशी, चतुर्दशी, औँसीजस्ता दिनहरू बताउँछ भने गते गणनाचाहिँ सौरगणना पद्धतिमा आधारित छ ।

यी दुवै वैज्ञानिक पद्दतिबाट वर्षचक्रको गणना गर्न खगोल विद्या जान्ने मान्छे नै चाहिन्छ अथवा उनीहरूले तयार पारिदिएको पात्रो चाहिन्छ । कुनै जाति वा समुदायले आफ्नो वरपर रहेका बोटबिरूवामा लाग्ने पालुवा, मञ्जरी, फल वा फुल्ने फूल अथवा आफ्नो आकाशमा देखिने चरा अथवा आफ्नो वरिपरिका जीवजन्तुका क्रियाकलाप इत्यादिको आधारमा मौसम, कृषिकर्म र वर्ष आदिको जानकारी राख्ने गरेको प्राचीन लौकिक परम्परा अझै विद्यमान पाइन्छ । वैज्ञानिक गणनाको उति हेक्का नभएको प्रागैतिहासिक समयमा नयाँ वर्ष भनेको बहुधा पारिलो घाम लाग्ने र पालुवा लाग्ने रमाइलो वासन्तिक याम नै हो । त्यसैले ज्यानै खाने कठ्याङ्ग्रिदो जाडो मौसम सकिएर नयाँ न्यानो मौसमको थालनी भएको समयलाई नै नयाँ जीवनदायी समयको रूपमा नयाँ बर्ष वा याम मान्ने चलन रहेको थियो । यस्तो चलनबाट के बुझिन्छ भने मानिसहरूले हिउँद काटेपछि बाँचियो भन्ने अनुभव गर्दथे । हिउँदमा जीवन धान्न कति मुस्किल थियो भन्ने कुराको अर्को उदाहरण हो– यतिखेर हुने खाद्यान्नको अभाव । कमिला, माहुरी, मुसाजस्ता जनावरले मात्र होइन प्राचीन सभ्य मानिस या कृषियुगीन मानिसले पनि हिउँदको लागि भनेर खाद्यान्न जोगाड गर्ने गर्थे । 'नेवार' समुदायमा हिउँद सुरू हुनुभन्दा अघि नै 'काटेको पोको' भन्ने मनसायको नाम नै राखिएको 'स्याःको त्याःको' भन्ने पर्व पाइन्छ । यसको अर्थ के हो भने काठमाडौँ उपत्यका जस्तो ठाउँमा समेत हिंउदमा घरपालुवा जनावरहरू जोगाउन गाह्रो हुन्थ्यो, चिसो र खाद्यान्नको अभावका कारण । त्यसैको बिउको लागि आफूले सम्हाल्न सकिने जति जीवजन्तु बाँकी राखी मध्य हिउँद आउनुअघि नै दसैँको महान् चाडमै यो पर्व मनाई मासु खाने चलन चल्यो । खाद्यान्नको कमीको कारण बागलुङ–म्याग्दी क्षेत्रका लेकाली भेगतिर मगर, थकाली र छन्तेल जातिमा आखेट खेल्ने चलन थियो । धनुकाँड भिरेर आखेटको लागि निक्लने यो चलन त्यस भेगमा अहिले लोप भइसकेको छ । पहिला हिउँदमा न्यानोका लागि मृग आदि हिमाली जनावर

दक्षिणतिर झर्ने र आफूसित पनि अन्नको कमी भइसक्ने साथै यस समयमा त्यस क्षेत्रमा खेतीको काम पनि नहुने हुँदा खानाको लागि आखेटको चलन रहेको हो । हिमाली भेगका मानिस हिउँदमा दक्षिणी पाखो झरी व्यापार गरेबाट हिमाली भेगमा हुने अन्नको सङ्कट, चिसोपन र हिउँदमा कृषिबाट हुने फुर्सदको सङ्केत मिल्छ ।

हिउँदलाई प्रागैतिहासिक कालदेखि मानिसले निकै चनाखो भएर भोग गर्दै आएको पाइन्छ । त्यसकारण हिँउद सकिएको सङ्केतलाई नै खुसीयालीको रूपमा लिएर नयाँ जीवन वा वर्षारम्भको रूपमा अनेक पर्वहरू मनाउने गरिएको पाइन्छ । जाडो यामको समाप्तिको सूचक भनेको माघ महिना हो । वैज्ञानिक गणनाअनुसार डिसेम्बर २३/२४ देखि दिन लामो हुन थाल्छ । पृथ्वीमा अब क्रमशः तापक्रम बढ्न थाल्छ । यो हिसाबले त पुस महिनादेखि नै गर्मी मौसमको थालनी हुनुपर्ने हो । तर व्यावहारिक यथार्थता के हो भने पृथ्वी सूर्यबाट टाढा हुने क्रमसँगै चिसिएको वातावरण एक चरम विन्दुमा पुगिसकेको हुने हुँदा पृथ्वी सूर्यको नजिक आउन थाले तापनि एकैचोटि नजिक नपुग्ने कारण चिसिएको वातावरण बिस्तारै तात्न समय लाग्छ । त्यसमा पनि नेपाल हिमालयको फेदीमा रहेको हुँदा पृथ्वी सूर्यबाट टाढिने क्रममा पृथ्वीमा बढ्ने ठन्डापनको मात्रासँगै मूल हिमालय पर्वत श्रृङ्खलामा थुप्रिँदो हिउँको खातको ज्यादतीले गर्दा सो हिउँ कम नहुँदासम्म जाडोको रन्को कम हुँदैन ।

नेपालमा प्रचलित सौर गणनापद्धतिअनुसार माघ १ गते अर्थात् माघेसङ्क्रान्तिका दिन सूर्य उत्तरायण हुन्छ अर्थात् सूर्य उत्तरतिर आउन थाल्छ भनेर मानिएको छ । यसो भन्नुको अर्थ हो सूर्य पृथ्वीको नजिक हुन थाल्छ । तापको वृद्धि हुने महिना हुँदा वैदिक साहित्यमा यस महिनालाई 'तपस' भनिन्छ । त्यस्तै चान्द्र गणनाअनुसार माघ कृष्ण प्रतिपदादेखि माघ महिना लाग्छ र पृथ्वीको नजिक आउन थाल्छ भनेर मानिएको छ । यिनै सौर्य र चान्द्र गणनापद्धतिमा आधारित भएर हिन्दु र बौद्ध धर्मका अनेक धार्मिक पर्वहरू मनाइने गरिएका छन् । चान्द्र गणनाअनुसार हरेक महिनालाई कृष्ण पक्ष र शुक्ल पक्ष गरी दुई भागमा विभाजन गरिएको हुन्छ र हरेक पूर्णिमाको रात चालु महिना सकिएर नयाँ महिना सुरू हुन्छ ।

कृष्ण पक्ष पूर्णिमाको भोलिपल्टदेखि शुक्ल पक्ष हुन्छ, अर्थात् चन्द्रमा अलि अलि गर्दै ठुलो हुँदै देखा पर्न थाल्छ र पूर्णिमाको दिन एक महिना पूरा हुन्छ । त्यसअनुसार माघ महिना भनेको पौष शुक्ल पूर्णिमाको मध्यरात अर्थात् माघ शुक्ल प्रतिपदादेखि

माघ शुक्ल पूर्णिमाको मध्यरातसम्म हुन्छ । तर चान्द्र गणनामा महिनाको दिन गन्ती घटबढ भइरहने हुँदा चान्द्रमासको माघ महिना भनेको सौरमासअन्तर्गतको पुसदेखि फागुनसम्म पर्न सक्छ । यस्तो कसरी हुन्छ भन्ने कुरा खगोलविद् वा गणित ज्योतिषीहरूको विषय हो । सौर र चान्द्र गणनाअनुसार माघ महिनालाई मिसाएर हेर्दा माघ महिना भन्नाले माघेसङ्क्रान्ति वा माघ कृष्ण प्रतिपदा जुन अगाडि पर्छ त्यस दिनदेखि माघ मसान्त वा माघ शुक्ल पूर्णिमामध्ये जुन पछि त्यस दिनसम्मको अवधि ओगटेको पाइन्छ । नेपाल भारतवर्ष र महाचीनजस्ता प्राचीन दुई भिन्न सभ्यता र संस्कृतिका विशाल भूमिमाझमा दुवैका संस्कारहरू आत्मसात गर्दै रहेको सँधियारको मुलुक भएको हुनाले दुवै संस्कृतिको प्रभावमा यहाँको संस्कृतिको निर्माण भएको पाइन्छ । यहाँ अधिकत भारतवर्षको प्रभाव देखिन्छ । यस ठाउँमा अतिप्राचीन वा प्रागैतिहासिक कालमा हिमालपारिबाट अर्थात् महाचीनबाट धेरै थरी मानिस बसाइँ सरेको देखिए तापनि ऐतिहासिक कालदेखि भने भारतबर्षबाट अनेक जातिको आगमन भएको देखिन्छ । यस क्रममा भारतवर्षमा आर्य धर्म विस्तार भएको देखिन्छ । यस क्रममा भारतवर्षमा आर्य धर्मको रूपमा हिन्दु आर्यहरू धेरै मात्रामा नेपाल प्रवेश गरेको पाइन्छ । ऐतिहासिक रूपमा आर्यहरू ठुलो जत्थामा भारतबर्षमा मध्यएसियाबाट अरबको खाडी प्रदेश हुँदै सिन्धुघाटीबाट इ.पू. १५०० देखि १२०० सम्ममा प्रवेश गरेका हुन् । आर्यहरू पनि आफ्नो निकै ज्ञान, सीप र अनुभव लिएर पसेका थिए ।

सिन्धुघाटीको सभ्यताको प्रभाव हालको दक्षिण एसियाभर थियो । सिन्धुघाटीमा पाइएका महादेव र उनको प्रतीक लिङ्ग पूजन सभ्यताका कतिपय पक्ष सकार्दै आर्यहरूले पछि आर्य धर्मको रूपमा हिन्दु धर्मको विकास गरे । आर्यहरू यायावर लडाकु जातिका थिए । दक्षिण एसियामा आएपछि नै यहाँको मलिलो माटो र सिन्धुघाटीको सभ्यताका विशेषताका कारण उनीहरूले यहाँ स्थायी बसोबास गरी कृषि जीवनयापन गर्न थाले । खगोलशास्त्रको ज्ञानको दरो विकास अरब खाडी क्षेत्रमा आर्यहरू हुँदा नै भइसकेको थियो ।

दक्षिण एसियामा आएर कृषिजीवन यापन गर्न थालेपछि आर्यहरूले उहाँको पर्यावरणसित मिल्दा पर्वहरू पनि मनाउन थाले । आर्यहरू सिन्धुघाटीको बाटो प्रवेश गरेपछि सयौँ, हजारौँ वर्ष लगाएर भारतवर्षभरि फैलेका हुन् । वास्तवमा आर्यहरू यायावर लडाकु जाति भएको कारण प्रारम्भिक चरणमा युद्धको बाटो नै यिनीहरूले अपनाए । इ.पू. ७०० सम्ममा दक्षिण एसियाको उत्तरी क्षेत्रका मैदान अर्थात् नेपालको वर्तमान तराइसम्म स्थायी बसोबास गर्ने गरी फैलिसकेका

थिए । यसै क्रममा यिनीहरूले स्थानीय पर्व र कथाहरू निकै देखे र भिजे । धर्मको त्रासको आधारमा ब्राह्मणवादका विकृति पनि क्रमशः बढेको हो र त्यस आधारमा मध्ययुगीन युरोपजस्तै भारतबर्षमा पर्दापछाडि रहेर धर्माधिकारीहरूले राज्य शासनमा पनि बलियो पकड बनाएका थिए । हिन्दुबाहेक बौद्ध धर्मावलम्बीहरूले पनि मूलतः चान्द्र तिथिमा नै आफ्ना पर्वहरू मनाउने गरेको पाइन्छ ।

केही परम्परा महाचीनबाट आएको भए पनि महाचीनका प्राचीन परम्परा पनि चान्द्र गणनापद्धतिमा आधारित भएको हुँदा नेपालमा मनाइने ती परम्परा पनि यहाँकै चान्द्र तिथिअनुसार मनाइने गरिएको पाइन्छ । कृषिमा आधुनिकीकरण नहोउन्जेल हिउँदमा सपाट मैदानमा शीतलहर तथा पहाडमा सिरेटो, तुसारो र हिमपातका कारण पनि खास खेतीपाती हुँदैनथ्यो । नेपाली भाषामा एउटा उखान पनि छ, 'पुस फासफुस' भन्ने । आर्यहरू गङ्गाको मलिलो मैदानसम्म खेतीपाती गर्दै फैलिसकेपछि प्रयागमा मकर मेला धूमधामले मनाइन थालियो । प्रत्येक बाह्र वर्षमा भारतको प्रयागमा मकर मेला वा कुम्भ मेलाको नाममा ठुलो मेला लाग्दछ । त्यसैको नक्कलमा नेपालमा पनि काठमाडौँ उपत्यकाको पूर्वमा रहेको बनेपा उपत्यकाको पनौतीमा पनि बाह्रवर्षे मकर मेला मकर सङ्क्रान्तिका दिनदेखि एक महिनासम्म लाग्छ । प्रत्येक बाह्र वर्षमा सूर्य र चन्द्रमा एउटै राशि मकरमा पर्छ । मकर मेला मकर राशिको नामबाट राखिएको नाम हो भने कुम्भ मेलाचाहिँ कुम्भ राशिको नामबाट राखिएको नाम होइन, कुम्भको अर्थ बाह्र वर्षको समूह पनि हो । त्यसैले अन्य बाह्रवर्से मेलालाई पनि कुम्भ मेला भन्ने गरिएको पाइन्छ । समुद्र मन्थनपछि दानवहरूबाट जोगाएर अमृतको घडा स्वर्ग लाने क्रममा प्रयाग आदि विभिन्न ठाउँहरूमा अडाएको वा ती ठाउँमा अमृत छचल्किएको हुँदा ती पवित्र ठाउँहरूमा मेला लाग्ने गरेको धार्मिक, पौराणिक कथन पाइन्छ । कथाका फुँदा जोडेर नै वास्तवमा हिन्दु धर्मले धार्मिक उत्सवहरूप्रति सर्वसाधारणलाई आकर्षित गरिराखेको छ । त्यस्ता कथा यथार्थसित कुनै न कुनै रूपले सम्बन्धित हुन सक्छ, त्यसको मिहिन विश्लेषणको खाँचो छ । परम्परा कायम राख्न धार्मिक कथाले एक किसिमले ठिकै काम गरेको जस्तो देखिए पनि यस्ता कथाले वस्तुस्थितिको यथार्थ ज्ञान दिनुभन्दा पनि धार्मिक अन्धता बढाउने गरेको छ भन्नु अत्युक्ति हुँदैन ।

यस पर्वमा स्नानादिसहितको मेला लाग्नाको कारणचाहिँ मानिसमा जाडो महिना सकियो, जाडो मानेर गुजुल्टिएर बस्ने समय सकियो, खेतीपातीको समय आयो भन्ने सङ्केत गरी मानिसमा ऊर्जा प्रदान गर्नु हो । प्रयाग मेला कहिलेदेखि चलेको हो भन्ने ऐतिहासिक प्रमाण दिन त सकिँदैन तर इतिहासमा चिनियाँ यात्री

हुयन साङ (इ.६०४-६६४, भारत बसाइ, ६२९-६४४) ले यो मेला सम्राट् हर्षवर्द्धन (राज्यकाल इ.६०६-६३६) ले आफ्ना रियासत राजाराजकुमारहरूका साथ, यो मेला भरेको आदि उल्लेख पाइन्छ । मकर मेला लाग्ने बाह्रौं वर्षलगायत त्यसबाहेकका अन्य बर्षमा पनि माघेसङ्क्रान्तिको रूपमा त्रिवेणी तथा दोभानहरूमा धूमधामको मेला लाग्छ ।

मिथिला क्षेत्रमा माघेसङ्क्रान्ति पर्वलाई तिलासङ्क्रान्तिका नाममा अति उल्लासका साथ मनाइन्छ । नुहाइधुवाइलगायत अरू धार्मिक विधिविधानबाहेक यस अवसरमा विशेष परिकार खाने र अरू सामाजिक विधिविधानसम्पन्न गर्ने कार्य हुन्छन् । केटाकेटीहरूलाई यस अवसरमा नुहाउनका लागि प्रेरित गर्न पोखरी वा पानीमा जति चोटि चोपलिन्छ त्यति नै भुजाको डल्ला लड्डु 'लाई' खान पाइन्छ भन्ने आह्वान लोकजीवनमा प्रचलनमा रहेको छ । परिवारका साना सदस्यले ठुला सदस्यहरूबाट तिल खाएबापत भविष्यमा उनीहरूको सेवा गर्नुपर्छ भन्ने सामाजिक, लौकिक मान्यता पनि छ । यस अवसरमा तिलवा (तिलको लड्डु) पनि बनाइन्छ । नेपालको इतिहासको मध्यकालमा मिथिला प्रदेशको निकै गहिरो प्रभाव नेपालमण्डल, विशेषतः काठमाडौँ उपत्यकाको सभ्यतामा निकै परेको थियो । जसरी मिथिला क्षेत्रमा तिलासङ्क्रान्ति भनेर मनाइन्छ र ठिक त्यसरी नै नेवार जातिमा तौला (तिल र चाकुको डल्लो) यस अवसरको विशेष परिकार मानिन्छ । यस अवसरमा परिवारका ठुलाबडाले, विशेष गरी बाबु-आमा, बाजेबज्यैहरूले छोराछोरी, नातिनातिनीहरूलाई टाउकोमा तेल दलि दिने परम्परा छ । प्राचीन कालमा यो शरीरमा तेल घसी नुहाइधुवाइ, गर्ने र नुहाइसकेपछि टाउकोमा तेल हाली कोरीबाटी गर्ने चलन हो । काठमाडौँमा तिलको धुवाँ सुँध्नुको सट्टा सिद्रामाछा राखी मकलमा आगो ताप्ने चलन छ । माघेसङ्क्रान्तिका दिन मनाइने माघी थारूहरूको महत्त्वपूर्ण पर्व हो । थारू तराइको अति प्राचीन माटीकोरे जाति हो । यिनीहरू माछामासुका अनेक परिकार र जाँडरक्सीका साथ यो पर्व मनाउँछन् । यस जातिमा कुनै पनि नयाँ काम वा पर्व थाल्न मस्त खाइपिइ गर्ने परम्परा छ, जस्तैः खडखडाइको बेला पनि मस्त खाइपिइको उत्सव मनाएर खर, वनकस काट्न जङ्गल पस्छन् ।

माघीपछि नै खेतीपातीको याम मूलतः सुरू हुने हुँदा कमैया र कमलरी बस्न जाने थारूथरूनीहरूले आफ्नो मालिकसित एक बर्षको सम्झौता गर्ने गर्थे । कमैया र कमलरी राख्ने मालिकले पनि माघीको दिन सम्झौता गर्थे र एक बर्ष काम लगाएर माघी पर्वका लागि कामबाट बिदाइ गर्दथे । थारूहरू गौतम बुद्धको

पालादेखि उपस्थित रहेको कुरा ऐतिहासिक रूपमा प्रमाणित छ । गौतम बुद्ध स्वयम् पनि थारू थिए भन्ने दावी पनि कताकति भएको पाइन्छ । थारूहरूले यस दिन र महिनालाई नै महत्त्वपूर्ण समयका रूपमा लिएको कुरा र उनीहरूको यो प्रथा मूलतः कृषिकर्मसित सम्बन्धित छ भन्ने कुरा उनीहरूले यस दिन स्नानादि शुद्धिकर्म गर्न पानीको जलदेवसित पैसाभेटी चढाएर मात्र गर्ने प्रथाबाट पनि झल्कन्छ । यस अवसरमा उनीहरू अरू पार्विक लोकगीतका साथ कृषि जीवनसित सम्बन्धित गीत पनि गाउँछन् । यसै दिन घरमुलीले बर्षभरि राम्ररी घर चलायो/चलाएन भन्ने मूल्याङ्कन गर्छन् र आवश्यक भए परिवारभित्रबाट नयाँ घरमुली किनसवा रोज्छन् ।

परिवारमा अंशबन्डा जस्ता रकमकलमका काम पनि यसै अवसरमा गर्छन् । थारूहरूले यस दिनलाई नयाँ बर्षारम्भको रूपमा लिए पनि यस दिन कुनै तथाकथित नामको संवत् भने फेरिँदैन । आर्य सभ्यताले चान्द्र वा सौर दिन गन्तीका आधारमा आदिम जातिले मौसमका आधारमा वर्ष परिवर्तन वा वर्षचक्रको आवृत्तिको उत्सव मनाउने गर्दै आएको पाइन्छ । किराँतहरूको नयाँ संवत्सरलाई येले संवत् भनिन्छ । यस संवत्लाई नेपालका प्रथम किराँत राजा यलम्बरको कुरा आउँदा काठमाडौँ दुनको प्रसिद्ध नगर ललितपुर (पाटन) लाई नेवार भाषामा यल भनिन्छ । यो सहर यलम्बरले बनाएको र बागमती दुनको यसै सहरबाट उनले राज्य गर्ने गरेको कुरा पाटन/ललितपुर अर्थात् यस नगरका प्राचीन सामग्रीहरूले सङ्केत गरिरहेको पाइन्छ । अहिले प्रचलित नेपालको ऐतिहासिक प्रसङ्गका आधारमा भने यलम्बरको समय किराँतहरूले भन्ने गरेको जति पुरानो हुन सक्तैन । बाह्रौँ शताब्दीदेखि मात्र लेखिन थालिएका नेपालका वंशावलीहरूका आधारमा नेपालको प्राचीन इतिहासको किटान गर्न धुइँपत्ताल लाग्ने इतिहासपण्डितहरूले नेपालको प्राचीन इतिहासको सन्दर्भलाई गोपाल र महिषपाल वंशपछि मात्र किराँत वंशको चर्चा गर्ने गरे पनि आर्यहरू सिन्धुघाटीको बाटो भारतवर्षमा प्रवेश गर्दाताका भारतवर्षको उत्तरी पहाडी पाखो सम्पूर्ण किराँतभूमि थियो र त्यस भूमिमै यक्ष, गन्धर्व, किन्नर, नाग, अप्सराजस्ता हाल अस्पष्ट भएका प्रागैतिहासिक जातिहरू थिए भन्ने कुरा बिर्सनु हुँदैन । त्यतिखेर काश्मीरदेखि बर्मासम्मको हिमाली दक्षिणी पाखोको पहाडी भूमि गोपालको गाईपालक अर्थ देख्नेबितिकै कृष्ण भगवानसित साइनो जोड्न रूचाउने हिन्दु धर्मान्ध विद्वानहरूले मानेको कृष्णको वंशज गोपाल जातिकै थिएन, न महिषपाल भन्ने कुनै अज्ञात जातिकै थियो, थियो त शासक जोसुकै भए पनि किराँतभूमि थियो । शासक कहिले किराँत त कहिले अरू पनि भए होलान् किनभने आर्य फैलावटपछि अनेक तरहले आदिवासीहरूको सत्ता

जुनसुकै प्रकारले पनि गुमेको इतिहास नै वास्तवमा भारतवर्षको इतिहास हो ।

किन्नर जाति अहिले गाइने हुन् भनेजस्तै नाग जाति भारतका नागा तथा नेपालभित्रै पनि नेवार र मगर जातिको आदि जाति हुन् । किरौँत संवत्मा रहेको येले नामले महाकिरौँतभित्र प्राचीन जातिहरू कुन-कुन थिए भन्ने अन्योल सिर्जना गरेको छ । मुन्धुमको कथात्मक भनाइ महाकिरौँत आदिम जातिहरूको ग्रहनक्षत्रको खासै गणना गर्न नजानेको बेलादेखि नै आफ्नो वरपरको प्राकृतिक घटनाबाट बर्ष गणना गर्थे भन्ने कुरासित टकरक्कै मिल्न आउँछ । माघेसङ्क्रान्तिमा मूलतः तरूल, खिचडी, घिउ, चाकु, तिलका लड्डु आदि विशेष खाद्यपदार्थ भए तापनि केही जातिले मासुको परिकार पनि खान्छन् ।

थारू समुदायमा सुँगुरको मासु र माछा मात्र होइन पाइए गँगटा र मुसाका विशेष परिकार पनि यस अवसरमा तयार हुन्छन् । माघेसङ्क्रान्तिमा नेवार जातिका केही जातले फरमाइसका रूपमा मात्र मासुको परिकारको उपयोग गर्छन् तर शैव पूजामा आधारित स्वस्थानी व्रतालुको आहार र स्वस्थानी व्रतकथाको प्रसादमा भने मासु वर्जित नै हुन्छ । कमला नदी, तावा र ककरू खोलाको त्रिवेणीमा कमला नदीको किनारमा रहेको कमलामाईको मन्दिरमा माघेसङ्क्रान्तिको दिन ठुलो मेला लाग्छ र माईलाई असङ्ख्य सङ्ख्यामा भाकलका पाठीको बलि दिइन्छ । यस्तै हरेक पाँच वर्षमा मार्ग शुक्ल सप्तमीका दिन लाग्ने बाराको गढीमाई मेला बलिप्रथाका लागि सर्वाधिक प्रसिद्ध मेला हो जुन बेला लाखौँको सङ्ख्यामा बलि चढाइन्छ । पाँच बर्षे मेला दर्शनाभिलाषीहरूका लागि ती मूल २ दिनको १५ दिन अघि र १५ दिन पछिसम्म लाग्छ । त्यस अवसरमा भाकलको बलि चढाउन नपाएकाहरूले त्यसै वर्षको माघेसङ्क्रान्तिका दिन चढाउने बलिको सङ्ख्या पनि हजारौँ पुग्ने गर्दछ ।

पौष शुक्ल पूर्णिमाको भोलिपल्ट माघकृष्ण प्रतिपदादेखि चान्द्रमासको माघ महिना आरम्भ हुन्छ । पौष शुक्ल पूर्णिमाको रातदेखि नै स्वस्थानी व्रतको आरम्भ हुन्छ । स्व स्थानको अर्थात् आफ्नो ठाउँको देवी यानि स्वस्थानी देवीको प्रसङ्ग नेपालमण्डल देशसित मूलतः सम्बन्धित छ । वैदिक आर्यसभ्यता सिङ्गो भारतबर्षमा फैलनुका पछाडि वैदिक आर्यहरू बिस्तारै भारतबर्षका विभिन्न स्थानमा विस्तारित हुने क्रममा वैदिक सभ्यताका मूल कुरा र हिन्दु धर्मका मूल कथा लिएर विभिन्न स्थानमा रोजगारीकै क्रममा छरिएर स्थानीय जातिहरूसित घुलमिल भएका हुन् । पछिल्लो चरणमा उनीहरूले चलाखीपूर्ण पद्धति अपनाएका थिए भन्ने कुराको एउटा नमुना स्वस्थानी व्रतकथा नै हो । वैदिक आर्य सभ्यताका

प्रचारक मूल वैदिक आर्यहरू कथा भन्न र बनाउन सिपालु थिए । त्यसैले स्कन्ध पुराण र पद्यपुराणका विभिन्न प्रसङ्गलाई जोड्दै, स्वस्थान अर्थात् नेपालमण्डलको प्रसङ्ग समेट्दै र स्वस्थानको महिमागान पनि गर्दै रमाइलो कथा तयार पारे । नेपालमण्डल विशेषतः नेपाल खाल्डोका आदिवासीलाई स्वस्थानी कथाबाट प्रभावित पारेर जाडोको कठ्याङ्ग्रिँदो समय चुपचाप बसिरहनुभन्दा व्रतआराधनाका नाममा पूजा, स्नान आदि गर्ने र बेलुकी दालभातजस्तो बढी समय लाग्ने खानाभन्दा मानिसहरू गुजुमुज्ज बसेर खान हुने मकै, भटमास, फलफूल, मिठाईजस्ता गुजुमुज्ज बसेर न्यानो गरी कथा भनी मनोरञ्जन गर्ने संस्कृतिको विकास गरे । सूर्य उत्तरायण भएकोले अब साह्रै जाडो मानेर पोको परी बसिरहनु वाञ्छनीय नभएको हुँदा माघ लाग्दानलाग्दैदेखि धर्मको नाममा बिहानैदेखि स्नानादि गराउने गरी अब जाडो सकिएको आभास दिलाउने प्रयत्न स्वस्थानी धर्म परम्पराले गरेको छ । माघ महिनाभर खास खेतीपाती पनि नहुने र जाडो पनि बाँकी रहने हुँदा आउँदो वसन्त यामको तयारीका लागि स्वस्थानी व्रतद्वारा नयाँ मनोकामना पनि गराइएको पाइन्छ ।

माघ लाग्दो दिनको साँझ साँखु र भक्तपुरको बिचमा रहेको चाँगुनारायण काठमाडौँको हनुमानढोका दरबारअगाडि ल्याइन्छ । यिनलाई ल्याउने क्रममा बाटामा परेका दोबाटाहरूमा पुराना माटाका भाँडाहरू घरघरबाट ल्याई थुपारिन्छ र देवता नजिक आइपुगेपछि ती भाँडाहरू फुटालिनुको कथाचाहिँ के हो भने पहिला चाँगुनारायण पारसमणि थिए । पारसमणिमा जे छुवाए पनि सुन हुन्छ भन्ने विश्वासमा कुनै पुजारीले लोभवश देवमूर्ति फुटाली सुन झिक्न खोजेकोले देवता रिसाई नेपालमण्डल राज्य छाडी जान लागेको कुरा एक तान्त्रिकले थाहा पाएर देवताको यात्राका बाटाहरूमा भाँडाकुँडा फुटाएर अपशकुन देखाई रोक्ने चलाखी गरेको हो । धार्मिक कथा जेसुकै भए तापनि जाडोको अल्छ्याइँलाई मिल्काएर घर सफा गर्ने र थोत्रामोत्रा तथा कसिङ्गर सबै दोबाटोमा मिल्काउने परम्पराले पछि बिरालो बाँधी श्राद्ध गर्ने किंवदन्ती व्यङ्ग्योक्तिजस्तै घैँटा आदि माटाका भाँडाकुँडा फुटाल्ने लौकिक जात्राको रूप लिन पुगेको हो । दैनिक उपभोग्य वस्तु अर्थात् भान्साका फोहोर र दैनिक बढारकुढारका कसिङ्गरचाहिँ सागल (मल खाल्डो)मा मिल्काउने परम्परा थियो । सागलमा मिल्काउन नमिल्ने वा त्यहाँ त नमिल्काऊँ जस्तो लाग्ने सामग्री दोबाटोमा मिल्काइन्छ । भूत मन्छाउनु परे पनि दोबाटोमा पूजा लाने चलन छ । यो परम्परा प्राचीन वा प्रागैतिहासिक भएको हुँदा कृषियुगीन माटाका भाँडा युगको परम्परा हो । सोनाम ल्होसार माघ शुक्ल प्रतिपदादेखि १५ दिन अर्थात् माघ शुक्ल पूर्णिमाको दिनसम्म मनाइन्छ । माघ शुक्ल पूर्णिमाको


दिनदेखि पूर्ण रूपमा गर्मी याम लाग्यो भन्ने हिसाब हुन्छ ।

चिनियाँ परम्पराअनुसार बाह्र वर्षको वर्षचक्र चल्छ जसमा मुसा, गोरू, बाघ, बिरालो, गरूड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर वर्ष पर्छन् । मञ्जुश्रीले तयार पारेको मञ्जुश्री पात्रोअनुसार सोनाम ल्होसार कृषक पवित्र नयाँ बर्षको रूपमा मनाइन्छ ।

सोनाम ल्होसार प्राचीन कालदेखि कृषि जनजीवनमा आधारित वर्ष परिवर्तनको पर्व भएको हुनाले यिनीहरूले ल्होसारका लागि गाउँस्ती, घरआँगन, चौतारी, गुम्बा आदि सबै सफासुग्घर लिपपोत र मर्मत गर्छन् । तामाङहरू माघ शुक्ल प्रतिपदाका दिनचाहिँ औपचारिक रूपमा वर्ष फेरिएको मान्छन् । ल्होसारकै अन्य भेदहरूमध्येको तुला ल्होसारचाहिँ ऋतुको प्राकृतिक वर्ष परिवर्तनका रूपमा गुरूङ जातिले मनाउने गर्दछ ।

प्राकृतिक मैथुन प्रवृत्तिलाई जितेर स्वेच्छिक मैथुनावसर ग्रहण गरेका मानव जातिमा समेत जाडो मौसममा भन्दा गर्मी मौसममा मैथुनेच्छा बढी हुने हुँदा यसैको आगमनको खुसीयालीको साङ्केतिकता वसन्त पञ्चमी पनि हो । माधवनारायणको पूजाआराधना माघ महिनाभर नै गरिन्छ । माघ शुक्ल द्वादशीको लगत्तै आउने माघ शुक्ल पूर्णिमाका दिन स्नानादि धार्मिक विधिविधानका साथ स्वस्थानी व्रत र कथावाचनको समापन हुन्छ र चान्द्र गणनाको माघ हिन्दु परम्पराअनुसार समापन हुन्छ । माघ महिनालाई जाडो महिनाको चरम उत्कर्ष माने पनि वास्तवमा यो महिना जाडो यामको समाप्तिको महिना भएको हुँदा शेर्पा जातिमा ग्याल्बो ल्होसार फागुन शुक्ल प्रतिपदाबाट मनाइन्छ ।

विभिन्न जातिको परम्परा र आर्य हिन्दु परम्परालाई पनि हेर्दा जाडो महिना सकिएर वासन्तिक हरियालीको आगमनको समयलाई नै नयाँ वर्षको रूपमा कृषियुगदेखि मानवसभ्यताले अवलम्बन गरेको बुझिन्छ ।



# शिव के हो ?

**हरिप्रसाद सोडारी**

ब्रह्माण्डको उत्पत्ति नहुँदै, पृथ्वीमा प्राणी एवं प्रकृतिमा प्राण नआउँदै, सबै शिवमा लुकेका थिए । [१]"कोही नहुँदा पनि शिव थिए[२] । शिवमा सबै रहन्छन् र नष्ट हुँदा यहीँ विलीन हुन्छन् । कहिल्यै नाश नहुने ऊर्जापुञ्ज, ब्रह्माण्डका सञ्चालक, शक्तिका स्रोतलाई शिव भनिन्छ । वैदिक शास्त्रहरूले ब्रह्मालाई सृष्टिकर्ता, विष्णुलाई पालनकर्ता एवं महादेवलाई संहारकर्ताका[३] रूपमा वर्णन गरेका छन् यी सबैका उत्पत्तिकर्ता शिव (ब्रह्म) हुन् । एउटै ब्रह्म (शिव) का विभिन्न रूप र नाम भएकाले ऋग्वेदले - 'एकं सद् विप्रा बहुधा वदन्ति' भनेको छ । ब्रह्म, परमात्मा, हर[४], परब्रह्म जे भने पनि शिव हुन् । सत्त्व, रज र तम तीन गुणयुक्त भएर पनि शिव गुणरहित हुनुहुन्छ[५] । शिवलाई साकार रूपमा शिवलिङ्ग, निराकारस्वरूपमा ॐ, मन्त्रमा ॐ नमः शिवाय रूपमा चिनिन्छ । कुलार्णवतन्त्र (९ । ४२) ले पाशले बाँधिएकोलाई जीव, पाशमुक्त गर्नेलाई शिव भनेको छ । ॐ र श्रीको मिश्रण, प्रकृति र पुरूषको एकाकार स्वरूप, मन्त्र, तन्त्र र यन्त्रको सार नै शिव हो । शिव नै सबैका गुरू, देवता, प्रभु हुन्, शास्त्र पनि शिवबाट आएका हुन्, म र प्रपञ्च पनि शिव नै हो अर्थात् शिवभन्दा भिन्न केही छैन ।[६]

यः शिवः सर्वगः सूक्ष्मश्चोन्मना निष्कलोऽव्ययः ।
व्योमाकारो ह्यजोऽनन्तः स कथं पूज्यते प्रिये ॥ - कुलार्णवतन्त्र (१३ । ५१)

अर्थात् "शिव सर्वव्यापी, सूक्ष्म, उन्मना, निष्कल, अव्यय, आकाशको जस्तो आकार,

---

१. यदा नास्ति स्वयंकर्त्ता कारणं न जगत् बीजम् ।
अव्यक्तं च परं शिवं अनामा विद्यते तदा ॥ - तन्त्रात्मकरावणसंहिता, (सृष्टिरहस्य, प्रथमपटल १ । १)
२. यदा तमस्तत्र दिवा न रात्रिर्न सन्न चासच्छिव एव केवलः । - श्वेताश्तरोपनिषद् (४ । १८)
३. कार्य विष्णुः क्रिया ब्रह्मा कारणं तु महेश्वरः । प्रयोजनार्थ रूद्रेण मूर्तिरेका त्रिधा कृता ॥ - रूद्रहृदय उपनिषद्
४. ज्योतिर्हरः (निरूक्त ४ । १९), सविता हरः (ऋग्वेद १० । १५८ । २)
५. सृष्टौ ब्रह्मा स्थितौ विष्णुः प्रलये हररूपधृक् ।
रजः सत्त्वतमोभिश्च त्रिगुणैरगुणः प्रभो ॥ - शिवपुराण, (रूद्रसंहिता, सतीखण्डः ३ । ३३)
६. शिवो गुरूः शिवो वेदः शिवो देवः शिवः प्रभुः ।
शिवोऽस्म्यशिवः सर्व शिवादन्यन्न किञ्चनः । । -वराहोपनिषद् (४ । ३२)

अजन्म र अनन्त हुनुहुन्छ भने उहाँको पूजा कसरी सम्भव छ ?" । शिवलाई श्रद्धा, विश्वास, बुद्धिको तीक्ष्णता, विवेकको क्षमताअनुसार पुज्छन्, बुझ्छन् र चिन्तन गर्छन् । ब्रह्मणो द्वे रूपे मूर्तञ्चामूर्तञ्च अर्थात् त्यो परमतत्त्व ब्रह्म (शिव) लाई मूर्त (आकार) र अमूर्त (निराकार) दुवै रूपमा लिइन्छ । केशी (जटावाला) ले अग्निको धारण गर्नुभएको छ, जटावाला (महादेव) ले जलको पनि धारण गर्नुभएको छ, जटावालाले पृथ्वीको धारण गर्नुभएको छ, विश्वको धारण गर्नुभएको छ र उहाँलाई ज्योति भनिन्छ ।[७] "शेते प्रलयकाले चराचरञ्जगत् अस्मिन् इति शिवः" अर्थात् प्रलयकालमा चराचर जगत् एवं त्यसमा विद्यमान समस्त प्राणी जसमा बस्छन् त्यसलाई शिव भनिन्छ । शिवबाट सृष्टि, पालन, लय, सञ्चालन हुन्छ । निष्कल परब्रह्म नै शिव हो, जसले सबै जान्दछ, सबै काम गर्दछ, जो ज्ञानस्वरूप, अनादि, अनन्त र निर्विकार छ[८] । महर्षि वेदव्यासले 'शि' को अर्थ समग्र पाप नाश गर्ने, 'व' को अर्थ मोक्ष भनी प्रत्येक अक्षरको व्याख्या गर्नुभएको छ[९] । आगामी, सञ्चित र प्रारब्ध कर्मले जन्माएकाहरू धर्म एवं पापको नाशपछि मोक्ष हुन्छन् । मोक्ष दिनेलाई शिव भनिन्छ । शिव शब्दमा 'श्' को अर्थ नित्य आनन्द, 'इ'को अर्थ पुरूष, 'व'को अर्थ अमृतस्वरूप हुन्छ[१०] । जसले सबैलाई नित्य सुख, अखण्ड आनन्द दिन्छ त्यसलाई शिव भनिन्छ । आनन्दले कहिल्यै दुःख नआउने सुख दिन्छ । पद, पैसा, सन्तानलगायतका धनले क्षणिक सुख दिन्छ । सन्तोष, सेवा, ज्ञान आदिले आनन्द दिन्छन् । धनले निश्चित समयसम्म सन्तुष्ट गराउँछ तर सम्पत्तिले अनन्तकालसम्म आनन्द दिन्छ । आनन्द भनेकै शिव (परमात्मा) हो । शिव नै आत्मा हो, आनन्दको भण्डार हो । जन्म, कर्म, सुख, दुःख मुक्ति दिने भएकाले शिवलाई दाता, धाता र विधाता भनिन्छ ।

स एष हरिरित्यास्तेभवत्येषपितामहः ।
चन्द्रार्कइन्द्रवरूणोयमोवैश्रवणोनलः । ।

– योगवासिष्ठरामायण, (निर्वाणप्रकरण, उत्तरार्द्ध ८२ । २१)

अर्थात् "त्यो परमात्मा शिवबाट विष्णु, ब्रह्मा, चन्द्र, सूर्य, इन्द्र, वरूण, यम, कुबेर तथा अग्निले रूप धारण गर्छन् ।" देखेका र नदेखेका जति पदार्थ छन् ती सबै शिव हुन् । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रियले थाहा नपाउने भएकाले शिवतत्त्वलाई

---

७. केश्यग्निं केशी विषं केशी विभर्ति रोदशी । केशी विश्वं स्वर्दृशे केशीदं ज्योतिरूच्यते ॥ – ऋग्वेद (१० । १३६ । १)

८. अस्ति देवः परब्रह्मस्वरूपी निष्कलः शिवः । सर्वज्ञः सर्वकर्त्ता च सर्वेशो निर्मलोदयः । ।
स्वयंज्योतिरनाद्यन्तो निर्विकारः परात्परः । निर्गुण सच्चिदानन्दस्तदंशा जीवसञ्ज्ञकाः ॥ – कौलावलीनिर्णय (१ । २५-२६)

९. पापघ्ने वर्तते शिश्च वश्च मोक्षप्रदे तथा ।
पापघ्नो मोक्षदो नृणां शिवस्तेन प्रकीर्तितः ॥ – *ब्रह्मवैवर्तपुराण (ब्रह्मखण्ड६ । ५२)*

१०. शं नित्यसुखमानन्दमिकारः पुरूषः स्मृतः । वकारः शक्तिरमृतं मेलनं शिव उच्यते ॥ – शिवपुराण, (विद्येश्वरसंहिता १८)

व्याख्या सुनेर, मूर्तिमा देखेर, ग्रन्थमा पढेरमात्र पनि बुझ्न सकिँदैन । शिवतत्त्वलाई साधना, संगत र शास्त्रबाट अनुभूत गर्न सकिन्छ । ऋषिमुनि र देवीदेवताले मात्र होइन रावण[११], विभीषण, मयलगायतका राक्षसहरूले इष्टसिद्धिका लागि शिवको पूजा, उपासना र ध्यान गरेका थिए । अगस्त्य, दधीचि, विश्वामित्र, उपमन्यु, शतानन्द, गौतम, दुर्वासा, ऋष्यश्रृङ्ग, वेदव्यास आदि शिवका उपासक हुन् । वेदव्यासले घण्टाकर्णबाट पाशुपतधर्मको दीक्षा लिए । काशीस्थित कर्णघण्टा उनैबाट नामकरण भएको किंवदन्ती छ । शिवलाई शान्ति, कल्याण र अद्वैतको समष्टि मानिन्छ ।[१२] जहाँ शान्ति छ, त्यहाँ वैभव हुन्छ, उन्नति हुन्छ, रामराज्य हुन्छ अनि शिव चिन्तनका मार्गहरू देखिन्छन् ।

कलि वास्तवमा घोर अज्ञान, अन्याय, अनिष्ट र अन्धकारको युग हो । सत्ययुगमा एउटा हिरण्यकश्यपु, त्रेतामा एउटा रावण, द्वापरमा एउटामात्र दुर्योधन र कंश हुँदा पनि पृथ्वीले थाम्न नसकेर भगवान्ले अवतार लिनुपयो । कलियुगमा हजारौँ महिषासुर, रक्तबीज, रावण, होलिका, पुतना एवं कंशहरू गल्लीगल्ली र घरघरमा सर्वत्र पाइन्छन् । कुनै पनि वर्ण शुद्ध छैन, जातहरू दुषित छन्, थरहरूमा वर्णशंकर बढेका छन्, हरेक पूज्य स्थलहरू प्रतिदिन दूषित छन्, प्रत्येक धर्मगुरू र अभिभावक दुःखी हुँदैछन् । नेपाल शैवभूमि भएकाले विभिन्न समस्या र प्रकोपबाट मुक्ति पाउन शिवको शरण लिनुपर्छ, स्मरण र अनुष्ठान गर्नुपर्छ । धर्म र सत्कर्म भनेको पिपलका वृक्षजस्तै हुन्, जसलाई हुर्कन र बढ्न समय लाग्छ । पाप भनेको वनमारा वा वर्षायाममा पलाउने भार हो, जो तुरून्तै उम्रन्छ, फैलन्छ र नासिन्छ । अशान्तबाट छुट्कारा पाउन, पापबाट मुक्त हुन शिवको नाम, शिवलिङ्गको पूजन, शैवक्षेत्रको दर्शन आवश्यक छ । जो भक्तिपरायण भएर नित्य शिवलिङ्गको पूजा गर्दछ, त्यसले सबै सिद्धि पाउनेछ, कहिल्यै पापले हुँदैन ।[१३] सबै शिव अद्वैत भएकाले मानिन्छ । द्वैतमा शङ्का उठ्छ, भेद हुन्छ, तेरो र मेरो हुन्छ ।

शिवरूपी बिउबाट उम्रिएको वृक्षका हाँगा, पात, फल, फूल आदिलाई लोक, प्रकृति, प्राणी भनिन्छ । शिवबाट सर्वप्रथम उत्पत्ति भएका शङ्कर (महादेव) लाई शिवस्वरूपमा बुझिन्छ । एकाक्षरी कोषका अनुसार 'शं' को अर्थ 'आनन्द', 'कर' को अर्थ 'गर्ने' हुन्छ । शङ्करले सबैलाई आनन्द, खुसी र सुख प्रदान गर्नुहुन्छ । अहिले पनि सन्तानलाई बुबाआमाको नामबाट, शिष्यलाई गुरूको नामबाट चिनाइन्छ । यसकारण शिवकै नामबाट महादेव चिनिनुभयो । अहिले

---

११. यत्र यत्र च याति स्म रावणो राक्षसेश्वरः । जाम्बूनदमयं लिङ्गं तत्र तत्र स्म नीयते ॥ – रामायण, (उत्तरकाण्ड ३१।४२)

१२. शान्तं शिवमद्वैतम् । – माण्डूक्योपनिषद् (७)

१३. योऽर्चयेच्छिवलिङ्गं वै नित्यं भक्तिपरायणः
तस्य वै सफला सिद्धिर्न स पापैः प्रयुज्यते ॥ – शिवपुराण, (रूद्रसंहिता, सृष्टिखण्ड १२/२५)

पनि फलानोको छोरा, यसको विद्यार्थी भन्ने चलन त्यो समयदेखि प्रयोग हुँदै आएको हो । महादेवले संसारको विनाश न्यायपूर्ण तरिकाले गर्ने हुँदा पहिले शिवबाट उत्पन्न हुनुभयो, त्यसपछि विष्णु र ब्रह्माको उत्पत्ति भयो । महादेवलाई प्रकृतिको आवश्यकता पर्ने हुनाले पार्वती (दशमहाविद्याकी प्रतिमूर्ति) को उत्पत्ति भयो । देवीदेवताको शरीर हुनेहुँदा देखिन्छ, बुझिन्छ तर शिव निराकार भएकाले जानिने, बुझिने र देखिने तत्त्व होइन । म शिवतत्त्व जान्दिनँ, महेश कस्ता छन् थाहा छैन, हे महादेव ! तिमीजस्ता छौ, त्यस्तै तिमीलाई नमस्कार छ ।[१४] 'शीङ् स्वप्ने' धातुबाट शिव शब्द बन्दछ । 'शेरते प्राणिनो यत्र स शिवः' अर्थात् जन्मजन्मान्तरका पाप र तापबाट तड्पिएका प्राणीहरू विश्राम वा मुक्तिका लागि जहाँ सुत्दछन्, बस्ने इच्छा गर्दछन्, त्यही सर्वाधिष्ठान, सर्वाश्रय तत्त्वलाई शिव भनिन्छ । नाश हुने सबै प्राणीहरू जीवात्मा हुन् । अविनाशी, अचल, अक्षर जसलाई गीताले कुटस्थ[१५] भनेको छ, त्यही कुटस्थ नै शिव हो ।

तृष्णा लज्जा भयं दुःखं विषादो हर्ष एव च ।
एभिर्दोषैर्विनिर्मुक्तः स जीवः शिव उच्यते ॥

–योगशिखोपनिषत् (१।११)

अर्थात् "तृष्णा, लज्जा, भय, दुःख, विषाद, खुसी यी सबैले जसलाई छुँदैन वा जो यीबाट मुक्त छ, त्यसलाई शिव भनिन्छ ।" जो अबोध्य, अगम्य, अदृश्य हुँदाहुँदै पनि भक्तको वशमा छ, चिन्तकको ध्यानमा द्रवीभूत हुन्छ, शवरूपी अज्ञानी प्राणीलाई ज्ञानरूपी शिव बनाउँछ, ज्ञानको प्रकाश, विज्ञानको सुगन्ध, ध्यानको ध्येय नै शिव हो । जसलाई जानेपछि, बुझेपछि अर्को जान्न र बुझ्ने बाँकी हुँदैन, त्यो अवर्णनीय परमात्मा नै शिव हो ।[१६] ज्ञान, उपासना र भावबाट सजिलै प्राप्त हुने परमात्मालाई शिव भनिन्छ । हामीले जे देखेका, बुझेका, सुनेका छौं ती र तीबाहेक सबै शिवका अंश हुन् । सबै धर्मग्रन्थले व्याख्या गरेका, हरेक देवीदेवताहरूका उत्पत्तिकर्ता जो देखिँदैनन् तर जसको इसारामा सारा कार्य भइरहेको छ त्यो निराकार शिव हो । शिवको स्मरणले मन शुद्ध हुन्छ, सात्त्विक कर्म गर्छ, मुक्ति पाउँछ, भगवान्को प्रतिनिधि बन्छ । साधकहरूले स्मरण, पूजा, भजन, चिन्तनबाट शिवको अनुभूति गर्छन् । शिवको इसारामा ब्रह्मा, विष्णु र महादेवले काम गर्छन्, सरस्वती, लक्ष्मी र पार्वतीले जिम्मेवारी निभाउँछन् । प्राणीका प्राण, प्रकृतिका इष्टदेव, जगतका जनार्दन, जन्मको जरो, सृष्टिको श्वास, नेपालका कुलदेवतालाई शिव भनिन्छ।

---

१४. तव तत्त्वं न जानामि किदृशोऽसि महेश्वर । यादृशोऽसि महादेव तादृशाय नमो नमः ॥
१५. क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते । – गीता (१५।१६)
१६. प्रतिष्ठालक्षसारसमुच्चय (१४।१-४) । –नेपाल राजकीय पुस्तकालय



# भाँचिएको बला

टीकाराम उदासी

क्रमशः क्रमशः
भाँचिदै गएका छन्
विश्वासका बलाहरू सबै सबै
यस्तो स्थितिमा
यतिखेर केवल सोचिरहेछु म-
'यो घर
पछि पछिसम्म
कसरी रहला सुरक्षित ?'

घर बनाउँदा
धेरैले बगाएका हुन्
आफ्ना अनमोल पसिना र रगत
घर बनाउँदा
धेरैले खर्चिएका हुन्
आफ्ना शक्तिशाली दिमाग र मेहनत
घर बनाउँदा
धेरैले सजाएका हुन्
मनभरि सुनौला रहर र इन्द्रेनी सपना

घरभित्र
फैलिदै फैलिदै गएपछि
अविश्वासका धमिरा
यतिबेला
क्रमशः क्रमशः
भाँचिदै गएका छन् विश्वासका बलाहरू
र, क्रमशः कमजोर हुँदै गएको छ

धेरै दुःख गरी बनाएको आस्थाको घर

सुस्त सुस्त
चलेको हावाको आवाज जस्तै
भन्न त
कसैले यही घरलाई
नयाँ बनाउँछु पनि भनिरहेकै छन्
भन्न त
कसैले अर्को नयाँ घर बनाउँछु पनि भनिरहेकै छन्
तर अहिलेसम्म कसैले पनि
बनाएको छैन यो घरलाई नयाँ
बरू सधैँजसो मनभरि
घर भत्केला भत्केला कि भन्ने त्रास बोकेर
धेरै मानिसहरू
अर्थात् तपाईहरू र हामीहरू
यही घरमुनि
ओत लागेर बसेका छौँ अहिलेसम्म

घुम्दै फिर्दै
आउन थालेको छ फेरि
हाम्रो घरआँगनमा
अर्को मुसलधारे वर्षा र तुफान
भाँचिदै भाँचिदै गइरहेका छन्
आस्थाका बलाहरू सबै सबै
विश्वासका बलाहरू सबै सबै
यस्तो स्थितिमा
मैले सोधिरहेछु जोड जोडसँग
मेरो आँखाको अघिल्तिर चुपचाप उभिएको
सन्दिग्ध समयसँग एउटै प्रश्न –
'क्रमशः क्रमशः
सबै बलाहरू भाँचिदै भाँचिदै गएपछि

के सधैँ सधैँ
यो घर
यसरी नै रहला त सुरक्षित ?'

*दाङ*

**बला** – खरले छाइएको घरमा भाटाहरूलाई अड्याउन प्रयोग गरिने बलियो काठ हो ।



# पुरूष मनको द्वन्द्व

त्रिविक्रम पाण्डे

एउटी स्त्री चाहिन्छ
जसको अगाडि
म तनले मात्रै होइन
मनले पनि नाङ्गिन सकूँ
फुकालेर फ्याँकूँ सारा मुखुन्डो
बिर्सन सकूँ पुरूष हुनुको दम्भ
रून सकूँ खुलेर
जसलाई भन्न सकूँ
पुरूष हूँ तर -
पीडा अनुभव हुन्छ
चाहन्छु आमालाई झैँ
तिमी चलाइदेऊ कपाल अनि गालामा हात
पुरूष भए पनि
काँध चाहिन्छ मलाई पनि कहिलेकाहीँ
मात्रै चम्किलो,
भड्किलो तन होइन
एउटी स्त्री चाहिन्छ
जसलाई प्रेम गर्दागर्दै
पूजा पनि गर्न सकूँ
वासनाले होइन श्रद्धाले
जसको चरणलाई चुम्न सकूँ
जसको स्पर्श मात्रले पनि
आनन्दित बनोस् मेरो अङ्ग अङ्ग
गरूँ पूर्ण समर्पण
चम्कियोस् अस्तित्व मेरो

म नारी बनूँ -
उनी पुरूष बनुन्
उनी ममा नजर आउन्
म उनीमा नजर आऊँ
यसरी हामी शिवको अद्वैत बनौँ

एक स्त्री चाहिन्छ
जसलाई म यसरी प्रेम गर्न सकूँ
जसरी एक स्त्री प्रेम गर्छिन्
पुरूषसँग ... !

दोलखा, हाल दधिकोट, भक्तपुर

# दसैंको आगमनः चिकागोमा मिलन



विष्णुबहादुर सिंह

हाम्रो माहिलो भाइ 'उत्तम' सपरिवार केही वर्षदेखि अमेरिकाको सिकागोमा बस्दै आइरहेका छन् । भाइले हामीलाई अमेरिका आउने निम्तो दिइरहन्छन् बेला बेलामा । मैले काम गर्ने कम्पनीबाट केही दिनको बिदामा अमेरिकाका केही ठाउँहरूको भ्रमण गर्ने उद्देश्यका साथ म र पुष्पा अमेरिका गएका थियौँ, सेप्टेम्बर १३, २०२१ का दिन । हुन त मुख्य उद्देश्य छोरा रोसनलाई भेट्ने, उसले काम गरेको ठाउँ, पढेको ठाउँ र यस्तै नजिकका ठाउँहरूको घुमघाम गर्ने नै थियो । त्यही बेला चिकागो पनि जाने, भाइको परिवारसँग भेट गर्ने नै हो । केही दिन रोसन बस्ने ओक्लोहोमाको चक्टा स्वशासित क्षेत्र 'केलरी' को सेरोफेरोमा घुमघाम भयो ।

अक्टोबर २, २०२१ अर्थात् असोज २१, २०७८ का दिन हामीहरू चिकागो भाइकोमा जानका लागि 'केलरी' बाट करिब अढाई घण्टामा गाडीबाट भतिजी रून्ना (अरूणा) बस्ने 'इरभिङ्ग' आइपुग्यौँ । अरूणा र अन्य केही नेपाली र भारतीय भाइबहिनीहरू एक जना उनीहरूको साथीको विवाहमा प्रस्तुत गर्ने नृत्यको रिहर्सल गर्दै रहेछन् । रोसनले गाडी त्यहीँ छाडेर अर्को गाडी एयरपोर्टसम्मका लागि बुक गऱ्यौँ । हुन त डलासमा डी.एफ.डब्लू. अन्तर्राष्ट्रिय विमानस्थल रहेछ, तर हाम्रो फ्लाइट साउथ वेस्ट एयरलाइन्सबाट हुने भएकाले साउथ वेस्ट इयरलाइनले निजी रूपमा आफ्नै एयरपोर्ट बनाएको रहेछ । हाम्रो फ्लाइट टाइम दिनको २ः१५ थियो । जहाज समयमै उड्यो । सेक्युरिटी चेक इन हुने एक्सरे मेसिनबाट निस्कने ठाउँमा रोसनको मोबाइल छुटेछ र केहीबेर असमञ्जसमा परियो । त्यो मेरो त्रुटि थियो । उसको झोला मैले लिएर हिंड्दा मोबाइल लिन बिर्सेछु । त्यस्तो ठाउँमा आआफ्नो सामान आफैँ लिने पाठ पनि सिकियो । पछि त्यो कठिनाइ पनि तुरून्तै हट्यो । मोबाइल तुरून्तै पाइयो, अर्को मोबाइलबाट फोन गर्नेबित्तिकै । सेक्युरिटीले लगेको रहेछ । अमेरिकामा यात्रा गर्दा धेरै सामान लिएर हिंड्ने चलन रहेनछ । एउटा एयरपोर्ट साइजको सुटकेस र एउटा ल्यापटप बोक्ने

झोला लिएर हिँड्दा रहेछन् । हामीहरूसँग छुट्टै लगेज भएकाले त्यो एयरपोर्टको छुट्टै काउन्टरमा तौल गर्न लगाई लगेज दिनुपर्ने रहेछ । साउथ वेस्टको हाम्रो टिकट भएकाले अतिरिक्त शुल्क तिर्नु परेन तर अन्य एयरलाइन्सको टिकट भए लगेजका लागि छुट्टै अतिरिक्त शुल्क लाग्ने रहेछ । तैपनि तौल गराएबापत शुल्क तिर्नुनपरे पनि टिप्सचाहिँ दिने चलन रहेछ । टिप्सका लागि सर्भिस गर्नेहरूले सधैँ आशा गर्दा रहेछन् । जहाज करिब अढाई घण्टाको फ्लाइटपछि चिकागो ओ-हारे एयरपोर्टमा ओर्लियो । अमेरिकामा भएर के गर्ने जहाज त जहाँ पनि समय-समयमा हल्लाउने रहेछ । पुष्पाको भनाइ थियो ।

भाइ उत्तम र भतिज शुभम् हामीलाई लिन एयरपोर्ट आएका रहेछन् । सामान लिने लब्बीमै उनीहरूसँग भेटघाट भयो । समुद्रपार यति टाढा भाइको परिवारसँग भेट हुँदा रमाइलो नहुने कुरै भएन । करिब आधा घण्टाको यात्रापछि हामीहरू उत्तम बस्ने घरमा पुग्यौँ । राम्रैसँग त्यति ठूलो सहरमा शुभम्ले गाडी हाँक्न सक्ने भएको रहेछ । अमेरिकी वातावरणमा रमाउन सिकिसकेछ ।

काठमाडौँबाट हिँड्नुअगाडि नै यसपटकको दसैँको टीका भाइको घरमा नै लगाउने गरी कार्यक्रम मिलाएका थियौँ । रोसनले त्यही अनुसार कार्यक्रम मिलाएको रहेछ । पारिवारिक मिलनको प्रतीक्षामा थियौँ । अर्को ठुलो खुसीको कुरा उत्तमका सासूससुरा पनि चिकागो आउनुभएको थियो केही दिनअगाडि । एक किसिमले त्यो घरमा ठुलै जमघट भएको थियो । भाइबुहारी, भतिजहरूले चिकागोमा हालसालै ग्रानभिल्ले सडकमा घर किनेका थिए । घर ३ तलाको थियो । सबैभन्दा माथिल्लो तला भाडामा दिइएको थियो । भुइँतला र पहिलो तला आफैँले प्रयोग गर्न राखेका रहेछन् । पछि भुइँ तल्ला पनि भाडामा दिन सकिने भन्ने कुरा गर्दै थिए ।

साँझको खाना सबै परिवारले रमाइलो मान्दै खायौँ । चिकागो इलिनोइस राज्यको ठुलो सहर मात्र नभएर समग्र अमेरिकाकै ठुलो सहर रहेछ । इन्डियन, पाकिस्तानी कम्युनिटी नजिकै देबोन एरियामा रहेको त्यो घर ग्रानभिल्ले एभेन्युको २१११ वेस्टमा रहेको छ । दिनभरिको यात्राले गर्दा केही घरायसी कुरा गरेपछि आराम गऱ्यौँ । एक जना भतिजको कोठा हाम्रो भागमा पऱ्यो । रोसनलाई किचेन नजिकैको कोठा भए पनि अलि चिसो परेछ कि केही दिनपछि चिसो लागेको जस्तो अनुभव भयो भन्दै थियो ।

यसपटक चिकागो भ्रमणको मुख्य उद्देश्यमा सबै परिवारजनले एकै ठाउँमा बसेर

दसैँको टीका लगाउने नै थियो । त्यसमा पनि बुबाआमाको स्वर्गवास भएपछि अरू गण्यमान्य नातेदारबाट अहिलेसम्म मैले टीका लगाउन पाएको थिइनँ । भाइलाई, भतिजहरूलाई टीका नलगाएको त बर्सौं भइसकेको थियो । त्योभन्दा पनि रोसनलाई दसैँको टीका नलगाएको करिब १६–१७ वर्ष भइसकेको थियो । रोसनले अमेरिकामा पढ्न आएपछि दसैँमा टीका लगाउन पाएकै थिएन ।

अर्को उद्देश्यचाहिँ चिकागो सहरको घुमघाम नै हो । चिकागो भ्रमणको जिम्मा भाइ, भतिजहरूले लिएका थिए । एकपटक नियाग्रा फल्ससम्म जाने कार्यक्रम भतिजहरूले मिलाएका रहेछन् । अर्को कुरा चिकागोबाट एकपटक न्युयोर्क र वासिङ्टन भ्रमण गर्ने पनि थियो । न्युयोर्कमा काहिँली बहिनी आएकी र भान्जीहरू, ज्वाइँ, नातिनातिना भेटघाट पनि कार्यक्रमभित्र पर्दथ्यो । न्युयोर्क र वासिङ्टन भ्रमणबारे छुट्टै लेखमा समेट्ने भएकाले चिकागोलाई केन्द्रविन्दुमा राखेर यो लेखलाई समेट्ने प्रयासमा छु ।

चिकागोमा बिहान र बेलुका चिसै हुँदो रहेछ । अझ समुद्रको किनारामा चिसो सिरेटोले ज्याकेट र टोपी त लगाउनै पर्ने रहेछ । हामी बसेको ग्रानभिल्लेबाट डाउन टाउन जान नजिकै मेट्रो स्टेसन रहेछ । मेट्रोको सम्बन्धमा संसारका विभिन्न मेट्रोहरूमध्ये सबैभन्दा सुन्दर मास्कोको मेट्रोलाई मानिन्छ । चिकागोको मेट्रो धेरै पुरानो भएर हुन सक्छ, त्यति चिटिक्क परेका स्टेसनहरू देखिएनन् । तर अमेरिकाजस्तो व्यक्तिगत सवारी साधन राख्ने र त्यसैमा यात्रा गर्ने कार्य यस सहरमा त्यति देखिएन । सार्वजनिक सवारी साधन प्रयोग गरेको देखियो अर्थात् सिटी बस वा मेट्रो ।

चिकागो पुगेको अर्को दिन हामीहरू सम्पूर्ण परिवार नै मेट्रो स्टेसनसम्म गाडीमा र त्यसपछि मेट्रोमा चढेर चिकागोको प्रमुख व्यापारिक/प्रशासनिक र शैक्षिक क्षेत्र डाउनटाउन चिकागोको भ्रमण गर्न गयौँ । डाउनटाउन पुगेपछि हामीहरूले त्यहाँको मुख्यमुख्य भागहरू पैदल हिँडेर अवलोकन गर्‍यौँ । भ्रमणमा उत्तम, बुहारी तारा, उत्तमका सासू, ससुरा अनि म, पुष्पा र रोसन । हाम्रो ठुलै हुल थियो । कतै नहराइयोस् भनेर भाइ र रोसनले गाइड गरेका थिए ।

चिकागो सहरको मुख्य विशेषतामा सहरको बिचमा रहेको मुख्य क्यानल, सहायक क्यानलको दुवैतर्फ रहेका अनगिन्ती गगनचुम्बी घरहरू, व्यापारिक केन्द्रहरू, शैक्षिक केन्द्रहरू, चिकागो थिएटर, सबभन्दा पुरानो अखबारपत्रको भवन, ट्रम्प टावर, लन्डन हाउस आदि रहेछन् । दिउँसोको नेपाली र अमेरिकन मिश्रित खाना

त्यही डाउनटाउनमा रहेको नेपालीले सञ्चालन गरेको हिमालयन रेस्टुरेन्टमा खायौँ । अर्को हेर्नलायक ठाउँमध्ये मिलेनियम पार्क हो जहाँ, एउटा गोलाकार आकृतिको कलाकृति छ, त्यहाँ आफ्नो प्रतिच्छाया देख्न सकिन्छ । पार्क विशाल छ । मान्छेको मुखबाट विभिन्न आकारको फोहोरा निस्कने ठाउँ अझ रमाइलो छ । क्यानल छेउमा घुम्दै गर्दा अचानक पानी पर्न थाल्यो । छाता लिएर हिँड्ने समय थिएन । केहीबेर बस स्टेन्डमा उभिएर वर्षा थामिने समय कुर्‍यौँ । डाउनटाउनमा रहेको १०३ तलाबाट चौतर्फी चिकागो सहरको अवलोकन गर्‍यौँ । सिसामाथि उभिएर तल सहरतर्फ हेर्दा झन्डै रिँगटा लाग्लाजस्तो भयो । फोटो खिचाउने लहड नै हुँदो रहेछ । अक्टोबर ४, २०२१ (असोज २२, २०७९) का दिन नियाग्रा फल्स हेर्न एउटा गाडी भाडामा लिएर सबेरै प्रस्थान गर्‍यौँ । बेसमेन्टमा रहेको अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाको फोटोसँगै हामीले पनि फोटो खिच्यौँ ।

अर्को दिन गाडीबाट भतिजले नियाग्रा फल्स घुम्न जाने कार्यक्रम मिलाएका रहेछन् । २ दिनको लागि गाडी बुक गरिएको थियो । चिकागोबाट नियाग्रा फल्ससम्म जाँदा ६ वटा राज्यहरू क्रस हुँदो रहेछ । इलियोनोस, मिचिगन, इन्डियाना, ओहियो, पेन्सिलभानिया र न्युयोर्क । हुनत म सन् १९९३ मा क्यानाडाको नियाग्रा फल्समै करिब ४५ दिन बसेको थिएँ । क्यानाडियन कन्सल्टेन्ट एकर्सको मुख्य कार्यालय नियाग्रा फल्समै थियो । हाम्रो नेपालबाट त्यस बेला त्रिशूली-देवीघाट सुदृढीकरण आयोजनाको अन द जब ट्रेनिङको सिलसिलामा ४ जना इन्जिनियरहरू गएका थियौँ । करिब करिब एक-दुई दिन बिराएर नियाग्रा फल्स हेर्न जान्थ्यौँ । क्यानाडियन साइडबाट नियाग्रा फल्स उत्कृष्ट देखिन्छ भन्छन् । एकपटक अमेरिकी साइडबाट नियाग्रा फल्स हेर्न जाने रहर जागेको थियो मलाई । नियाग्रा फल्स जाने क्रममा बाटोमा पर्ने ओहियो राज्यको एक ठाउँमा हामीहरूले भुटानी (नेपाली) रेस्टुरेन्टमा खाना खायौँ । राजमार्ग अत्यन्तै राम्रो भएकाले भतिज सबिम र रोसनले पालैपालो चलाएका थिए । गाडीको गति करिब करिब १०० माइल प्रतिघण्टा थियो । तर बाटोमा कुनै अप्ठ्यारो महसुस भएको थिएन । नियाग्रा फल्सको होटल क्वालिटी इनको कोठा नं. ११८, १२७ र १४२ मा हामीले डेरा जमायौँ । साँझ रोसन र सबिम बाहिर गएर पिज्जा र अरू खानेकुरा, वाइन आदि लिएर आए । रमाइलोसँग खाना खायौँ । होटलमा सामान राखेपछि त्यही साँझ नै नियाग्रा फल्स हेर्न गयौँ । Terrapin Point बाट Horseshoe Falls राम्रो देखिँदो रहेछ रङ्गीन बत्तीले झकिझकाउमा नियाग्राको झरना निरन्तर बगिरहेको थियो एउटै लयमा, एउटै गतिमा र एउटै आवाजमा । वास्तवमा मैले आफूलाई अति नै भाग्यमानी सम्झिएँ । नियाग्रा

फल्सलाई क्यानाडा र अमेरिका दुवै देशबाट हेर्न पाएँ । त्यो स्थानलाई छुन पाएँ । अर्को बिहान फेरि त्यो छहरालाई हेर्न पुग्यौँ । छाँगो नजिकै Mid of the Mist डुङ्गाबाट छाँगोसम्म पुग्न पायौँ । त्यो अनुभव क्यानाडातर्फबाट पनि पहिले अनुभव गरिसकेको थिएँ । पानीले निथ्रुक्क भिज्यौं हामी सबै । हुनत एकै रङका रेनकोटहरू लगाएका थियौँ, तैपनि राम्रैसँग भिज्यौँ । अमेरिकाबाट हेर्न एउटा रातो रङ र क्यानडाबाट हेर्न नीलो रङका रेनकोट लगाउँदा रहेछन् । नियाग्रा फल्समै रहेको निकोला टेस्लाको मूर्तिमा फोटो खिच्यौँ । उनले Alternative Current Morter को आविष्कार गरेका थिए । निकोला टेस्लाको नाममा त्यसलाई सम्झनास्वरूप अहिलेसम्म स्मारकको रूपमा राखिएको रहेछ । सन् १८९५ मा निर्माण गरिएको एडवार्ड डिज एडम्स हाइड्रो प्लानको भ्रमण गर्न रोसनले लगेको थियो । नियागा फल्सको पहिलो जलविद्युत् आयोजना रहेछ ।

चिकागोमा दसैँले आफ्नो ढोका घच्घच्याइरहेको थियो । प्रत्येक दिनजसो चिकागोका विभिन्न स्थानहरूको भ्रमण भाइ, भतिजले मिलाएका थिए । भाइ, बुहारीले अझै काम सुरू गरिसकेका थिएनन् । केही दिनअगाडि मात्र नेपालबाट फर्किएका थिए । फुर्सदिला थिए । चिकागोको वहाई मन्दिरलाई अवलोकन गर्दा त्यहाँ लेखिएको बोर्डले मलाई आकर्षित गऱ्यो । The Bahai Faith is a religious that promotes the unity of all People . बहाई विचारका प्रवर्तक बहाउल्लाह (१८१७-१८९२) ले मान्छेलाई कसरी एक सूत्रमा बाँध्ने पुरूष र नारीलाई भेदभाव नगरी एक समान गर्ने, विज्ञान र धर्मलाई समन्वय गरी सारा संसारमा शान्ति स्थापना गर्ने नै रहेछ । उनको भनाइलाई यसरी लिइँदो रहेछ । "The peoples of the word, of whatever race or religion, derive their inspiratious from ore heavenly source, and are the subjects of one God" अर्थात् भगवान् एउटै छ भन्ने नै मूल मन्त्र हो भन्ने रहेछ । बहाई मन्दिरको वरिपरि सुन्दर फूलबारी रहेको र रङ्गीचङ्गी फूलहरूबिच फोटोहरू खिच्यौँ । मन्दिर अति भव्य छ । मन्दिरभित्र शान्तिपूर्वक बस्नुपर्छ । एउटा भिडियो चलचित्र पनि हेऱ्यौँ । बहाईबारे केही बुझ्यौँ । साँझको समयमा पानीजहाजबाट आर्किटेक्चुरल चिकागो रिभर सहरको क्रुज टुरबाट रङ्गीचङ्गी सहर हेऱ्यौँ । रङ्गीन फोहोरा मिचिगन तालको किनारामा घुमघाम आदि हेर्न पनि छुटाएनौँ । नेपाली समाजले आयोजना गरेको दसैँ शुभकामना एवं सांस्कृतिक कार्यक्रममा अतिथिको रूपमा सहभागी भयौँ । नेपालबाट एक जना लोकगायकलाई (पुरूषोत्तम) आमन्त्रण गरेका रहेछन् । त्यो समूहमा लुम्बिनी प्रदेशतर्फका मानिसहरू जम्मा भएका थिए । चिकागो लैन्ड फ्रेन्ससिप सोसाइटीले आयोजना गरेको थियो । बुटवलका धेरै नातेदारसँग पनि भेटघाट गर्ने मौका मिल्यो । बुटवलका अनिल बस्नेतकहाँ

अर्को साँझ खाना खान गयौँ सपरिवार । मान्छे अति मिलनसार रहेछन् ।

अक्टोबर १५, २०२१ अर्थात् २०७८ सालको असोज १ गतेका दिन बडादसैँको टीका साइत बिहान १० बजेर २ मिनेटमा ढोकामा दसैँको टीका लगाएपछि दसैँको टीका सुरू भएको थियो । म नेपाली पोसाक दौरासुरूवालमा सजिएको थिएँ । धेरै वर्षपछि मैले आफूभन्दा मान्यजनबाट टीका ग्रहण गर्ने सौभाग्य प्राप्त गरेँ । सासूससुराज्यूबाट सर्वप्रथम मैले र पुष्पाले टीका लगायौँ । लामो आशिष दिनुभयो । त्यसपछि एक-एक गरी टीका लगाउने कार्यक्रम चालु भयो । चिकागोमा उत्तमको घरलाई नै मूलघरको रूपमा मान्दा रहेछन् । छाती फुलेर गमक्क भएको बेला थियो त्यो बेला । काठमाडौँमा छँदा मेरो घर नै मूलघर हुन्थ्यो । उत्तम, तारा, छोरा रोसन, भतिजहरूलाई क्रमशः टीका लगाइदिएँ । त्यसपछि एक-एक गरी टीका लगाउने कार्यक्रम करिब करिब दिनभरि नै चल्यो । बुटवलतर्फका हाम्रा धेरै नातेदारहरू उत्तमकहाँ टीका ग्रहण गर्न आए । भान्जी बुहारीले पनि रमाइलो गरी टीका लगाइन् । सबैसँग चिनजान भयो । एकजना भान्जाले अमेरिकी नारीसँग विवाह गरेका रहेछन् । यसपटकको बडादसैँ समुद्रपार अमेरिकाको चिकागो सहरमा भाइ उत्तमको घरमा पारिवारिक टीकाको साथमा उल्लासपूर्वक सम्पन्न भयो । रमाइलोसँग खानपिन भयो । यसपटकको दसैँ अविस्मरणीय रह्यो ।

# अजीव यात्री–२



**मिलन मनुवा दाहाल**

म घर पुगेँ । मलाई त्यो रहस्यमयी मान्छेको धङधडीले छोडेको थिएन । ओछयानमा पल्टिएँ । दिउँसो त्यो रहस्यमयी मानिससँग भएको वार्तालाप सम्झेँ । के ऊ साँच्चै तीन सय वर्षदेखि बाँचिरहेको होला ? विगत तीन सय वर्षमा उसका जीवनका घटनाक्रम के के होलान् ? मेरा मनमा कुरा खेलिरहे । कतिखेर निदाएँछु, पत्तै पाइनँ । भोलिपल्ट बिहान मैले सबै बिर्सें । दैनिक कामकाजको धपेडी सुरू भयो । अर्को शनिबार आयो । मैले बेखा दाइ सम्झेँ । तर, त्यो सामान्य जस्तो लाग्ने अधबैँसे पुरूषको रहस्यमयी कुराबाट म तर्सिएको पनि थिएँ ।

हिन्दु धर्मग्रन्थहरूमा अष्टचिरञ्जीवी अर्थात् अनन्तकाल आयु भएका आठ पुरूषहरूको उल्लेख पाइन्छ । त्यस्ता चिरिञ्जीवीमध्ये एक जना महाभारतको पात्र अश्वत्थामा हुन् । उनी गुरू द्रोणाचार्यका छोरा हुन् । अश्वत्थामा महाभारत युद्धमा कौरव पक्षबाट लडेका थिए । युद्धको अन्त्यतिर अश्वत्थामालाई कौरव पक्षको सेनापति बनाइएको थियो । युद्ध अपराधको दण्डस्वरूप श्रीकृष्णबाट अश्वत्था श्रापित भएका थिए । सदाकाल भौंतारिइरहनू भन्ने श्रीकृष्णले अश्वत्थामालाई श्राप दिएका थिए ।

त्यतिसम्म मलाई थाहा भएको कुरा हो । तर त्यो पौराणिक कुरा हो अर्थात् मिथ हो । त्यसो त शिवपुरी बाबा पनि सन् १८२६ मा केरलामा जन्मेर संसार घुम्दैफिर्दै अन्तिम समयमा शिवपुरीमा आएर बसे, १३७ वर्ष बाँचेर परलोक भए भन्ने कतै पढेको थिएँ । तर के मानिस तीन सय वर्षसम्म जीवित रहन सक्छ ?

त्यस शनिबार कतै घुम्न गइनँ । बरू घरमा नै ल्यापटप खोलेर बसेँ । मानिसको दीर्घ आयु र अमरत्व सम्बन्धमा गुगलमा खोजी गरेँ ।

युरोपमा पनि श्रापित भएर संसार विचरण गरिरहेको एउटा पात्रबारे मिथक रहेछ । येशुलाई क्रुसमा झुण्ड्याउन लैजाँदा बाटामा एउटा दुष्ट व्यक्तिले

गिज्जाएछ । येशुको श्रापले कहिले जुत्ता सिलाउने कारिगर, कहिले व्यापारी त, कहिले कुन भेषमा विभिन्न ठाउँ त्यो श्रापित व्यक्ति घुमिरहेको छ भन्ने युरोपमा मिथक रहेछ । त्यो श्रापित व्यक्तिलाई विभिन्न समयमा विभिन्न ठाउँहरूमा देखिएको भन्ने दाबीहरू पनि रहेछन् ।

हरेक प्राणीको शरीर एउटा अवस्थामा पुगेपछि छिप्पिने र वृद्ध हुने प्रक्रिया सुरू हुन्छ । वैज्ञानिकहरू यो प्रक्रियालाई ढिलो गराएर मानिसको आयु लम्ब्याउन सकिने प्रविधि पत्ता लगाउन अनुसन्धानरत छन् । मानव जातिको भावी पुस्ताको आयु डेढ-दुई सय वर्ष पुऱ्याउन सकिनेमा वैज्ञानिकहरू आशावादी छन् ।

हिन्दु शास्त्रीय मान्यताअनुसार मृत्युपश्चात् भौतिक शरीर नष्ट भए पनि आत्मा मर्दैन । अन्य धार्मिक मान्यता तथा दार्शनिकहरूले पनि आत्मा र यसको अमरत्वलाई स्वीकारेका छन् । इतिहासमा विभिन्न सम्राटहरूले अमर हुनलाई अनेक खोजी र प्रयास गरेको भेटिन्छ । मानिसको लागि मृत्यु सबैभन्दा भयको विषय भएकाले होला- अनन्त आयु र अमरत्वसम्बन्धी मिथकहरू प्रशस्तै भेटिन्छ ।

आधुनिक विज्ञानले भन्छ– करिब दुई लाख वर्ष पहिले पूर्वी अफ्रिकामा मानव जाति (होमो स्यापिन्स) को उत्पत्ति भयो । बिस्तारै मानव जातिको झुन्ड झुन्ड पृथ्वीको चारैतिर फैलिए । विभिन्न स्थानहरूमा सभ्यताको सुरूवात भयो । जसै मानव चेतनाको विकास हुँदै गयो, मानिसले जीवन र जगत्को व्याख्या गर्ने अवधारणाहरूको विकास गऱ्यो । जीवन र जगत्को व्याख्या गर्ने, साथै मानव समाजलाई दिशानिर्देश गर्ने अवधारणाहरूको समष्टि रूपलाई नै धर्म भनियो । जन्मे पछि मर्नु प्रकृतिको नियम हो । प्राकृतिक नियमलाई कसैले रोक्न सक्ने कुरा भएन । तर मानिसलाई अमरत्वको लालसा थियो । त्यसैले धर्मले मृत्युपछि पुनर्जन्म, अर्को जुनी, स्वर्ग, नर्क जस्ता अवधारणा स्थापित गऱ्यो । पुनर्जन्म या स्वर्गको अस्तित्व छ कि छैन ? तपाईं विश्वास गर्नुस्- छ । तपाईं विश्वास नगर्नुस्- छैन ।

त्यसै गरी, प्रश्न गर्न सकिन्छ- मानिस श्रापित भएर वा अन्य कुनै कारणले सयौँ, हजारौँ वर्ष बाँचिरहन सक्ला ? यो आफ्नो विश्वासमा भर पर्ने कुरा हो । तपाईं विश्वास गर्नुहुन्छ भने- हो, तीन सय वर्षदेखि कुनै मानिस बाँचिरहेको होला । मैले गुगल खोजीबाट केही जानकारी बटुले पनि कुनै अमरत्वको बारेमा कुनै निष्कर्ष निकाल्न सकिनँ । अन्तमा मैले विचार गरेँ– ल ठिकै छ, कुनै मानिस तीन सय वर्षदेखि बाँचिरहेको छ भनेर मानिदियौँ ।

यसरी मैले त्यस शनिवार दिनभरि घोत्लिएपछि बेखा दाइको रहस्यमय अस्तित्वलाई स्विकारेँ । जब मैले बेखा दाइलाई मानसिक रूपमा स्विकारेँ, मेरो डर हटेर गयो । मलाई त बेखा दाइलाई त्यही बेलुकी भेटुँ भेटुँ जस्तो लागेर आयो । ऊनीसँग फेरि गफिन मन लाग्यो । तर, न मोबाइल नम्बर, न ठाउँ, न ठेगाना- बेखा दाइलाई कहाँ खोज्न जाने ?

+++++

फेरि अर्को शनिबार आयो । आज भने म ओछ्यानमा आँखा खुलेदेखि उत्साहित थिएँ । वास्तवमा म बेखा दाइलाई भेट्न एकदमै लालायित थिएँ । मर्निङ् वाक गर्ने बहानामा घरबाट निस्कैँ । मैले बेखा दाइको बारेमा अहिलेसम्म कसैलाई बताएको थिइनँ । सूर्यविनायक मन्दिरतर्फ मेरा पाइलाहरू लम्किए । मेरा केही परिचित व्यक्तिहरू बाटामा भेटिँदै गए । म एक्लै आफ्नो सुरमा थिएँ । मेरो दिमागमा बेखा दाइको आकृति घुमिरहेको थियो । मेरो आँखाले उसलाई नै खोजिरहेको थियो । सूर्यविनायक मन्दिरको उकालो सिँढी चढ्दा कोही फर्किरहेका पनि थिए ।

सूर्यविनायक मन्दिर नियमित मर्निङ् वाक आउनेहरू आपसमा भेट्दा 'जय शम्भो' भन्छन् । कोही त यति जोडले चिच्चाउँछन् कि एकसूरमा हिँडिरहेको मानिस झस्कन्छ । कोही मेरो पनि नजिक आएर 'जय शम्भो' भनेर अभिवादन गर्छन । म तिनीहरूलाई चिन्दिनँ । चिन्नु न जान्नु, जय शम्भो ? म वास्ता नगरी अघि बढ्छु । मर्निङ् गर्नेहरूको हुलमुलमा कतै बेखा दाइ भेटिहालिन्छ कि भनेर नजर घुमाइरहन्छु । सूर्यविनायक मन्दिरको परिसरभित्र मानिसहरूको चहलपहल छ । आज शनिबार हो, मन्दिरमा दर्शनार्थीहरू पनि आउँछन् ।

यस मन्दिरमा रहेको भित्ताको ढुङ्गामा गणेशको आकृति कुँदिएको छ । त्यस भगवानरूपी ढुङ्गामा पोखिएको रातो अबिर उठाएर निधारमा लाउँछु । घण्टहरू बजाउँछु । अनि मन्दिर परिसरको एउटा कुनामा गएर टुसुक्क बस्छु । मन्दिरमा मानिसहरूको गतिविधि नियाल्न मलाई रमाइलो लाग्छ । म आज बेखा दाइको तीव्र खोजीमा पनि छु । हुनसक्छ- उनी आज बिहान यतै हल्लिँदै आएका छन् कि ?

पहाडको भित्तामा जङ्गलबिच घेरिएर बसेको सूर्यविनायक मन्दिरको परिसर त्यसै पनि मनमोहक छ । तर सहरीकरणको चपेटाले सूर्यविनायक मन्दिर नजिकैसम्म छोपिसकेको छ । एकछिन पछि बिहानीको घाम चढदै जाँदा भोजभतेर

गर्ने, वनभोज खाने मानिसहरूको हुल ओइरिन थाल्छ । शनिबारको दिन पूरै मन्दिर परिसर र वरपरको वातावरण पूरै कोलाहलमय हुन्छ । तैपनि मन्दिरको तल भिरालोमा ठडिएका अजङ्गका मौवाका रूखहरूमा सुगाको बथान देख्न पाइन्छ । सदियौँदेखि बस्दै आएका होलान् यी सुगाहरू यहाँ । तर बिचरा यी चरीहरूको बासस्थान कहिलेसम्म जोगिने हो ? सूर्यविनायक जङ्गललाई खुला चिडियाघर बनाउने सरकारी योजनाले कहिले साकार रूप लिन्छ होला ? यस्तै सोच्दै बेखा दाइको प्रतीक्षामा मन्दिर परिसरमा निकैबेर बिताएपछि म त्यहाँबाट उठेँ ।

मन्दिर परिसरको मूलढोकाबाट सिँढी ओर्लँदै निस्किएँ । दायाँ मोडिएर इँटा छापिएको गोरटो बाटो उकालो लागेँ । बेलाबखत आइरहने भएकाले मलाई यो कुनै नौलो ठाउँ होइन । तर आज किन मलाई अलिक अर्कै अनुभूति भैरहेको थियो । गणेश मन्दिरको ठिक माथि माता पार्वतीको मन्दिर छ । करिब पाँच मिनेटको हिँडाइमा पुग्न सकिन्छ । फाट्टफुट्ट मानिसहरूको ओहोरदोहोर थियो । मन्दिर पुग्दा एकादुई मानिसबाहेक सुनसान थियो । मन्दिर वरिपरि चिलाउने र कटुसको बाक्लो जङ्गल छ । चाउचाउ, बिस्कुटका खोल, पानीका बोतल आदि इत्यादिको फोहोर पनि जताततै छ । यति रमणीय ठाउँमा घुम्न आयो, फोहोर यहीँ छाडेर गयो– नेपालीको बानी कहिले सुध्रिएला ? मलाई नेपालीको फोहोरप्रतिको चेतना सम्झेर विरक्त लागेर आउँछ ।

एकछिन बसूँ कि फर्कूँ भनेर दोधार हुदैँ थिएँ मन्दिर पछाडिको भिरालो कच्ची गोरटोबाट कोही आउँदै गरेको देखेँ । ओहो, बेखा दाइ जस्तो पो छ । म झन्डै चिच्याइनँ । कमिज सुरूवाल, शिरमा भादगाउँले कालो टोपी मैले सधैँ देख्ने गरेको बेखा दाइको उही पहिरन । रहस्यमयी कुरा गर्ने बेखा दाइ हेर्दा यति सामान्य लाग्छन् कि उनीसामु पर्दा एकदमै सहज लाग्छ ।

मैले नजिक आएपछि नमस्कार गरेँ । उनले दाहिने कानमा बैजनी रङको जङ्गली फूल सिउरेका थिए । दाइ सन्चै हुनुहुन्छ ?– मैले कुराकानीको मेसो निकालेँ । उनले मतिर नफर्की "अहँ" मात्र भने । बेखा दाइलाई भेटेर म रोमाञ्चित भैसकेको थिएँ । म उनीसँग कुरा गर्न आतुर थिएँ । उनले कानमा सिउरेको फूल मलाई अनौठो लाग्यो । मैले त्यस्तो फूल कहिल्यै देखेको थिइनँ ।

आज मलाई बेखा दाइसँग धेरैधेरै कुरा गर्नु थियो । उनको सम्पूर्ण रहस्य थाहा पाउनु थियो । के साँच्चै तीन सय वर्ष अघिदेखि उनी यस धरतीमा विचरण

गरिरहेका छन् ? के उनी राजा भूपतिन्द्र मल्लको समयदेखि अहिलेसम्म बाँचिरहेका छन् ? हुन पनि सक्छ ! त्यसमा मलाई के आपत्ति ! बरू उनीबाट सबिस्तार सबै कुरा सुन्न पाए हुन्थ्यो । अझ यो विषय मिडियाकर्मीले पाए सनसनी मच्चिन्थ्यो । तर उनको जीवन कहानी दुनियालाई विश्वास पनि लाग्नु पर्‍यो नि ! पहिला मलाई नै विश्वास लागेको थिएन । मैले जिस्केको भन्ठानेको थिएँ । जेहोस्, आज म बेखा दाइलाई छाड्दिनँ । उनको पूरै जीवन कहानी थाहा पाएरै छाड्छु ।

मैले आफ्नो मनसाय बेखा दाइलाई बताएँ । उनी आफ्नो रामकहानी सुनाउन राजी भए । त्यस शनिबार मैले दिनभरि सूर्यविनायक मन्दिर क्षेत्रमा बेखा दाइसँग बिताएँ । पिकनिक टोलीको कोलाहल, दर्शनार्थीहरूको भिडभाडबाट अलिक तर्केर हाम्रो वार्तालाप चलिरहयो । मेरा कतिपय जिज्ञासाहरूको बेखा दाइले जवाफ दिए । कतिपय जिज्ञासाहरूको मैले जवाफ पाइनँ । मलाई लाग्यो– सायद उनको स्मृतिबाट धूमिल भएर वा मेटिएर गयो होला । साँझ अँध्यारोले छोप्दै गएपछि बेखा दाइसँग घूलमिल फेरि चाँडै भेट्ने वाचा गर्दै बिदा भएँ ।

त्यसपछि मेरो बेखा दाइसँग भेट भएको छैन । मैले उनको खोजी नगरेको होइन । तर खोइ, उनी कता अलप भए । सायद कुनै अज्ञातस्थल तर्फको यात्रामा पुनः प्रस्थान गरे कि ?

उनको वास्तविक नाम रहेछ– जयपाल । हुन त उनले विभिन्न कालखण्डमा, परदेशको विभिन्न स्थानमा अन्य नामबाट पनि आफूलाई चिनाएका रहेछन् । मलाई महसुस भयो कि उनको जीवन कहानी मेरो पनि स्मृतिबाट नहराओस् । यो अजीव मनुवाको गजब कहानी अरूसँग पनि साझा गरौँ भनेर मैले लेख्ने जमर्को गरेँ ।

**(यस कथाको पहिलो भाग पनि अमरज्योति साहित्यिक त्रैमासिकमै प्रकाशित भएको थियो ।)**



# अध्यात्म चिन्तन र मानव शरीर

अच्युतप्रसाद पौडेल 'चिन्तन'

**शास्त्र के हो ?**

नेपाल देवभूमि हो, नेपालीहरू अध्यात्मप्रेमी छन् । हामीले अध्यात्म सागरमा पौडी खेल्दै जीवनलाई आफैँ उद्धार गर्न सक्नु पर्दछ । यहाँ केही जीवनोपयोगी सूत्रहरूको चर्चा गरिन्छ । वेदप्रणिहितो धर्मोह्यधर्मस्तद्‌विर्पययः । वेदो नारयणः साक्षात्स्वंभूरिति शुश्रुम ।। भागवत ६ । ४ । ४०, यसको अर्थः वेदले जे जुन कर्म र त्यसको विधान बताएको छ, त्यो नै धर्म हो, जे निषेध छ, त्यो अधर्म हो । वेद स्वयम् भगवान् हो, जीवको स्वाभाविक श्वासप्रश्वास स्वयम् ईश्वरको प्रकाश र ज्ञान हो । वेद अपौरूषेय छ, कुनै महापुरूष वा कसैबाट आएको नभई स्वयम् ईश्वर सृजित हो । अन्य धर्महरू कोही कतैबाट आएको पाइन्छ ।

ज्योतिषामपि तज्योतिस्तमसः परमुच्यते । ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥ गीता १३ । १७, यसको अर्थः त्यो परब्रह्म ज्योतिको ज्योति मायाबाट अझ पर छ, त्यो परमात्मा बोधस्वरूप, जान्न योग्य र तत्त्व ज्ञानबाट प्राप्त गर्न योग्य र सबैको हृदयमा विशेषरूपले स्थित छ । दिवा तपति आदिच्चो रति आभाति चन्द्रिमा । सन्नद्धो खत्तियो तपति झायी तपति ब्राह्मणे । अथ सब्बमहोरति बुद्धो तपति तेजसा ।। धम्मपद ३८७, यसको अर्थः सूर्य दिनमा प्रकाशित, रातमा चन्द्रमा, कवचले क्षत्रिय प्रकाशवान् हुन्छ भने ध्यानका कारण ब्राह्मण प्रकाशित हुन्छ । बुद्ध आफ्नो तेजले आफैँ प्रकाशित छन् ।

धर्म के हो ? सत्यमेवेश्वरो लोके सत्यं धर्मसदाश्रितः । सत्यमूलानि सर्वाणि सत्यान्नास्तिपरं पदम् ।। वाल्मीकि रामायण, यसको अर्थः सत्यले नै संसार अडेको छ, सत्यमै धर्म आश्रित छ र, सत्य नै सबको मूल जरो हो, धर्म हो, सत्यभन्दा अर्को ठुलो पद नै छैन । श्रद्धया धार्यते धर्मो बहुभिनीर्थराशिभिः ।। निष्किन्चना हि मुनयः श्रद्धावन्तो दिवं गताः । गरूड पुराण । अर्थः धर्मको धारण श्रद्धाबाट हुन्छ, धेरै धनबाट होइन, अत्यन्त निर्धनहरूले पनि श्रद्धाले स्वर्ग र मोक्ष प्राप्त गरेका छन् । धारणाद्

धर्ममित्याहुधर्मेण विधृताः प्रजाः । यः स्याद धारणसंयुक्तः स धर्म इति निश्चयाः, महाभारत १०९ । ११ शान्ति पर्व । यसको अर्थः धारण गर्नुको नाम धर्म हो, यसले अधोगतिबाट बचाउँछ र जीवनको रक्षा गर्छ । धर्मले नै सबै प्रजा अर्थात् प्राणीको रक्षा हुन्छ, धारण गरिराखेको हुन्छ, धारण अनि पोषण पनि हुन्छ त्यही नै धर्म हो ।

सत्येन धार्यते पृथ्वी सत्येन तपते रविः । सत्येन वाति वायुश्च सर्वं सत्ये प्रतिष्ठितम् । चाणक्य नीति ५ । १९, यसको अर्थः सत्यले पृथ्वी अडेको छ, सत्यले नै सूर्य उदाउने, अस्ताउने, प्रकाश गराउने हुन्, सत्यले वायु बहने, संसारमा भएका सबै सत्यले नै अडेका छन्, अतः सबैको आधार सत्य नै हो । सत्यं ब्रूयात् प्रियं व्रूयात् न व्रूयात् सत्यमप्रियम् । प्रियं च नाअनृतं व्रूयादेष धर्म सनातनः । । मनुस्मृति ४ । १३८, यसको अर्थः सत्य बोल्नू, सुन्नेलाई प्रिय लाग्ने बोली नै बोल्नू, सुन्नेलाई अप्रिय लाग्ने सत्य नै पनि नबोल्नू, सुन्नेलाई प्रिय लाग्छ भन्दैमा झुट पनि नबोल्नू । सत्यं ब्रह्म तपः सत्यं सत्यं विसृजते प्रजाः । सत्येन धार्यते लोकः स्वर्ग सत्येन गच्छति । महभारत, शान्ति पर्व, यसको अर्थः सत्य नै ब्रह्म हो, तप भन्नु पनि सत्य हो, सत्यबाटै प्रजा भनौँ प्राणीको रक्षा हुन्छ । सत्यले नै संसारलाई धारण गरेको छ, सत्यले नै स्वर्ग जाने हो । उपनिषद्ले ब्रह्म सत्यं जगन्मिथ्या भनेको छ । भागवत सत्यं परं धीमहि भन्दै आरम्भ हुन्छ । अर्थात् सत्य मात्रै ध्यान गर्न योग्य छ भनिएको हो, परम प्रभु त्यही हो जो अविनाशी र सत्य छ ।

भर्तृहरि भन्नुहुन्छ : भोगे रोगभयं, कुले च्यूतिभयं, वृत्ते नृपालाद्भयं । माने दैन्यभयं, बले रिपुभयं, रूपे जरायाः भयम् । शास्त्रे वादिभयं, गुणे खलभयं, कायेकृतान्ताद् भयं, सर्वं वस्तु भयान्वितं भुवि नृणां वैराग्यमेवाअभयम् । भर्तृहरिको वैराग्यशतक ३१, यसको अर्थः खानामा रोगको भय छ, कुलमा च्युत हुने डर छ, धनमा चोर र राज्यको भय छ, मानमा दीनताको डर छ, गरिबले धनीलाई सहन्नन्, बलवान्मा शत्रुको भय छ, रूपमा जरा बुढ्याइँको त्रास छ, शास्त्रज्ञका आलोचक बढी हुन्छन्, गुणीलाई निन्दाको डर हुन्छ, शरीरलाई कालको भय छ, संसारमा भयरहित केही छैन र त वैराग्य मात्र भयरहित छ । मनुस्मृति भन्छः धर्म एव हतो हन्ति, धर्मो रक्षति रक्षितः, यसको अर्थ धर्मको जसले रक्षा गर्छ, धर्मले उसलाई रक्षा गर्छ । त्यसैले गुरू व्यासको भनाइ छः अष्टादश पुराणेषु व्यासस्य वचनं द्वयम् । परोपकार पुण्याय पापाय परपीडनम् । १८ पुराणका रचयिता वेद व्यासले जम्मा दुई शब्द भनेः अरूको उपकार गर्नाले पुण्य हुन्छ र अरूको पीडाले पाप हुन्छ । मनुस्मृतिको भनाइ छः अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियग्रिहः । दानं दया दमः क्षान्तिः सर्वेषां धर्मसाधनम् । यसको अर्थः हिंसा नगर्नु, सत्य र आचरणमा बस्नु, चोरी नगर्नु, शुद्ध

रहनु, इन्द्रियलाई अधीनमा राख्नु, यथाशक्य दान गर्नु, सबैप्रति दया गर्नु, मनलाई नियन्त्रणमा राख्नु, सदैव शान्त रहनु मानव मात्रको धर्मको लक्षण हो । संसारका सबै धर्म सम्प्रदायहरूको अध्ययन गर्दा यस्तै विचार पाइन्छ ।

बुद्धको पन्चशील : हिंसारहित जीवन, चोरी नगर्ने, झुट नबोल्ने, व्यभिचार नगर्ने र मद्यपान नगर्ने हो । बुद्धका प्रमुख ४ वादहरू महायान, जसलाई पुरातनवाद भनियो, हीनयान जसलाई संशोधनवाद भनियो, बज्रयान जसलाई अस्तित्ववाद भनियो र थेरवाद जसलाई अनिश्वरवाद भनिएको छ । बुद्धका ४ आर्य सत्यमा दुःख सत्य, समुदय सत्य, निरोध सत्य र मार्ग सत्य हुन् । जैन धर्मका पनि ४ वाद छन् । दिगम्बरवाद जो निर्वस्त्र हुन्छन्, श्वेताम्बरवाद जसले सेतो वस्त्र धारण गर्छन्, श्वेताम्बर जो मूर्तिपूजक छन् र अर्का श्वेताम्बर जो तेरापन्थी हुन् ।

ईश्वरका बारे क-कसले के भने त ? यं शैवा समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो । बौद्धाः बुद्धः इति प्रमाणपटकः कर्तेति नैयायिकाः । । अर्हन्नित्यथ जैन शासनरता कर्मेति मीमाँशकाः । सोअयंमे विदधातुवान्छितफलम् त्रैलोक्यनाथो हरिः । । यसको अर्थः शैवमार्गीहरूले ईश्वरलाई शिव भने, वेदान्तीहरूले ब्रह्म भने, बौद्धमार्गीहरूले बुद्ध भने, नैयायिकहरूले कर्ता भने, जैनमार्गीहरूले अर्हन्त भने, मीमांसकहरूले कर्म भने, जसले जे भने ठिकै भने, तीनै लोकका मालिक त्रैलोक्यनाथका श्रीहरि, परमेश्वरबाट मानव मात्रले वाञ्छित फल पाऊन् हामी यही भन्छौँ । शिखमार्गीहरूले गुरू नानकको उपासना गर्छन् । उनका प्रार्थनामा ५ नाम छन्ः सत्य, यथार्थता, ईश्वरको नाममा दया, सद्विचार, ईश्वर स्तुति र उनैको गुणगान ।

यजुर्वेदले संसारभरि शान्ति भनेको छ, सामवेदले शरीरका सबै अङ्गले कल्याण सोचुन्, देखुन, पूर्णायु होस् भन्दै संसारैभरि हितकर होस् भनेको छ । द्यौ शान्ति, स्वस्तिन इन्द्रो भन्ने वाक्यांशहरू तमाम व्यक्तिहरूले उच्चारण र व्यावहारिक प्रयोग गर्ने भन्ने चाहेको छ, ऋग्वेद मन्त्रहरूको खानी नै हो र अथर्व वेदले अर्थ संसारको, विकासको, विज्ञानको उपयोग र सदुपयोग खोजेको छ, स्थापत्यवेद वास्तुशास्त्र यसैमा पर्छ, मानव विकास र कल्याण अनि प्रगति । गीताले भनेको छ मन एव मनुष्याणां कारणं बन्ध मोक्षयोः, उपनिषदले पनि यही भनेको छ अर्थात् बन्धनमा पर्ने वा मुक्ति पाउने आफ्नै मनले हो मान्छेको । देवी भागवतको श्लोकः न देहो न च जीवात्मार्नेन्द्रियाणि परं तपः । मन एव मनुष्याणां कारणं बन्ध मोक्षयौः । यसको अर्थः बन्धनको कारण न देह हो, न जीव वा इन्द्रियहरू नै, बरू मानिसको मन नै यसको कारण हो शुकदेव स्वामी लगायत राजर्षि जनकहरूको

निचोड हो यो । देह भएर पनि जनक विदेह हुन् उनी भन्छन्ः देहोअयं मम बन्धोअयं न ममेति च मुम्तता । तथा धनं गृहं राज्यं न ममेति च निश्चयः ।। यसको अर्थः यो देह मेरो हो, म बद्ध छु, यस्तो विचारले मुक्त हुन सकिन्नँ, धन र राज्य पनि मेरो होइन, मलाई दृढ निश्चय छ देह नै मेरो होइन, मैले आर्जन गरेको राज्य मेरो कसरी हुन्छ र । त्यसैले म विदेह हुँ, शुकदेवलाई अर्थ्याउँदै जनक भन्नुहुन्छ । त्यसैले जनकलाई शुकदेवले गुरू मानेका हुन् ।

महाभारत ३९ । ७२ अक्रोधेन जयेत् क्रोधमसाधुं साधुना जयेत् । जयेत् कदर्यं दानेन जयेत् सत्येन चानृतम् ।। यसको अर्थः अक्रोधले क्रोधलाई जित्नु, असाधुहरूलाई साधुको व्यवहारले जित्नु, कृपणलाई दानले जित्नु र झुटलाई सत्यले जित्नु यसको अर्थ हो । बुद्धको धम्मपद २२३ ले भनेको छः अक्कोधेन जिने कोधं असाधुं साधुना जिने । जिने कदारियं दनेन सच्चेन अलिकवादिनं । यसको अर्थः क्रोधीलाई अक्रोधले जित्नु, असाधुलाई साधु भएर, नराम्रो गर्नेलाई राम्रो गरेर, कृपणीलाई दिएर र असत्यवादीलाई सत्यबाट जीवन सञ्चालन गर्नु वेश हुन्छ ।

महाभारतले भनेको छ कर्म नगर्ने र उदासीन गृहस्थ र माया, ममता, सङ्ग्रहमा रहने सन्यासी कसैले भलो गर्न सक्दैनन् । शिव पुराणले भनेको छ मम अर्थात् मेरो भन्नु दुःख निम्त्याउनु हो, न मम अर्थात् मेरो होइन भन्नु परम् सुख हो । भागवतले भनेको छ आशा हि परम् दुःख निराशा परमं सुख । योग के हो भन्ने अर्थमा गीताले योगश्चित्तवृत्ति निरोधः भनेको छ । यसको अर्थ हो चित्तका अनेकन् वृत्तिहरूको निरोधको नाम योग हो । योगले जोड्ने काम गर्छ, जीवको शिवसँग, आत्माको परमात्मासँग । कर्मयोग, ज्ञान योग र भक्तियोगको चर्चा छ गीतामा । कर्मले मल दोष निवारण गर्छ, भक्ति भनौँ उपासनाले विक्षेप दोष निवारण गर्छ, ज्ञानले आवरण दोष हटाई स्वप्रकाश गराउँछ । ज्ञान वा वेदान्त भन्नु अद्वैत हो, दुई नभई एक भन्नु अद्वैत हो । कर्मयोगीहरूको मतमा यज्ञ, तप, दान, व्रत, यम, नियम आदि पुरूषार्थ हो । आत्मज्ञान प्राप्त गरिसकेका योगीहरूले भने जलले पूर्ण र मृत पाषाणका मूर्तिहरूमा पनि स्नान वा पूजा गर्न त्यति रूचि देखाउँदैनन् । उनीहरूले ज्ञान प्राप्त गरिसकेकाले कर्म गर्न कुनै बाँकी नै हुन्नँ । कर्मकै बारे गीताको निचोड छ : क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति । गीता ९ । २१ अर्थ हुन्छ, अर्थात् मानिसले गरेको पुण्य सञ्चिति सकिएपछि मर्त्यलोकमै फर्कनु पर्छ, मर्ने चोलाहरूको आश्रयस्थललाई मर्त्यलोक भनौँ पृथ्वी भनिन्छ । पृथ्वीको गुण मोह र लोभ हो । मधु र कैटभलाई विस्थापित गर्दै पृथ्वी उदय गराइएको भनेका छन् शास्त्रहरूले । भगवान्को नाभिबाट ब्रह्मा उदय गराई विश्वको सिर्जना गरिएको र सर्जक ब्रह्मा, पालक

उनै विष्णु अनि संहारको जिम्मा रूद्रलाई दिइएको छ, यी पृथक् होइनन् कार्यभेदले अलग देखिएका, स्वरूप फरक देखिएको हो । यसैलाई जि.ओ.डी. 'गड' भनेका छन् पश्चिमाहरूले । सबै शास्त्रहरूको निचोड अद्वैत हो, एकं ब्रह्म द्वितियो नास्ति, द्वैतं नो सहते श्रुति भनिएको छ, वेदान्तले 'शिवोअहं भनेको छ ।

ओशोले योगलाई विशुद्ध विज्ञान हो भनेका छन् ।

विवेक चूडामणिको शब्दमा न योगेन न साँख्येन कर्मणा नो न विद्यया । ब्रह्मात्मैकत्वबोधेन मोक्षः सिध्यति नान्यथा । यसको अर्थ हुन्छ : न योगले, न साङ्ख्य योगले न यज्ञकर्मादिले, न विद्याबाट दोषको निवृत्ति भई परमानन्द प्राप्ति नै हुन्छ, ब्रह्मको एकत्वबोधबाट मात्रै मोहको क्षय हुन्छ, मोक्ष हुन्छ, शब्दार्थले पनि स्पष्ट हुन्छ मोहको क्षयीकरण नै मोह हो । वेदान्त भन्नु आद्य गुरू शंकराचार्यको शांकर भाष्य आदि उनका कृतिहरू हुन् । वेदान्त दर्शनका ३ प्रस्थानविन्दुहरू छन्, जसलाई प्रस्थानत्रयी भनिन्छ । यी भनेका उपनिषद्, ब्रह्मसूत्र र गीता हुन् । उपनिषद् श्रवणात्मक छ, ब्रह्मसूत्र मननात्मक छ र गीता भने निदिध्यासनात्मक छ, यिनको विवेचना जति गरे पनि कम हुन्छ, विन्दु, अक्षर अक्षर केलाई पृथक् विवेचना गर्न सकिन्छ । रामायण वाल्मीकिले भवानीशँकरौ वन्दे श्रद्धाविश्सासरूपिणौ । याभ्याँ बिना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम् भनेको छ । यसको अर्थ हुन्छ भगवान् र शङ्कर भन्नु दुई श्रद्धा र विश्वास हुन् । यिनको नमनपछि मात्रै आत्मेश्वर ईश्वर चिनिन सक्छ, सिद्ध महात्माहरूले पनि ईश्वर देख्न सक्दैनन्, ईश्वर अनुभूतिको विषय हो प्रत्यक्ष देखिने होइन । प्रत्यक्षमा ईश्वर साकार ब्रह्माण्ड हो, अप्रत्यक्षमा ईश्वर निराकार सबैको चित् शक्ति हो, जसको अभावमा सबैको अन्त्य भइहाल्छ । बाइबलले पनि जो मानिस आत्मिक छैन, उसले आत्मिक कुरा जान्दैन, परमेश्वरको आत्माका कुरा उसले बुझ्दैन र जान्दैन, साधारण व्यक्तिले बुझ्न सक्दैन आत्मिक ईश्वर प्राप्त त कसरी होला र । आत्मा जान्ने अल्लाह हुन् भनिएको छ, आत्माले मात्रै आत्मा देख्न सक्ने भनेको छ । गीताले आत्मा अमर छ भनेको छ, उसको जन्म, मृत्यु, सुख, दुःख भन्ने हुन्न, यो शास्वत छ र कहिल्यै क्षीण हुन्न भनेको छ । घट्ने, बढ्ने पनि हुन्न, विकार रहित छ, सत्, चित् आनन्दरूपको अंश हो, यसले सबै जड पदार्थहरूको सत्तालाई स्वचालित गराउँछ, आफू साक्षीरूप हुन्छ, केही गर बा नगर भन्ने आदेश दिँदैन केवल साक्षी बस्छ, स्वयं प्रकाशवान् छ यो भेदरहित छ, आकारप्रकारले देख्न तौलन सकिन्न, एक रौँको हजारौँ गुणा कम भएकाले सूक्ष्मदर्शक यन्त्रले पनि यो देखिन्न, विज्ञान यसको खोजीमा त छ तर अधुरो खोजीमा ।

# यस्तै छ यहाँ



**रामप्रसाद पोखेल**

लाटा छन् जनता अज्ञान सरिका; भोटै त बेची दिने
बाठा छन् दलका दलालहरू भोटै किन्न तम्सी लिने
ज्ञानी छन् त कहीँ कतै तलबमा कर्मै गरेका कति
बाँकी छन् बिकने ति जाँड रसमा चोक्टा नि खाने अति ।

खाने हो परिकार जे छ घरमा; खान्छौ त द्रव्य यहाँ
भ्रष्ट्रैचार जतातत्तै मुलुकमा; बेहाल हामी यहाँ
नेता छन् चतुरा बुढै ति दलका; गर्छन् अनौठा कुरा
पुर्खाको तुलना हुँदैन अहिले; बेमानमा छन् सुरा ।

खान्छन् रे कतिले सुनै र धनको रासै उडाई दिने
खाली ठाउँ कहीँ मिले पनि नराखी आफ्नो बनाउने
न्यायै छैन यहाँ घटेर सकियो न्यायालयै नामको
राज्य यो कसरी उँभोतिर हुने होला र यो कामको ।

के भो यो परिवर्तन कचडा सारा ति उल्टै भए
छाडे बास यहाँ बने सडक रित्ता गाउँ बन्दै गए
बेसीमा नहरै बने सब कुला खेतै त बाँझो भए
राम्रा गोठ बने घरमा पशु घटे पाल्न छाडी गए ।

बस्दैनन् तरूणै जवान घरमा देखेर आशा सबै
यस्तै चाल रहे यहाँ मुलुकको बन्दैन केही कबै
नेपाली हुनुमा छ गर्व अति नै यो देश राम्रो हुँदा
घोचेको सरहै पीडा अति हुने माटो अरूले छुँदा ।



# नजन्मिएको छोरो

राजु शर्मा

मेरो हिरोको तातो श्वास मेरो नाकको पोहराभित्र छिऱ्यो । ऊ कोल्टे फेऱ्यो । उसको डँडाल्नु मपट्टि फर्कियो । पुटुक्क उक्सिएको भुँडीले उसको ढाडलाई श्पर्श गऱ्यो । उसको तातो श्वास मेरो अनुहारका अवयवहरूको श्पर्श गरेर गए । 'बिचरा दिउँसोको दौडधुपले थकित भयो होला !' उसप्रतिको माया टुसाएर आयो । गम्लङ्ङ अङ्कमाल गरेर चुम्बन गर्ने तीव्र अभिलाषा जाग्यो । निदाएको ! उसलाई बाधा पुऱ्याउने चाहनाको अगाडि अभिलाषा मुर्छा परेर ढल्यो । फेरि दुवै हात फुलेको भुँडीतर्फ बढ्यो । सुमसुम्याएर मातृत्वको वात्सल्यतालाई जगाउने प्रयत्न गरेँ । मेरो हिरोको उपहार मेरो भुँडीमा बढ्दै गैरहेको अनुभूतिले झन् उसप्रति मायाको समुद्र उर्लिएर आयो । आँखामा निद्रा नामको कुनै आभाससम्म महसुस भएको छैन । जति निदाउने प्रयत्न गर्दा पनि आँखा झिमिक्क हुन मान्दैन ।

फेरि ऊ मतिरै फर्कियो । उसको नाक, आँखा, निधार, मुख, कपाल सबैको सूक्ष्म रूपमा निरीक्षण गर्ने चाहना मनमा पलाएर आयो । उसको मुहारका अवयवहरूको सूक्ष्म निरीक्षणपछि आफ्नो अनुहारलाई पनि हेर्न मन लाग्यो । आ ! यो अनुहारलाई बिहानै बेलुकै ऐना अगाडि बसेर हेरेकै हो । गर्भको बच्चा छोरा भएको परीक्षणबाट जानकारी पाइसकेका थियौँ हामी दुईले । कसैलाई नभन्ने सर्तमा डा. विवेकले खुसुक्क कानमा साउती गरेका थिए । रूद्रघन्टी नभएको फाइदा मज्जैले उठाइसकेको थिएँ, साथीभाइको कान फुकेर । निर्धक्कसँग ऊ निदाइरहेकै थियो, म भने उसको नाक, कान, आँखा, निधार, कपाल आदिको निरीक्षण मज्जैले गर्न भ्याइरहेको थिएँ । विशेष गरेर उसको आँखा र कपाल मलाई खुब मन पर्छ । नसालु आँखामा त म लट्ठै परेको थिएँ । थोरै घुम्रिएको कपालले उसको अनुहारलाई मज्जैले खुलाएको थियो । मेरो चाहना कपाल र आँखा उसको, नाक र मुख मेरो ! म मेरो छोरोको अनुहारमा यी अवयवहरू समावेश भएको हेर्ने अभिलाषा राख्छु । हुन पनि मेरा आफन्त र साथीसङ्गीहरूको नजर विशेष गरेर मेरो नाक र मुखको बनावटमा हुने गर्दथ्यो । उनीहरूको भनाइअनुसार मेरो नाक

र मुखको बनावट अनुहारमा औधी खुलेको छ रे ! त्यस्तो तारिफले म गमक्क फुल्थेँ । त्यसैले पनि आफना प्रिय वस्तु सदासर्वदा आफ्नो आँखा अगाडि सधैँ रहिरहोस् भन्ने चाहना जाग्यो ।

ऊ फेरि कोल्टे पऱ्यो र घुर्न थाल्यो । उसको ढाड फेरि मतिर फर्कियो । 'कस्तो सुत्न सक्या होला !' उसको सुताइ देखेर दया जागेर आयो तर आफ्नो मान्छे मेरो छोराको बाबु कस्तो नराम्रो सोचाइ सोच्न सक्या होला ? आफैँलाई गाली गर्न मन लाग्यो । उसलाई गम्लङ्ङ अङ्गालोभित्र कस्न मन लाग्यो । मेरो बेचैनी झन् झन् बढ्दै जान थाल्यो । यसो दुवै जना मिलेर भावी वंशको आगमनमा खुलेर छलफल गर्न मन लागेर आयो तर आफूलाई मात्र लागेर के गर्नु ! बिचरा ! यसैको भविष्यको लागि दिनभर काममा खटिन्छ । कति थकाइ लाग्दो हो । लोग्ने सुतेको पनि ईर्ष्या गर्ने कस्ती स्वास्नी रहेछु म । आत्मग्लानिले भतभत पोल्यो । यही मौकामा पुटुक्क भुँडीभित्र केही चलमलाए जस्तो आभास भयो । उसको बाबुलाई गाली गरेको थाहा पाएछ क्यारे !

आजै दिउँसो सासूआमा भन्दै हुनुहुन्थ्यो नातिको नाम... यो राख्ने, ससुराबुबा झन् के कम मेरो नातिको नाम ...यो राख्ने । दुवैको बहसको साक्षी म बसिरहेको थिएँ । सासूआमा र ससुराबुबाबिचको जुहारीमा मेरो गर्भको छोरो पनि साक्षी बस्दै थियो । मैले महाभारतको अभिमन्युलाई सम्झिएँ जसले चक्रव्यूहको बारेमा आमाको गर्भमै सुनेका थिए रे ! मेरो छोराले पनि सुन्यो होला ?

उता माइतमा ! हुन त माइत शब्द मलाई पटक्कै मन पर्दैन, जन्मघर भन्या भए भै हाल्थ्यो । आफू जन्मी हुर्केबढेको घर जन्म घर र विवाह भएर आएपछिको घर कर्म घरभन्दा उपयुक्त हुन्छ जस्तो लाग्छ आफूलाई त ! आमा र बुबाले नातिको नाम छुट्टाछुट्टै जुराउनु भएको रहेछ । हामीले भने गुगललाई नै जिम्मा दिने निर्णय गरेका छौँ ।

मेरी साथी भन्दै थिई, 'हेर नाम राख्दा सुरूको अल्फाबेट अर्थात् सुरूको शब्द 'ए' बाट आउने नाम राख है । '

मैले 'किन !' भनेर प्रश्न गरेँ ।

उ भन्थै गई, 'विदेशमा जहाँसुकै पालोमा बस्दा अल्फाबेटबाट जुन पहिला आउँछ त्यही नाम अगाडि बोलाइन्छ । त्यसकारण 'ए' अल्फाबेट आउने नाम राख्दा अति उत्तम हुन्छ ।

'क्या दूरदर्शी सोचाइ माने बाबा मैले त्यो बुद्धिलाई', मैले उसको तारिफ के गरेको थिएँ, उसको त घिरौँलाको जत्रो नाक भै हाल्यो ।

भित्ताको घडीले टक टक गरेर आवाज फालिरहेकै थियो । रातको सन्नाटामा कोठाभरि त्यो आवाजले साम्राज्य फैलाउँदै गएको महसुस हुन थाल्यो । घडीमा आँखा गएर ठोक्कियो । आधारातको पूर्वाङ्ग सुरू भैसकेको रहेछ, १२ बज्न १५ मिनेट बाँकी अर्थात् पौने बाह्र । आधा रात व्यतीत भइसकेछ भन्ने अनुभूतिले जबर्जस्ती निदाउने कोसिस गरेँ । तर खै किन हो ! आँखा झिमिक्क हुन मान्दै मान्दैन । दिमागले आराम नचाहेर हो कि ! मन औधी रमाएर हो ! उसले थाहा नपाउने गरेर उसको अङ्गालोमा लुसुक्क छिरेँ । उसले बलिष्ठ पाखुरा पसारिदियो, मैले त्यसैलाई सिरानी बनाएँ । कुनबेला भुसुक्क निदाएँछु ।

हामी दुई नियमित जाँच गर्न अस्पतालको प्राङ्गणमा ठिक आठ बजे दाखिला भयौँ । गाइनोलोजीको जाँच हुने कोठातर्फ बढ्यौँ । गर्भ रहेको यकिन गर्न पनि यसै विभागमा आएका थियौँ । त्यसबेलादेखि आजसम्म नियमित रूपमा यही गाइनोलोजी विभागमा जाँच गराउँदै आएकाले हुनसक्छ हामीलाई कसैको सहायताको जरूरत परेन । हामी सरासर गएर डा लसताको टेबुल अघिल्तिर ठिङ्ग उभियौँ । डा लसताको टेबुल वरिपरि बिरामी महिलाको बाक्लो उपस्थिति थियो । केही समय धैर्य गर्नु सिबाय हामीसँग कुनै उपाय थिएन । केही समयको पर्खाइपछि हाम्रो पालो आयो । शिष्टाचार आदान-प्रदान भयो । डा. लसताको इसारा अनुसार बेडमा गएर लम्पसार परेँ ।

'कति हप्ता भयो ?' उनले मतर्फ प्रश्न फालिन् ।

नियमित जाँच्ने कार्डमा सबै खुलाएर लेखिएकै थियो, त्यो पनि डा आफैँले तर पनि उनलाई आफूले लेखेको हेर्ने फुर्सद थिएन ।

उनको प्रश्नको उत्तर '२० हप्ता भयो' मैले निमेषभरमै फर्काएँ ।

डा. लसताले सूक्ष्म रूपमा जाँच गरिन् र भनिन्, 'एकपल्ट फेरि भिडियो एक्सरे गरेर हेर्नुपर्छ', उनले ओ.पी.डी. कार्डमा केही लेखिन् ।

जाँचपश्चात् म बाहिर निस्किएँ । उहाँ डा. लसतासँग केही जानकारी लिने उद्देश्यले ठिङ्ग उभिरहनुभएको थियो । केही समयपश्चात् उहाँ पनि बाहिर आउनुभयो । 'के छ रे ?', मैले सोधिहालेँ ।

'ठिकै छ रे भिडियो एक्सरे गर्नुपर्छ भन्नुभएको छ । तिमी बस्दै गर, म शुल्क तिरेर आउँछु', उहाँ भिडियो एक्सरे गर्न पैसा तिर्न काउन्टरतिर लाग्नुभयो । म कुरिरहेँ ।

हामी भिडियो एक्सरे गर्ने कोठामा छिऱ्यौँ । डा. विवेक फुर्सदमै हुनुहुँदो रहेछ । उहाँको इसाराअनुसार बेडमा पल्टिएँ । मभित्र विकसित हुँदै गैरहेको मलाई आमाको दर्जा दिने मेरो छोरो हुर्किरहेको पेटमा जब डा. विवेकको हात सलबलायो, अनायासै आँखा रसाएर आयो । आँखामा टिप्लिक्क टल्किएका आँसुका कणहरू सोत्तर बनेर परेलाका कुनाकाप्चा हुँदै गालातर्फ अगाडि बढे क्रमशः ओठमा पुगेर एकैछिन विश्राम लियो । मलाई नुनिलो स्वादको महसुस भयो तर घुटुक्क निल्ने आँट जुटाउन सकिनँ । मुखभित्र जम्मा पारेर राखेँ । डा. विवेकले देब्रे हातमा लिएको डल्ले बोतल बल गरेर निचोरे । बोतलको मुखबाट पिचिच्च लेसिलो पदार्थ निस्कियो । भुइँमा झर्नुभन्दा पहिले बोतलको चुच्चो मेरो पेट वरिपरि दले । मैले सङ्कोचको एक नजर डा. विवेकको अनुहारमा फालेँ । डा. विवेकको नजर सामुन्नेको स्क्रिनमा एक तमासले घोत्लिरहेको देखेँ । त्यही मौका छोपेर मुखमा थुपारेर राखेको नुनिलो आँसु घुटुक्क निलिदिएँ । सामुन्ने उभिरहेको मेरो हिरोतर्फ फर्किएर डा. विवेक केही भन्दै थिए । मैले डा. विवेकको आवाज ठम्याउन सकिनँ । त्यही मौकामा आँखाको नानी कोठा वरिपरि नचाएँ । स्क्रिनमा पुलुक्क आँखा गएर टाँसियो । गगनमा विभिन्न आकारमा नाचिरहेका कालो बादल, सेतो बादलले बनाएका अनुमानका विभिन्न आकृति र चित्रहरू बिच सधैँजसो चलिरहने घम्साघम्सी जस्तो मेरो आँखा सामुन्नेको स्क्रिनमा अस्पष्ट आकृति नाचिरहेको देखेँ । फेरि आँट जुटाएर डा. विवकेको अनुहारमा पुलुक्क हेर्ने दुस्साहस गरेँ । अफसोस ! डा. विवेकको नजर पनि मैतर्फ सोझिएको रहेछ, उसको र मेरो आँखा ठोक्किई हाल्यो । अपराधवोधले निमेषभरमै अगाडि ठिङ्ग उभिरहेको मेरो हिरोको आँखामा लगेर टाँसेँ ।

'के भयो ?' मेरो हिरोको जिज्ञासामा केही भएको छैन भनी मुन्टो हल्लाइदिएँ ।

डा. विवेक सावधानीपूर्वक पेटमा कम्प्युटरको माउस आकारको सानो वस्तु यता उता नचाइरहेकै थिए । स्क्रिनमा कालो सेतो अस्पष्ट आकारका सेता काला धर्साहरू सलबलाइरहेका देखिए । ती स्क्रिनभित्रका दृष्यलाई देखाउँदै डा. विवेक नजिकै ठिङ्ग उभिरहेको मेरो हिरोसँग मसिनो स्वरमा सल्लाह गरिरहेका थिए । दुवैको अनुहारलाई गौर गरेर पढ्ने कोसिस गरेँ, डा. विवेकको अनुहारमा कुतूहलता र जिज्ञासा सलबलाइरहे जस्तो भान भयो, फेरि ठिङ्ग उभिइरहेको मेरो हिरोको अनुहारलाई पनि पढने प्रयत्न दोहोऱ्याएँ । भयग्रस्त अनुहारमा

जिज्ञासै जिज्ञासाभित्र अलमलिएजस्तो लाग्यो । कुतूहलताभित्रको जिज्ञासा र भयग्रस्त जिज्ञासाको साक्षी बस्नु परेकोमा आफैँलाई आत्माग्लानि महसुस भयो । 'अझै स्पष्ट देखिएन', डा विवेकको आवाज मेरो मस्तिष्कमा गएर ठोकियो ।

'के देखिएन भनेको होला ?' उसको चञ्चलताको अनभूति मैले गरिरहेकै छु । उसको कोमलता र नरम पाइतालाले मेरो भुँडीभित्र परेड खेलिरहेकै छन् । ठिङ्ग उभिरहेको मेरो हिरोको अनुहारमा भय पोतिएको स्पष्ट देखियो । उसले डा. विवेकको जिज्ञासाको उत्तर कसरी दिन सक्थ्यो र ! विनाअनुभव ! पुनः डा. विवेकले एकैछिन विश्राम लिने आशय व्यक्त गरे । तीनै जनाको स्वीकृतिमा आधा घण्टाको विश्रामपछि पुनः परीक्षण चालु राख्ने सहमति जुट्यो । डा. विवेक अर्को कोठामा छिरे । हामीहरू बाहिर निस्कियौँ ।

बरन्डाका दुवै लाइनमा सुविधाको लागि राखिएका मेचहरू भुइँमा टाँसिएर लम्पसार परेका छँदै थिए । बिरामीको चापले ती मेचहरूले विश्राम लिन पाएका थिएनन् । भर्ना भएका बिरामीका कुरूवाहरू साँघुरो मेचमा अधुरो निद्रा पूरा गर्न मस्तसँग घुर्दै थिए । जँचाउन आएका बिरामीका आफन्त साथीभाइहरूको भिडले अस्पतालको बरन्डा, प्यासेज ढाकिएको थियो । बिरामीको सङ्ख्याभन्दा आफन्त र साथीहरूको सङ्ख्या धेरै देखिन्थ्यो । आफन्त र साथीभाइले नै बिरामीको सुविधाको लागि छुटयाइएको मेच भरिएका थिए । थामिनसक्नुको भिडलाई नियन्त्रण गर्न अस्पतालले मितव्ययिता अपनाएकाले होला ! एक जना गार्ड दाइ यताउता गर्दै थिए । ती गार्ड दाइको रूक्खो आवाज जब फुत्कन्थ्यो, केही क्षणको लागि बरन्डा र प्यासेजमा सन्नाटा छाउँथ्यो, फेरि बिस्तारै वातावरण पहिलेकै स्थितिमा फर्कन्थ्यो ।

पल्लो कुनाको मेचमा अलिकति खाली ठाउँ रहेछ, म त्यहीँ गएर टुसुक्क बसेँ, सँगै बसिरहेकी धम्मरधुस अधबैँसे आइमाई असहजता महसुस गर्दै उठेर अर्को कुनाको झ्यालमा अडेस लाउन पुगी । ऊ उठेर गएपछि अर्को दुई जनालाई पुग्ने ठाउँ खाली भयो । मेरो हिरोलाई खाली भागमा बस्ने इसारा गरेँ ।

'म बाहिर निस्किएर आउँछु' उ भऱ्याङतिर बढ्यो ।

उसलाई भऱ्याङको खुड्किला नझरून्जेल हेरिरहेँ । मनमा अनेक शङ्काहरू मडारिएर आउन थाले । डा. विवेकको र उसबिचको कुराकानीलाई मैले ठम्याउन सकेको थिइनँ । सायद केही रहस्य लुकेको छ कि ! अनुमानको ढोका उघारियो ।

आधा घण्टाको विश्रामले एक घण्टाको समय लियो । एक घण्टापछि कोठा नं ५ बाट आधा शरीर बाहिर निकालेर निलो कोट लगाएकी अधबैंसे युवती चिच्याई । म मेचबाट जुरूक्क उठैं, कोठा नं ५ तर्फ बढैं । मेरो हिरो कुनाको मेचमा आएर पहिले बसिसकेको रहेछ, ऊ पनि उठेर कोठा नं. ५ तर्फ लाग्यो । सरासर गएर बेडमा पल्टैं, अभ्यस्त निर्भीक भएर । हामी डा. विवेकको आगमनको प्रतीक्षा गर्न थाल्यौं । डा. विवेक कोठाभित्र छिरे । मेरो हिरो सामुन्ने ठिङ्ग उभिरहेकै थियो । फेरि मेरो पेटमा मुसारूपी माउस जस्तो वस्तु सलबलायो, उसले डल्ले बोतल निचोर्‍यो, अलिकति चिल्लो दल्यो । स्क्रिनमा काला सेता धर्साहरू केही अस्पष्ट चित्र सलबलाए । अभ्यस्तताले हो कि ! अरू केहीले हो ! अहिले भने मेरो सङ्कोच अलिकति खुम्चियो पूरै नहटे पनि पहिलेभन्दा अलिकति सङ्कोच हट्यो ।

शिशु कोल्टे फेर्छ कि भन्ने विश्वासमा एक घण्टा विश्राम लिएको भन्ने डा. विवेको स्पष्टीकरणले अलिकति अन्योलता हट्यो । डा विवेकको स्पष्टीकरणसँगै शङ्काको बीजारोपण भयो त्यसले गर्दा मेरो मुटुमा घोच्यो । मनमा चिसो पस्यो । पाइतालादेखि टाउकोसम्म चिसो दगुर्‍यो । सारा शरीर कठयाङ्ग्रिएर बरफ बन्ने हो कि भन्ने भय बढ्यो । आँखाले सहाराका लागि मेरो हिरोलाई पछ्यायो । बिचरा ! उसले त झन् रूझेको आँखा मतर्फ पो फाल्यो । त्यसैबेला डा. विवेकले लामो श्वास फेरे उनको श्वासले मेरो कपाल सुमसुम्याएर गयो । मलाई मेरो छोराले लात हानेर सजग गराएको आभास भयो । मेरो मातृत्व गर्विलो भई सारा शरीरभरि फैलियो । गरूङ्गो छाती हलुका भएको महसुस भयो । सारा शरीरभित्र फेरि तातो रगत बगेको आभासले मन प्रफुल्ल भयो । मेरो हँसिलो अनुहार देखेर ऊ पनि मुसुक्क मुस्कुरायो ।

'मानिसको मुटु मुट्ठी आकारको हुन्छ । यो अत्यन्तै बलियो मांशपेशीले बनेको हुन्छ । यसको तौल महिलामा २५० ग्राम र पुरूषमा करिब ३०० ग्राम हुन्छ । प्रत्येक मिनेटमा हाम्रो मुटु ६० देखि १०० पटकसम्म अर्थात् औसतमा ७० देखि ८० पटकसम्म धड्किन्छ । प्रतिदिन हाम्रो मुटु लगभग एकलाखचोटि धड्किन्छ । मुटुको प्रत्येक धड्कनमा लगभग ७० मिलि रगत मुटुबाट निस्केर शरीरको सम्पूर्ण भागमा पुग्ने गर्छ । डा. विवेक मुटुको प्रवचन दिन थाले । अकस्मात् उनको मुखबाट फुत्किएको मुटुको परिभाषाको अर्थ मैले खुट्टयाउन सकिनँ । मैले मेरो हिरोको आँखामा जिज्ञासा खोज्ने प्रयत्न गरैं । ऊ पनि अलमलिएर रूमलिए जस्तो लाग्यो ।

आँट जुटाएर प्रतिप्रश्न फुत्काएँ, 'डासा'ब मुटुको प्रवचन हामीलाई किन सुनाउनु भैरहेको छ । गर्भको शिशुको अवस्था कस्तो छ त्यो भन्नुस् न ! बेतुकको कुरा के गर्दै हुनुहुन्छ ।'

डा. विवेक मुसुक्क मुस्कुराए ।

मेरा मनमा आँधीबेहरी चल्न थाल्यो । म मेरो हिरोबाट समस्याको समाधान होस् भन्ने चाहना स्वरूप, उसलाई आँखाको इसाराले सजग बनाउन खोज्थैँ । ऊ पनि टवाल्ल परेर कम्प्युटरको स्क्रिनमा टोलाइ रहेको पाएँ । डा. साबलाई बिचैमा रोक्ने दुस्साहस हामीले गरेनौँ ।

उनी भन्दै गए हामी सुन्दै गयौँ । "मुटुको बायाँ भागमा २ वटा र दायाँ भागमा दुइवटा गरी जम्मा ४ वटा चैम्बरहरू (कोठाहरू) हुन्छन् । माथिका कोठाहरूलाई एट्रियम र तलका कोठाहरूलाइ भेट्रिकल भनिन्छ । दायाँ र बायाँ एट्रियमलाई एउटा भित्ताले विभाजित गरेको हुन्छ । यसलाई एट्रिमल सेप्टम भनिन्छ । एट्रियमले रगत जम्मा गर्ने र भेट्रिकलले रगत फाल्ने काम गर्छ ।

उनी एकोहोरो मुटु र मुटुले हाम्रो शरीरमा गर्ने कामका बारेमा सबिस्तार व्याख्या गर्दै गए हामी बाध्य भएर उनको कुरा सुनिरहयौँ । "मुटुको भित्ताहरूमा प्वाल भयो भने मुटुको एक भागको रगत अर्को भागमा गएर मिसिन्छ यस्तो अवस्थालाई जन्मजात मुटुरोग भनिन्छ । " अहिले भने उनले हामी दुवैको अनुहार पढ्ने प्रयत्न गरे र क्वारक्वार्ती हेरिरहे ।

फेरि मैले आँट जुटाएर प्रति प्रश्न गरेँ "डा. साब हजुर के कारणले हामीलाई मुटुको बारेमा बताइरहनु भएको छ । मेरो पेटभित्रको बच्चाको अवस्था कस्तो छ त्यो भन्नुहोस् न !

"म त्यही त भन्दै छु नि ! हाम्रो मुटु हामी यस संसारमा जन्म लिनुभन्दा पहिले देखि नै अर्थात् गर्भाधान भएको ६ हप्तादेखि नै धड्कन थाल्दछ । हामी बाँचुन्जेल धड्किइरहन्छ । यसबिचमा मुटुको मांशपेशीले कहिले पनि विश्राम लिँदैन, जब लिन्छ त हाम्रो जीवन समाप्त हुन्छ ।" उनले आफ्नो भाषण टुङ्ग्याए ।

मैले अझै केही बुझ्न सकिनँ । यसैबिच डा. विवेकको अनुहारमा परिवर्तन देखापर्‍यो । "मैले मुटुको बारेमा जे जस्तो बताएँ त्यसबाट यहाँहरूले मुटु हाम्रो शरीरमा कति महत्त्वपूर्ण अङ्ग रहेछ बुझ्नुभयो होला ! त्यस्तो मुटु गर्भवती महिलाको पेटमा गर्भ भएको ३ या ४ हप्तामै भ्रुणको मुटु ढुक ढुक गर्न थाल्छ । तपाइँको पेटको बच्चाको मुटु विकसित हुन सकिरहेको छैन । अर्थात मुटुको आधा भाग विकसित भएको छ, आधा भाग विकसित भएको छैन या बनेकै छैन । डा. विवेकको जवाफले मेरो संसारै ढल्यो ।

तरर आँखाबाट बलिन्द्र धारा आँसु तप्कियो । डा. विवेक आफनो रिपोर्ट लेख्न लागे हामीलाई उनको सहयोगीले 'बाहिर बस्दै गर्नोस्' भनी आदेश दिइन् ।

हामी उठेपछि फेरि भनिन् "एकछिन पछि रिपोर्ट आउँछ लिएर जानु होला ! " त्यसपछि हामी बाहिर निस्कियौँ ।

डा. विवेकले दिएको रिपोर्ट च्यापेर हामी डा. लसताको कोठाभित्र छिर्‍यौँ । उनी एक्लै कुर्सीमा बसेर केही अध्ययन गर्दै रहिछन् । हामीलाई सामुन्नेको कुर्सीमा बस्ने इसारा गरिन् । रिपोर्ट सरसर्ती हेरे पश्चात् पुलुक्क हाम्रो अनुहार नियालिन् "रिपोर्टको विषयमा डा. विवेकले केही भन्नुभयो ?' उनले उल्टै हामीलाई प्रश्न गरिन् ।

"मुटुको बारेमा केही भन्नु भएको थियो "मेरो हिरोले उनको जवाफ दिए ।

"अलि अलि त थाहा पाइसक्नु भएछ, ल सुन्नुस् करिब एक लाखमा एक जना शिशुमा यस्तो समस्या आउँछ । जसको मुटु आम स्वस्थ शिशुको भन्दा भिन्न हुन्छ । परीक्षणबाट पत्ता लगाउन सकिने यस्ता समस्याहरू नियमित जाँच नगराउँदा थाहा पाउन सकिन्नँ । जसको कारण जन्मिएपछि केही शिशुको मृत्यु हुन्छ भने केही शिशु यस्तै समस्याको कारण केही समय समस्या लिएर बाँच्छन् । पछि यस्ता शिशुहरूलाई बचाउन सकिन्नँ । तपाईंहरू दुवै पढे-लेखेको हुनुहुन्छ । समस्या बुझ्नुहुन्छ । मेरो सल्लाह मान्नु हुन्छ भने गर्भको शिशु नराख्दा नै राम्रो । "डा. लसताले सहजताका साथ आफनो कुरो टुङ्ग्याइन् ।

म बसेको जमिन भासिँदै गएको महसुस भयो । मेरो कानमा उनले भनेको अन्तिम वाक्य 'मेरो सल्लाह मान्नुहुन्छ भने गर्भको शिशु नराख्दा नै राम्रो', शब्दले घरी घरी डस्दै लग्यो । मेरो मुटुमा प्यारो मुटुको टुक्रा छोराको मुटुको अस्पष्ट तस्बिरले भिर बनेर डस्न थाल्यो । अन्य व्यक्तिको कोठामा प्रवेशसँगै हामी डा. लसताको कोठाबाट बाहिरियौँ ।

मेरो आमाबुबाको वात्सल्यता, मुहारमा छाएको उमङ्गता, नाति खेलाउने चाहना सबै रातभरि आँखामा नाच्न आइपुगे । यता सासूससुराको वंशवृद्धिको उमङ्गता, हर्ष, उल्लास, नाति खेलाउने उत्कट अभिलाषा अनि भविष्यको सपना सबैका पाना पल्टन थाले । मेरो हिरोको सपना र उमङ्गताको अन्त्य भयो । अनि मेरो मातृवात्सल्यताभित्र लुकेका वर्णन गर्न नसकिने हर्ष अनि खुसी सबै एकैपल्ट गर्लम्म ढल्यो । डा. लसताको त्यो अन्तिम वाक्यले घोच्याघोच्यै गर्न थाल्यो । हामीले मन दरो पारेर

सहन गरेको तितो सत्य अब आमाबुबालाई, सासूससुरालाई, साथीसङ्गिनीहरूलाई कसरी सुनाउने आत्माग्लानिले मन भतभती पोल्न थाल्यो । दैवको लीला यस्तै रहेछ चित्त बुझाउने शब्द मुखबाट फुत्कियो । धन्न विज्ञानको चमत्कारले समयमा नै पत्ता लाग्यो । दर्दमा मनको कुनाबाट मलहमको प्रादुर्भाव भयो । दैवको लीला र विज्ञानको चमत्कारले सबैलाई भन्ने आँट जुऱ्यो ।

रातभरि हामी डा. लसताको अन्तिम वाक्यलाई उग्राउँदै र निल्दै रह्यौँ । यसबिच हामीमा ईश्वरको कृपा, भगवानको आशीर्वाद, ईश्वरीय चमत्कार आदि विषयमा पनि तर्क वितर्क भए । जुन संस्कारमा हामी हुर्किएका थियौँ, त्यही संस्कारले हामीलाइ पछ्यायो । अर्कोतर्फ हामीले आर्जन गरेको शिक्षा, आधुनिक समाजको परिकल्पना, विज्ञानले गरेको चमत्कारको उपज स्क्रिनमा भलै अस्पष्ट देखिएको किन नहोस् तस्बिरका विषयमा पनि घनीभूत छलफल भए । अन्त्यमा डा लसताको अन्तिम वाक्यमा सहमत जनाउँदै सुत्यौँ ।

अस्पतालको सहयोगी दिदीले हरियो गाउन मेरो बेडमा छाडेर गइन् । ढोका बाहिर आधा शरीर लुकाएर भनिन् 'सबै लुगा फुकालेर गाउन फेरेर बस्नुस् ।' गाउनको पोको खोलेको मात्र के थिएँ नराम्रो गन्ध कोठाभित्र फैलियो । लगाएको कपडा फुकालेँ, गाउन हुलेँ, दिदीको प्रतीक्षामा रहन लागेँ । हिजो बेलुका भर्ना भएकी मलाई नर्स दिदीहरूले लगातार केही ट्याप्लेट औषधी खुवाउनुभएको थियो । त्यसैको कारणले होला ! मलाई पेट दुखेर अचाक्ली भएपछि मेरो हिरो नर्स दिदीलाई बोलाउन गएपश्चात् नर्सहरू कोठाभित्र दाखिला भए । पुनः जाँच गर्न थाले, मलाई अनेकौँ प्रश्नहरू गरे । त्यसपछि उनीहरू बाहिरिए ।

गाउन ल्याएर दिने दिदी भित्र पसिन् । उनको साथमा स्टेचर धकेल्दै सहयोगी दाइ पनि भित्र छिरे । ती दिदीको आदेशले म स्टेचरमा लम्पसार परेँ । स्टेचर गुड्न थाल्यो मेरो मन भतभती पोल्न थाल्यो । स्टेचर OPERATION THEATER लेखिएको कोठाभित्र छिऱ्यो । मेरो आँखाबाट बलिन्द्र धारा आँसु बग्यो । पुलुक्क मेरो हिरोको अनुहार नियालेँ । उसले जबरजस्ती ओठ उघार्ने कोसिस गऱ्यो, आँखामा आँसुको अंश लिएर । ढकरक्क... ढोका लाग्यो । सहयोगी दिदीले बडेमानको चुकुल टक्रक्क ...छिराइन् । मेरो खुसीको संसार गर्लम्म ढलेको दिन क्यालेन्डरमा थपियो ।

# सांस्कृतिक महत्त्वको पर्व होली



त्रिचन्द्र प्रतीक्षा

हिन्दु संस्कृतिमा प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमालाई होली पूर्णिमा अर्थात् होली पर्व भनिन्छ । यस दिनलाई राष्ट्रिय पर्वको रूपमा लिइन्छ भने सार्वजनिक बिदा पनि दिइन्छ । होली पर्व घरपरिवार साथीभाइ आपसमा रङमा रङ्गिएर उल्लासपूर्वक मनाउने गरिन्छ । फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराइ र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरूका हुल तथा जत्थाहरू हातमा रङ र रङ्गिन घोल पदार्थ लिएर रमाइलो गर्दै उत्साह र उमङ्गका साथ मनाइने रङ्गिन पर्वको रूपमा सहर्ष स्वागत गर्ने गरिन्छ । वास्तवमा भन्ने हो भने होली पर्व एउटा अन्तर ाष्ट्रिय पर्व पनि हो । नेपाल भारतमा प्रायः समान तरिकाले यो पर्व मनाइने गरिन्छ ।

फागुन शुक्ल अष्टमीको दिन काठमाडौँको वसन्तपुर दरबार अगाडि चीर (विशेषरूपले सजाएको लिङ्गो) गाडिन्छ भने त्यस लगत्तै होली सुरू भएको मानिन्छ । पूर्णिमाको राति उक्त चीर (लिङ्गो) लाई ढालेर जलाएपछि फागु समाप्त भएको ठानिन्छ । काठमाडौँमा फागु पूर्णिमाको मध्यरातमा नै नेवार जातिले टुँडिखेलको मध्यभागमा अवस्थित रूखमा गुरूमापा राक्षसलाई भोज खुवाउने चलन पनि रहिआएको छ ।

फागु मनाउने सन्दर्भमा चाँगुनारायणमा राधा र वंशगोपालका मूर्तिलाई रथमा राखी यात्रा गराइन्छ । रथलाई परम्परागत रूपमा चाँगुनारायण मन्दिरको परिक्रमा गराइन्छ । रथयात्रापछि चाँगु क्षेत्रमा होलीको सुरूवात भएको मानिन्छ । यसरी प्रचलित फागुन शुक्ल पूर्णिमामा होली मनाइने परम्परा रहेको छ तर लिच्छविकालमा भने पौष पूर्णिमामा होली मनाएको तथ्य गोपाल राजवंशावलीमा लिखित 'श्रीमानदेव पोष्यपूर्णमी होलि कृतम्' भन्ने शब्दावलीबाट खुल्न आउँछ । यस्तै मल्लकालीन अभिलेखहरूबाट मल्लराजाहरू आफ्नो दरबारको सामुन्ने मयलको रूख गाडेर फागु पर्व मनाउँथे भन्ने कुराको पुष्टि हुन्छ । रङ्गी विरङ्गी कपडा टाँगेर बनाइएको तीन छत्रे चीर गाडेर फागु मनाउने सन्दर्भमा गोपिनीहरूको रङ्गीन कपडाको प्रसङ्ग जोडिन आउँछ, गोपिनीहरूले मर्यादा नाघेर नाङ्गै

पौडी खेल्न गएपछि श्रीकृष्णले सबै लुगा रूखमा झुन्ड्याइदिए । लगाउने लुगाफाटो नपाएकोले गोपिनीहरूलाई फसाद पर्‍यो । सबैले अबदेखि नदीको सम्मान गर्दै नाङ्गै ननुहाउने वाचा गरे । भनिन्छ, त्यही रात आगो बालेर उत्सव गरिएको थियो । आज पनि फागुको उपलक्ष्यमा चीर गाड्दा त्यहाँ छत्रको रूपमा स-साना कपडाहरू बाँध्ने प्रचलन छ । फागुको चीरोत्थान र गोपिनीहरूको रङ्गीन कपडाको प्रसङ्ग यही होलीको अवसरमा पनि जोडिन्छ ।

होली पर्वको सुरूवात कहिलेदेखि भएको हो भन्ने सम्बन्धमा हालसम्म कुनै तथ्य आधार पाउन सकिएको छैन, तर किंवदन्ती र पौराणिक भनाइ अनुसार सत्ययुगमा हिरण्यकशिपु नामक राक्षसको छोरा प्रल्हाद अति नै विष्णु भक्त थिए । आफ्नो छोरालाई विष्णुको भक्तिबाट अगल गर्न नसकेपछि हिरण्यकशिपुले छोरालाई अग्निकुण्डमा हालेर मार्न आफ्नी बहिनी होलिकालाई जिम्मा दिएको र सोही होलिका स्वयं आगोमा जलेर भस्म भएको र त्यसैको प्रतीकको रूपमा होलिका दहनको खुसीयाली मनाउन आपसमा रङ र अबिर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ भने अर्को एक प्रसङ्ग अनुसार द्वापरयुगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले दुध खुवाउन गएकी पुतना नामकी राक्षस्त्रीलाई उल्टै कृष्णले मारिदिनु भएकाले त्यसको शवलाई व्रजवासीहरूले बर्सेनि जलाएर आपसमा रङ र अबिर छरी खुसीयाली मनाएकाले त्यसैको सम्झनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा चलेको भनाइ रहेको छ ।

पौराणिक कथासँगै किंवदन्तीहरू पनि होलीसँग जोडिएका छन् । काठमाडौँ ठबहिलको चक्रशील महाविहारबाट चक्रमणशील देवता (चकँद्य)को रातो मूर्तिको जात्रा गर्ने चलन छ । ठबहिलका व्यापारी सिंहसार्थवाह व्यापारको सन्दर्भमा तिब्बत जाने आउने गर्दथे । एकपल्ट उनले आफ्ना व्यापारी साथीहरूलाई नेपाल फर्काएर ल्याउन सकेको उपलक्ष्यमा ठमेलका बासिन्दाले सिन्दूर जात्रा गरेर स्वागत गरेका थिए । स्थानीय किंवदन्तीअनुसार सिंहसार्थवाह व्यापार गरेर काठमाडौँ फर्केको अवसरमा नगरवासीहरूले सिन्दुरजात्रा गरेको भन्ने खास तात्पर्य अन्तर्भाव भएको छ । चकँद्य र सिंहसार्थवाहको बिचमा के सम्बन्ध छ? यस विषयमा ऐतिहासिक दृष्टिकोण अन्वेषण गर्न बाँकी नै छ । होलीको सांस्कृतिक चहलपहलमा अबिर, अक्षता छरेर सिंहसार्थवाहको सम्मान गरेर चकँद्यलाई नगरपरिक्रमा गर्ने चलन आजपर्यन्त चलिआएको पाइन्छ ।

नेपालीहरूको राष्ट्रिय पर्व रङहरू र उल्लासको पर्व होली नेपाल तथा विदेशमा बस्ने नेपालीहरूले समेत मनाउने गर्दछन् जहाँ जसरी फागु पर्व मनाउने गरे तापनि आखिरमा

यस पर्वको उद्देश्य भनेकै एकआपसमा भाइचारा बढाउने, असत्यमाथि सत्यको विजय, एकआपसमा खुसीयाली बाड्नु नै होलीको पर्याय हो भन्नुमा अत्युक्ति नहोला ।


**<u>सन्दर्भ सामग्री</u>**

नेपाली चाडपर्वहरूको विवेचना – मनबज्र बज्राचार्य
नेपाली चाडपर्व – सत्यमोहन जोशी
चाडपर्वको घर नेपाल – प्रा.डा. वीणा पौड्याल, डिल्लीराज शर्मा
नेपाल राष्ट्रिय चाडपर्व– डा ऋषिप्रसाद शर्मा
नेपालका चाडपर्वहरू – किरण पन्थी (पाण्डेय)


कविता

# विधवा नारीको कल्पना




**भोला शर्मा**


दुईदिने जीवन रमाइलो भन्छन्, तर म यहाँ रमाउन सकिनँ
बरपिपल सङ्गमको चौतारी भन्छन्, जीवनको छहारी बनाउन सकिनँ
लाला र बाला बाबालाई सोध्छन्, खै मामु बाबा कता हो भनी
भावुक हुन्छु जवाफ नै छैन, विरस मानी यो जिन्दगानी ।

छोडेर जाने त गैहाले हजुर, एकल छ जीवन ज्युँदैछु यहाँ
फक्रदै छन् क्यारे कोपिला साथमा, छोडेर जाऊँ त अब म कहाँ ?
ऊर्जाशील जीवन यसै नै गयो, डुल्याछु, घुम्याछु भौंतारी भौंतारी
मनका इच्छा मनमै रहे, भेटिन बिसाउने शीतल चौतारी ।

प्रसन्न हुनलाई केही छैन आधार, मनको बह कसलाई कहूँ ?
सिसाझैँ धराप छ यो मन मेरो, कसरी सम्झाइ बुझाइ गरूँ ?
नसोध मलाई नकोट्याउ घाउ, स्वर्गीय आत्मालाई मसँग जोडी
सम्झाउँछु आफैँलाई बुझाउँछु आफैँलाई, एकल तन एकल मन उनैलाई छोडी ।

साथ दिने नाममा नलगाऊ नजर, चाहिँदैन तिम्रो त्यो फोस्रो आडम्बर
पति वियोगले विक्षिप्त मन, तैपनि हुन्छु जबर्जस्त जब्बर
एकल जीवनमै सङ्घर्ष गर्छु, मभित्र नि छ केही न केही शक्ति ।
आशीर्वाद देऊ हे स्वर्गका प्यारा, सृष्टी सजाउँछु गरी तिम्रो भक्ति ॥



# गन्तव्य पुनहिल ३२१० मि.

शारदादेवी पोखेल भट्टराई

कुरो २० वर्ष अगाडिको हो । मनभरि खुसी, उमङ्ग लिएर ६ दिने यात्राका लागि हाम्रो मन तयारी अवस्थामा थियो । आजका मान्छे अमेरिका बेलायत अष्ट्रेलिया जस्ता संसारका जुनसुकै ठाउँमा घुमेर देखे भोगेका कुरा सुन्दा अनि मुहार पुस्तिकाभरि तस्विर देख्दा मलाई कता कता आफ्नै देश भित्रका कुना काप्चा ठाउँका विभिन्न पर्यटकीय तथा धार्मिक स्थलहरूको बारेमा वर्णन गर्न, देख्न नपाउँदा म आफ्नै देशप्रति निष्ठुरी त बनिनँ भनेझैं लाग्थ्यो । यसै क्रममा हामी दुई (हामी र साथी) परिवार मिलेर दसैंको अवसरमा २०६६।०३।१० गते गन्तव्य पुनहिलको नारा लिएर घुम्न जाने निधो गर्‍यौं ।

भोलिपल्ट ११ गतेको लागि बिहान ६:०० बजेको बसको टिकट १०गते नै किनिसकेका थियौं । हामीले आफूलाई चाहिने लुगा, पानी औषधीको बन्दोबस्त गरी कुम्लो कसेर झोलामा राख्यौं । मनभित्रको कौतुहलता हामी भन्दा छोरीमा बढी देखिन्थ्यो । आमा कतिखेर उज्यालो हुन्छ? फेरि मलाई छोडेर आफूहरू मात्र जानुहोला नि ! यस्तै यस्तै सानी छोरीको प्रश्नको उत्तर दिँदै रात बितेको पत्तै भएनछ । एकै चोटि मोबाइलको घण्टीले ब्युँझाइदियो । छोरीलाई उठाई हामीसँगै हातमुख धोएर पानी पियौं । त्यसपछि चिया पिएर छ बजेको बस भेट्न हतार हतार जमलतर्फ लाग्यौं ।

बिहे भएपछिको पहिलो यात्रा थियो हाम्रो त्यो । यसरी १६ वर्ष पछि घुम्न जान पाउनु मेरो लागि सुनौलो अवसर थियो । कति व्यस्त रहेछौं यतिका वर्षसम्म । भोको पेटले स्वतन्त्रता खोज्दैन भने जस्तै सायद हामी पनि यही भोको पेटभित्र नै रूमलिएका रहेछौं भन्ने भान भयो । मनभित्र नानाथरीका तर्कना गर्दै जाँदा साथीहरूसँग भेट्यौं । त्यत्रो लामो यात्रा त हिंडन आँटेका छौं भने १ घण्टाको हिंडाइ केही होइन एकछिन् हिंड्न के गाह्रो हिडौं भन्दै रमाइला गफ गर्दै ठिक छ बजे हामी जमल पुग्यौं ।

पुग्नेबित्तिकै यता उति हेर्न नपाउँदै टुरिष्ट बस अगाडि नै कुरेर बसेको रहेछ । हामी आ–आफ्नो सिट खोजेर बस्यौँ । सपना नयाँ बनेको छ । यात्राका छालहरू मनभित्र तरङ्गित छन् । मनले बल्ल स्वतन्त्रताको अनुभूति पाएको अनुभव भएको छ । गन्तव्य पुनहिलको भए पनि पहिलो दिनको भ्रमण पोखराको थियो । बस छ बजे गुड्ने भने तापनि कारणबस ७ बजे मात्र गुड्यो । उता हाम्रा साथी दीपेन्द्र सर र परिवारलाई बस लाग्छ कि भनेर औषधी खानुभएको त बसमा मान्छे बसेको नबसेको पत्तै नहुने गरी लट्ठै परेर निदाउनु भएछ । हामीलाई निद्रा नपरेकाले छोरीहरू श्रद्धा र उदिप्ता गीत मेरो चुट्किला सुन्न मै व्यस्त थिए । छिट्टै नै मलेखु आइपुगेछौँ बस चिया नास्ताको लागि रोकियो । हामी पनि परौँठा तरकारी खाने सुरसार गऱ्यौं । परौठा तरकारीको मूल्य रू ८०। – रहेछ । हामी पनि पर्यटक नै हौँ नि कुनै सुर्ता नमानी पैसा तिरेर बसभित्र बस्यौँ ।

लगातार पाँच घण्टाको यात्रापछि पोखरा पुग्यौँ जहाँ गहिरिएको सेती नदी, पोखरा रङ्गशाला, हवाइ मैदानले हामीलाई स्वागत गरिरहेको थियो । छोरीहरूलाई यी रमाइला दृष्यहरू देखाउँदै हामी सृजना चोकमा आइपुग्यौँ । बसको अन्तिम स्टेसन त्यही रहेछ । त्यतिबेला दिउसो १२.१० बजेको थियो । बसबाट ओर्लिएपछि फेवाताल घुम्ने र बेलुका सराङकोट बास बस्ने हाम्रो योजना थियो । सोही अनुरूप हामी फेवातालमा बोटिङ गर्न गयौँ । दसैँको टीकाको दिन भएर होला धेरै मान्छेको भीडभाड थिएन । प्रति व्यक्ति रू. ३००।– मा एक घण्टा डुङ्गामा घुमाउने रहेछन् । हामी पनि बेलुन यात्रा, प्यारासुटबाट हामफालेको दृष्य अनि माछापुच्छे हिमाल आँखा राखी हर्पन खोलाबाट बनेको निलो तालको पानी छचल्काउँदै रमाइलो गफका साथ डुङ्गाको यात्रा गऱ्यौँ । बोटिङ्ग गर्दै गर्दा दीपेन्द्र सरले पटकै पिच्छे खिच्नुभएको फोटो अनि बेसरी डुङ्गा हल्लिँदा वहाँले झस्किँदै आमै ! लालपुर्जा ! नागरिकता ! छोरा ! छोरी भन्दै डुङ्गा हल्लिने गरी हाँसेको हाँसो र खुसीको क्षण आज पनि मेरो मष्तिष्कमा ताजै रहेको छ । रमाइलो गर्दै फेवाताल घुमे पछि लेकसाइडको एउटा होटल छान्यौँ जुन होटलको नाम पण्डित होटल थियो । आहा ! मेरो रूचिअनुसारको होटल पाइयो भनेर म मख्ख परेँ । सबैले त्यहीँ ताजा खाना खाएर सराङकोट गाडीमा सरर एकैछिनमा पुग्यौँ । माथि टाकुरामा पुगेर केही समयको थकाइ पछि पोखरा पुरै आँखा नझिम्क्याइ एक तमासले हेरिरह्यौँ । बेगनाश, रूपा, फेवाताललाई नियालेर हेर्यौ । सहरी क्षेत्र, मन्दिर, विश्वविद्यालय स्पष्टै देखिन्थ्यो । माछापुच्छे ,अन्नपूर्ण जस्ता दृष्यले मेरो मनमा कविता फुरिहाल्यो र गुनगुनाइहालेँ ।

अग्ला छन् चुचुरा बनेर गहना यो देश नेपालको
आकाशै छुनुमा छ गौरव यहाँ हाम्रा यि हिमालको ।
छातीभित्र बसेर बोल्छ ममता, यो देश नेपालको
फेवाताल सरी बनेर भन है राम्रो छ नेपाल यो ।।

भोलिपल्ट हाम्रो यात्रा घोडेपानी पुग्नु थियो । रातभरिको गड्याङ्गुडुङ् चट्याङको आवाजले यात्रालाई कतै गाह्रो बनाउने त होइन भनेर सोच्दै गर्दा कतिबेला निदाइएछ पत्तै भएन । भोलिपल्ट बिहानै ४ बजे उमा म्याडमको मोबाइलमा घण्टी बज्यो अनि विस्तारै उठिवरी हातमुख धोएर चिया पिएर होटलकी कमली दिदी र अन्य बहिनीहरूसँग फोटो खिचेर ओरालो लाग्दै बस स्टेसन पुग्यौँ । करिब आधा घण्टाको बसको यात्रा पछि नयाँपुल ओर्लियौँ । त्यसपछि बिरे ठाँटीमा पुगेर खाना खायौँ । त्यहाँ केही फोटा खिचेर देब्रेतिरको बाटो लाग्यौँ । मोदी खोलाको कलकल आवाजसँगै पाइलाहरूमा लय मिलाउँदै करिब १ घण्टा तेर्सो अनि उकालो गर्दै अर्को उकालोको फेदीमा पुग्यौँ । जुन उकालोको नाम उल्लेरी थियो ।

सुरु भयो हाम्रो लट्ठी टेकेर उक्लिनु पर्ने ५ घण्टे उकालो । विदेशीहरूको लर्कन हेर्दै सँगसँगै रमाउँदै उक्लिदै गयौँ । हाम्रो पारा देखेर उनीहरूले उछिन्दै गए । यता भने छोरीहरूको कछुवा हिडाइले मलाई ढुक्क बनाएको थियो किनकि मलाई लमक लमक गरेर हिँड्नु नपर्ने भयो तर हाम्रा टोली तीन जनामध्ये कृष्ण सर र उमा म्याडम अगाडि हुनुहुन्थ्यो भने दीपेन्द्र सर पनि बिस्तारै उक्लँदै हुनुहुन्थ्यो । करिब तीन घण्टाको उकालो लागिसकेपछि छोरीहरू अलि हिँड्न सक्छन् कि भनेर रेडबुल किनेर दियौँ नभन्दै खाएपछि हिँडाइ अलि लम्कियो । केही छिनपछि आकाशमा देखिएको कालो बादलले पानी पारिहाल्यो । दर्केर पानी आएपछि ओत लागेर बसियो तर समय घर्की सकेकाले प्लास्टिक किनेर सबैले ओढ्यौँ अनि बाटो ततायौँ । रात नपरेसम्म हिंड्ने योजना भए पनि बेलुकाको ६ बज्न लागि सकेको थियो । घोडे पानी पुग्न अझै तीन घण्टा लाग्थ्यो अँध्यारो हुँदै गयो लाइट लिएर गएका थिएनौँ । यसै क्रममा तीन जना भाइहरू घोडेपानी हुँदै मुक्तिनाथ पुग्ने भन्दै अँध्यारोमा लाइट बाल्दै आए । हामीलाई के खोज्ने साथी आँखो भने जस्तो भै हाल्यो अनि गफ गर्दै जाँदा दुइ घण्टामा एउटा सानो गाउँ आयो हामी त्यही बास बस्ने निधो गर्‍यौँ ।

कँडिएका गोडाका नसा तन्काउँदै हात गोडा धोएर जागेको भोकमा मस्तले खाना खाएर आ आफ्नो कोठामा कैद भयौँ । रातभर नजिकैको खोलाको आवाजसँगै

निद्रा पनि ब्युँझिरहेको थियो । बिहान ४ बजे उठेर आफ्नो नित्य कर्म सिद्ध्याउँदा साढे पाँच बजिसकेछ । छोरीहरूलाई उठाएर हात मुख धुन लगाइ चिया पिएर उकालो बाटो लाग्यौँ । अब त १ घण्टापछि घोडेपानी पुगिन्छ भन्दै मनलाई हौस्याउँदै उकालो चढ्यौँ । खुइय खुइय गर्दै उक्लिदै थियौँ । केही घरहरू देखिन थाले । निला राता जस्ताका छाना भएका घरहरूमा विदेशी पर्यटकहरूको चहल पहल देखिन्थ्यो । यसरी हेर्दै जाँदा टाढैबाट बहिनी गोमा पुनले हामीलाई अभिवादन गर्दै हात हल्लाई दाइ भाउजु नमस्कार भन्दै खुसी व्यक्त गर्दा आफ्नै बहिनीको जस्तै माया पायौँ भन्ने जस्तो अनुभूति भयो । भेट्न नपाउँदै दाजु भाउजुको साइनो पायौँ, खुसी लाग्यो । दसैँको तेस्रो दिन आफन्तसँगको टीकाटालो भेटघाटलाई समय कटौती गरेर हामीलाई प्राथमिकतामा राखेकोमा मुरी मुरी धन्यवाद नदिइरहन सकेनौँ ।

दुई दिनको बसाइमा भोलिपल्टै बिहान पुनहिल जाने कार्यक्रम थियो । सोहीअनुरूप भोलिपल्ट बिहानै ४ बजे उठेर पुनहिल जाने तरखर गऱ्यौँ । बिहानै ४ बजे उठेर एक घण्टाको उकालोमा विदेशीका ताँतीसँग गफ मिलाउँदै पुनहिल पुग्यौँ । पुनहिल ३२१० मिटर उचाइमा रहेछ । उचाइबाट आँखैमा ठोक्किने गरी हिमश्रृङ्खला देख्दा बढी आनन्द हुने भएकोले हामी टावरबाट पनि विभिन्न दृष्यावलोकन गऱ्यौँ । आँखै झिम्क्याउन मन नलाग्ने त्यस्ता मनमोहक हरिया डाँडा, माछापुच्छ्रे हिमचुली, नीलगिरि, अन्नपूर्णजस्ता हिमाल आफ्नै टाउको माथि ठोक्किने हो कि जस्तो गरी देख्दा नेपाललाई 'जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी' यसै भनिएको रहेनछ भन्ने लाग्यो । त्यस ठाउँमा बिहान पुग्ने यात्रुको लागि चियाको व्यवस्गा थियो । स्वदेशी विदेशी तँछाड मछाड हिमालसँगै टाँसिएजस्तो गरी फोटो खिच्न आतुर देखिन्थे । हामी पनि के कम Hello Lets Join us भन्दै उनीहरूसँग फोटो खिच्यौँ अनि हाँसोमा खुसी साटासाट गर्यौँ । अनि ओरालो करिब नौ बजेतिर गोमाको घरमै खाना खाएर त्यस दिन घोडेपानीमै रातभर नाचगान गर्दै बस्यौँ । भोलिपल्ट बिहान चिया नास्ता खाइवरी काठमाडौँ फर्कने योजनाअनुसार हाम्रो फर्कने यात्रा सुरू भयो ।

**केन्द्रीय कार्यालय ने.वि.प्रा. ।**



## तेजविलास

भन्सारमा सुनको हिसाब हराउन थाल्यो
पैसा देखेर न्याय निसाफ डराउन थाल्यो
खै के हुन थाल्यो समाजमा हिजो आज
प्रश्न मात्र छ सबै जवाफ हराउन थाल्यो ।१।

रूप देखेर दौडनेहरू छन् यहाँ
खुब रमाएर नाच्नेहरू छन् यहाँ
पार पारका मान्छे हुन्छन् समाजमा
अरूको दुःखमा हाँस्नेहरू छन् यहाँ ।२।

हिजो बोलेको पनि याद गरेर बोल
अझ विचारमा पनि कला भरेर बोल
नबोले हुन्छ बेतुकका कुरा बेप्रसङ्ग
जीवनको मूल्य के हो ? याद गरेर बोल ।३।

आगोको विन्यास गर, गर पानीको
समयको विन्यास गर, गर जवानीको
सबको याद गर पटक पटक यात्रामा
मुख्य विषय त विन्यास गर बानीको ।४।

घर बनाउनेलाई थाहा हुन्छ घरको कुरा
दुध तताएपछि थाहा हुन्छ तरको कुरा
विचार विवेकी समाज बनोस् भोलि पनि
समान वितरण नै हो मुख्य अर्को कुरा ।५।

इच्छाकामना-३ चितवन



## मनोरञ्जन मल्ल ठकुरी

॥१॥

सुक्खा भयो हाम्रो सम्बन्ध मायाको झोल दिस्यो न मैसाप,
उदास उदास छु आजकाल, केही मिठो बोल्दिस्यो न मैसाप
कति बस्नु म एकान्तमा सम्झिएर सधैँ हजुरलाई,
फुत्तै छिर्छु बरू म मनको ढोका एकपटक खोल्दिस्यो न मैसाप ।

॥२॥

पर्खिस्यो हजुरलाई पिराउन आउँछु म एकदिन,
छड्के तिलहरी र मङ्गलसूत्र भिराउन आउँछु म एकदिन
हेरौँ त हिम्मत म पनि, मर्जी हुन्छ भने हजुरले,
महलबाट मेरो झुपडीमा हजुरलाई छिराउन आउँछु म एकदिन ।

॥३॥

हजुरलाई अँगालोमै च्यापूझैँ भा'को छ मलाई
लिपिस्टिकको दाग गालामा छापूझैँ भा'को छ मलाई
लाग्न त के के लाग्छ मलाई भन्न पो नमिलेको हजुर,
सिरक ओढेझैँ हजुरलाई छातीमै खापूँझैँ भा'को छ मलाई ।

॥४॥

धेरै नै खुलिसक्यो यो गुम्सिएको मन पनि,
मिल्नलाई आतुर छ यो कसिलो तन पनि
खै के मोहनी लगाइस्यो हजुरले महारानी,
छटपटिन पो थालेको छ यो बाउसाप मनोरन्जन पनि ।

*इन्जिनियरिङ सेवा निर्देशनालय*



# यो समय

टहल दाहाल नवकिरण

धर्तीमाता विराजमान छिन्
विरह गाइरहेछन् हिमनदीहरू ।

नीलगगन सधैँलाई ढाकिए जस्तो कालो बादलले
ताराहरू हराए जस्तो आकाश भित्रै कतै ।

बेथितिको चट्याङ खसिरहेछ
लगातार देशको शिरमाथि
अङ्गभङ्ग हुन्छन् जनताका सपनाहरू ।

च्यातिएको झोलामा देश बोकी
दलिन फाटेको पैताला टेकेर
बिदेसिइरहेका लाखौँ युवा सम्झन्छु
अमिलो हुन्छ मन
मान्छेको भिडमा पनि एक्लो
र उदास बन्छु ।

धर्मग्रन्थहरूमा पढे जस्तो सधैँ
असत्यको होइन जित सधैँ सत्यको हुन्छ,
यो सब झुट लागिरहेछ–
आँखै अघि म त लगातार देखिरहेछु
यहाँ जित सधैँ असत्यको भइरहेछ
सत्य त कुन दुलामा पस्यो खै ?
कसरी पत्ता लगाऊँ म
कहाँ गयो सत्य !
कहाँ हरायो या उडेर गयो
कपडाभित्र राखेको कपुरको डल्लो जस्तो ।

हरेक बिहान
जब पल्टाउँछु
अखबारका पानाहरू
जहाँ अरण्य रोदन गाइरहेको पाउँछु
अक्षरहरू-
घाउचोटका नीलडामहरू देखिरहेछु
शब्दका शरीरमा
देशको मानचित्र पल्टाएर हेर्छु
जहाँ आस्थाका अग्ला सागर छुने हिमालहरू
दिनहुँजसो होचिँदै गएको पाउँछु ।

यतिखेर मेरो देश
दुखेर ढुकढुकीहरूमा
शोकसभा मनाइरहेछ ।

*दोलखा*

---

गीत

# तिमी छैनौ वरिपरि



घनबहादुर थापा

तिमी छैनौ वरिपरि मलाई साथ दिन
फोटो हेरी बसेको छु म त रात दिन ।

पूर्वमा घाम झुल्किएथ्यो तिमीसँग भेट्दा
सप्तरङ्गी फैलिएथे दुवै मन साट्दा
पट्ट मुटु फुटाउँदै छोड्यौ गाथ किन ?
फोटो हेरी बसेको छु म त रात दिन

तिमी छैनौ .....
फोटो हेरी .....

आउँछु भन्थ्यौ फर्किएर पूर्णिमाको जूनझैँ
औँसी बनी उतै रोक्यो तिमीलाई कुन चैँ ?
घात यता थमाएर लुक्यो हात किन ?
फोटो हेरी बसेको छु म त रात दिन

तिमी छैनौ .....
फोटो हेरी .....



# निमित्त नायक

राममणि सिटौला

म यतिखेर यमराजको प्रिय क्षेत्रमा छु जहाँ उनलाई आवश्यकताभन्दा बढी नै कच्चापदार्थ हासिल हुन्छ, अस्पतालको शैयामा पल्टिरहेको चर्चित व्यङ्ग्य लेखक तथा कवि प्रभात एक्लै हाँस्न थाल्यो ।

मध्यरात । वार्डमा मधुर प्रकाश छाइरहेको थियो । टाउको फुट्लाझैँ चर्को रासायनिक पदार्थको गन्ध फैलिइरहेको थियो । चौतर्फी ऐया, आत्था, मरेँ नि ! का आर्तनाद गुन्जिइरहेको थियो । उफ् ! कस्तो पापी रोगले गाँज्यो, न चैनले बाँच्न दिन्छ, न मर्न दिन्छ, उसले लामो सुस्केरा हाल्यो -कुन जुनीको सजायले म यो यातनागृहमा परेँ...

यतिखेर उसको श्वासप्रश्वास स्वाँ स्वाँ गर्दै चलिरहेछ । नसाहरू तिखा भालाले घोचेझैँ भित्रसम्म दुखिरहेछ । हड्डी करकर खाइरहेछ । भारी रिक्तता र अवसादले हृदयलाई गाँजिरहेछ । ऊ व्यथाले बहुलाझैँ भएको छ । अतीतलाई सम्झेर ऊ घरी रून्छ । घरी ऊ हाँस्छ । घरी कटकट दाह्रा किट्छ । पुर्पुरोमा हिर्काउँछ—थुक्क जिन्दगी, मेरो सारा जिन्दगी विषाणु छिरेर सखाप पाऱ्यो ।

एकाएक ऊ अतीततर्फ फर्कियो । उसको बुबा बडो रौस्याहा थिए । गाउँमा चल्ने सोरठी, मारूनी आदि नाचमा ल्वाङ्गे, पुरसुङ्गे, ढँटुवारे आदिको भूमिका निर्वाह गर्थे । अनेकौँ हाउभाउले दर्शकहरूलाई मनोरञ्जन दिन्थे । उनको नृत्य हेरेपछि जस्तोसुकै पीडामा डुबेका मानिस पनि एकपटक हाँसिहाल्थे । उनले उस बेलामा पनि थोरबहुत शिक्षा हासिल गरेका थिए । कला साहित्यको पनि अलिअलि ज्ञान थियो । प्रभात भने बाल्यकालदेखि नै फरक स्वभावको थियो । ऊ आकाशमा उडिरहेका चराहरूलाई एकतमासले हेर्थ्यो । ऊ पनि चरासँगै उड्थ्यो । पर्वतको उचाइबाट झरिरहेको झरनालाई हेर्दै झरनासँगै फाल हालिरहन्थ्यो । आकाशतिर हेर्दै टोहोलिइरहन्थ्यो । हिमाललाई हेर्दै चुचुरोमा पुगेको अनुभूत गरिरहन्थ्यो ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरेर, खोला-नाला, वन-जङ्गल भौंतारिँदै बरालिएर हिँडिरहेको उसलाई एकदिन बुबाले ठट्यौली पारामा भने–"ओइ धने, कति दिन यसरी बरालिएर हिँडिरहन्छस्, जीवनमा केही बन्छस् कि हामीलाई मात्र बनाइरहन्छस् ?"

ऊ चुँक्क पनि बोलेन ।

"हैन तँलाई के भएको छ हँ ? कसैले टुना मोहनी त लगाइदिएको छैन ? किन एकोहोरिएको छस् ? फनफनेले भेट्टाएको बोकोझैँ मडारिइरहेको छस्, तँलाई डाक्टरकोमा लैजाऊँ कि धामीकोमा लैजाऊँ ?" बुबाले सातो खाए ।

उ गम्भीर सोचमा डुब्यो, केही क्षणपछि अँध्यारो मुख खोल्यो- "बुबा मलाई आजभोलि के भएको छ, के भएको छ, दिउँसै आकाशमा तारा देख्छु, सुक्खा खेतमा पनि रारा देख्छु । मेरो दिमागका ढुङ्गाको कापो फोरेर फूल फुल्न थालेको छ, हिजोसम्म सुक्खा मैदान जस्तो लाग्ने हृदयमा आज घाँसहरू उम्रिन थालेको छ ।"

उसको कुरा सुनेर बुबा केही क्षण रन्थनिए । त्यसै त्यसै कन्पारो तातेर आयो । केही क्षण उनी गम्भीर सोचमा डुबे र गुह्य कुरो पत्ता लगाए --"तेरा छाँट हेर्दा तँ धनेले जीवनमा धन चाहिँ सुको पनि कमाउलास् जस्तो लागेन, ठुलो मान्छे त त्यस्तै हो, कि कवि कि लेखक भने अवश्य बन्नेछस् ।"

ऊ पिताले भनेको कुरा सम्झिएर पुनः एकपटक हाँस्यो । दिवङ्गत पिताको अनुहार सम्झेर बरबरी आँसु झार्‍यो - बुबा तपाईं शीतल छहारी हुनुहुन्थ्यो, आज तपाईं हुनु भएको भए मैले यसरी तड्पिनु पर्दैन थियो होला..

उसको वास्तविक नाम प्रभात थिएन, धनजित थियो तर उसलाई यो नाममा कता कता अभिजात्यताको गन्ध आएझैँ लाग्यो । उसले आफ्नो नाम फेर्‍यो -प्रभात । प्रभात अर्थात् उज्यालो र स्वर्णिम बिहानीको सपना देख्ने प्रभात ।

ऊ शब्दको घागडान शिल्पकार थियो । ऊ शब्दलाई ताछेर, छिलेर, चिल्लो पारेर उज्यालोको सपना बुन्थ्यो । सुन्दर बुट्टा भर्थ्यो । रूप दिन्थ्यो । ऊ शब्दैमा बिहानी ल्याउँथ्यो । फूल फुलाउँथ्यो । उसको शब्द गरिबको घरमा पुगेर आँसु पुछेर आउँथ्यो । ऊ कमजोरहरूको तागत बन्थ्यो । उसको शब्द चिसोले कठ्याङ्ग्रिइ रहेकाहरूको बस्तीमा पुगेर मकल बन्थ्यो । नाङ्गाहरूको बस्तीमा पुगेर कपास उब्जाउँथ्यो । उसको शब्द सर्पको मुखमा पुगेका अदनामा परेका

भ्यागुतोको चर्को आवाज बन्थ्यो । सर्पका बिषलाई निस्तेज पारेर सर्पहरू विरूद्ध भ्यागुताको विद्रोहका लावा बनेर उर्लिन्थ्यो । उसको शब्द लङ्गडाहरूको वैशाखी बन्थ्यो । लाचारहरूको लट्ठी बनेर खडा हुन्थ्यो । शब्दबाटै ऊ प्रकृतिको रहस्य बुझ्थ्यो । ऊ शब्दमार्फत् नै विषमताको विशाल पर्खाल भत्काउन चाहन्थ्यो । उसको शब्दले कुलीन, सुकिलामुकिला, व्यापारी, ठेकेदार र शासकहरूका मदिरालाई खुन देख्थ्यो । कुल्ली, ज्यामीका पसिनालाई पृथ्वी रहेसम्म कहिल्यै नसुक्ने अमृत देख्थ्यो । शब्दलाई प्रेम गर्थ्यो । उसको लागि शब्द पवित्र थियो, जब ऊ शब्दको दुर्दशा भएको देख्थ्यो । ऊ रून्थ्यो, कराउँथ्यो, बर्बराउँथ्यो ।

उसका शब्दका पारखीहरूमा तिनै वर्ग थिए, जो रिक्सा चलाउँथे । भ्काडु लगाउँथे । जुत्ता सिउँथे । फलाम पिट्थे । ठेलागाडा ठेल्थे । अन्न उब्जाउँथे । तान बुन्थे । थुक सफा गर्थे.... ।

उसका शब्दमा सिङ्गो बस्ती मन्त्रमुग्ध थियो । सबैका हृदय धड्किन्थे –उसको शब्द सुनेर ।

उसको नाम त प्रभात थियो तर उसको जीवनमा भने कहिल्यै सुनौलो घाम भ्कुल्किएन । जीवनभरि नै उसलाई अन्धकारले सताइरह्यो ।

उसले त्यो दर्दनाक रात सम्भिफयो । सुहागरातको त्यो रात ऊ आफ्नी बेहुलीको घुम्टो उघार्दै थियो ।

ढक ढक ढोका ढकढक्याएको आवाज आयो । यति रातिको आयो होला, त्रसित हुँदै ढोका उघार्‍यो । आफ्नो अगाडि बर्दीधारीलाई देख्यो ।

"तपाईंको नाममा पक्राउपुर्जी जारी गरिएको छ"––प्रहरीले पुर्जी थमायो ।

"तर किन?"––उसले त्रसित हुँदै सोध्यो ।

"तपाइँले मजदुर आन्दोलन चर्काएको आरोप छ"

"तर कसरी ? म त मजदुर सङ्गठनमा आबद्ध छैन त", उसले स्पष्टीकरण दियो ।

"तपाइँ मजदुर नभए पनि तपाइँका लेखरचना हरेकलाई मजदुर बनाउने खालका छन् । अब हामीसँग हिँड्नुस् ।"

"थुक्क जिन्दगी "––ऊ चुक पोखिएभ्कैँ मन अमिलो पार्दै प्रहरीसँग हिँड्यो । बेहुलीले आफूलाई सम्हाल्नै सकिन । डाँको छोडेर रून थाली । केश कालै हुँदा जेल गएको

थियो । फर्किँदा केश तिल चामले भइसकेको थियो । आमाको माया त सानै हुँदा गुमाएको थियो । पिता थिए उसलाई सुखदुःखमा साथ दिने । पिताको पनि छोराको पिरले देहावसान भइसकेको थियो । श्रीमतीको आशा थियो । ऊ पनि जेलमा छँदा नै असर्फीलालसँग सुइँकुच्चा ठोकिसकेकी थिई । उसको हराभरा संसार जलेर खरानी भइसकेको थियो । उसको घरसंसार मसानघाटझैँ भएको थियो ।

"कविजी" कुनै अपरिचित आवाजले प्रभात झस्कियो । मुन्टो फर्काएर बायाँपट्टि हेर्‍यो । रिक्सावाल रामसेवकलाई देख्यो । प्रभातको लेखरचनाको ठुलो प्रशंसक थियो– रामसेवक । उसले प्रमाणपत्र तहसम्म उत्तीर्ण गरेको थियो तर यहाँ सोर्स फोर्स विना जागिर पाउनु आकाशको फलझैँ थियो । रोजगारीको खोजीमा कैयौँ जोर जुत्ता फटायो तर कहीँ रोजगारी पाउन सकेन । परिवार पाल्न रिक्सा चलाउन बाध्य भयो ।

प्रभात र उसको कोठा सँगसँगै थियो ।

ए तिमी, के भयो तिमीलाई ? प्रभातले रामसेवकलाई सोध्यो ।

"फोक्सोमा पानी जमेको छ रे, एकहप्तापछि अपरेसन् गर्ने रे, त्यही भएर भर्ना भएको "रामसेवकले भन्यो– कैयौँ ठाउँमा जचाएँ, कति पैसा खर्च गरेँ । तर ठिक भएन । पैसा सकिएर टारी खेत बेचेर यहाँ भर्ती हुन आएको, यहाँ पनि ठिक हुने हो कि होइन ? गरिबलाई बाँच्न कठिन रहेछ कविजी !

"चाहे जतिसुकै स्वतन्त्रताको झ्याली पिटियोस्, हामी अझै दास हौँ रामसेवक भाइ !, दासहरू महँगो रासन किन्न बाध्य छन् । महङ्गो विद्यालयको शुल्क तिर्न बाध्य छन् । महङ्गा कपडाहरू किन्न बाध्य छन् । महङ्गो औषधि उपचार गर्न बाध्य छन् । सारा विश्वलाई बजारले खर्लप्प निलेको छ । जो दास बन्न सक्दैन, उसको मृत्यु निश्चित छ । फासिस्टहरूको शासनकालमा कवि लोर्का, नेरूदा, मायाकोव्स्कीहरूले जुन नियति भोगेका थिए, हामीले त्यही नियति भोगिरहेका छौँ", प्रभात आक्रोशित मुद्रामा आयो ।

मध्यरात । प्रभात जीवनको अन्तिम सास गन्दै थियो ।

हिक्क, हिक्क गर्दै थियो । डाक्टहरू उसको छातीमा पम्प गर्दै थिए । एकाएक उसको सास रोकियो ।

कविजी, रामसेवकको आँखाबाट आँसु झर्‍यो । कविजी तिमी निमित्त नायक मात्र रहेछौ । मात्र निमित्त नायक ।



# शुभकामना

वासुदेव तिमसिना

बित्तैछन् दिन यी अनन्त दुखका पीडा सँगाल्दै यहाँ ,
खेप्छिन् कष्ट धरा अटुट जहिले सारा अँगाल्दै यहाँ ।
हाँसो आँसु अझ कैयौँ विवशता साँची नयाँ वर्षमा ,
छाओस् शान्ति सुखै प्रसन्न मन होस् मेरो शुभै-कामना ।

ईर्ष्या द्वेष रिसै अफाली ममता झाङ्गिई फैलिरहोस्
माया प्रेम बहोस् हटाइ कटुता भातृत्व मौलिरहोस्
निर्धा दुर्बल औ गरिबहरूका पीडा नयाँ वर्षमा
जे जे छन् खुसीमा परिणती हवन् मेरो शुभै-कामना

जाली दुष्ट फटाह शोषकहरू थर्काउने आँधी भै
छर्ने पल्लव ली हजार लतिका सुगन्धको बाद नै
आउ हे सुखको लिएर समचार नौला नयाँ भावना
यस्ता आगमनै सधैँ भइरहुन् मेरो शुभै-कामना

नेपालीहरूका पवित्र दिलमा आस्था बनी वाँच्न द्यौ
मुक्तिमार्ग बिसे प्रज्वलित हुँदै निस्वार्थी भै हाँस्न द्यौ
दासी हैन यहाँ, तमाम जनता यही नयाँ वर्षमा
मालिक बन्न सकुन् बुझेर हविगत् मेरो शुभै-कामना

को छन् पूर्ण यहाँ, क्षमाशील बनौँ हुन्छन् कैयौँ भुल नै
सच्चाइपन नै मनुष्यपन हो त्यो नै नहोस् भुल है
मातृत्व ममता चिरायु र खुसी बाँधी नयाँ वर्षमा
हर्षोल्लास सँगै बिताउन सकौँ मेरो शुभै-कामना

शिक्षा मात्र न हो सबै नयनमा प्यारो नयन लोकको
हुन्छन् मुक्ति यसै गरे सगर यो भोक रोग औ शोकको
हुर्काउनु थियो सिँचेर मलजल राम्रो थिए भावना
बढ्दै जाऊ अझै ती भाइ बहिनी मेरो शुभै-कामना

माली योग्य बनूँ कहाँ छ सजिलो हजार बाधाहरू
झेल्नै पर्दछ नै बतास र हुरी आँधी असिना अरू
सम्झी पल्लव ती हजार लतिका गोडमेलका भावना
राख्नु धर्म थियो प्रसन्न मनले मेरो शुभै-कामना

फेर्नै सक्नु अझै हजार मुहुना फोउन पल्लवहरू
सारा सृष्टि यहाँ सजाउन सकेस् पारेर झल्मल अरू
सम्झी पल्लव ती हजार लतिका गोडमेलका भावना
राख्नु धर्म थियो प्रसन्न मनले मेरो शुभै-कामना

आस्थादीप बनी समाज दुनिया लम्काइ सत्मार्गमा
आत्मै निर्भर भै सिँचेर पसिना यो राष्ट्र ऐश्वर्यमा
दह्रो होस् अझ नै समस्त सबमा बन्धुत्वको भावमा
उत्तरोत्तर होस् असीम प्रगति मेरो शुभै-कामना

हाम्रो साइनु यो अनन्त रहिरहोस् मेटेर मेटिन्न यो
गुरू शिष्य बिसे अगाध ममता रेटेर रेटिन्न यो
हाम्रा उन्नतिका धरोहर बनी गर्नु तिमी सामना
तीन लोक चौध भुवनभरि यश रहोस् मेरो शुभै-कामना

हाम्रो भेट हुँदै रहोस् अझ नै बिर्सेर बिर्सन्न है
यस्ता हार्दिकता सदा नि सयता पोखेर रित्तिन्न है
मन्दिर प्राङ्गणमा भुलेर रहको आइरहोस् सम्झना
सत्तासी न कतै अमिट रहला मेरो शुभै-कामना ।



# मेरो कहानी

सुरेन्द्रलाल भुजु

एक्लो थिएँ म
उनी मेरो नजिक आइन्
प्रेम प्रस्ताव थियो उनको
कल्पना उनको
सपना उनकै

विश्वास मेरो
भरोसा मेरो
वचन मेरो
कसम मेरो

लक्ष्य उनको
पहिलो कदम उनको
हिँड्ने बाटो उनकै

असन्तुष्टि उनको
गुनासो उनको
दुःख उनकै
पीडा उनकै
दुरी उनीबाटै सुरू भयो
दरार उनैबाट
अलग हिँड्ने फैसला उनको
कानुन उनको
न्याय उनको
सरकार उनीहरूकै
घर उनको
सम्पत्ति उनको
सन्तान उनकै
समाज उनको
भगवान पनि उनको

केवल दोषी म
पानी माथिको ओभानो ऊ
पीडितको भिडमा एक्लो म
समाजबाट एक्लिएको म
केवल म एक्लो
नितान्त एक्लो

*भक्तपुर*

# प्रतिभा पलायन



**राजेशमान के.सी.**

देशकै लागि चुनौती हो प्रतिभा पलायन
बन्ने छैन देश यो प्रवृत्ति रहेसम्म कायम
जुन मुलुकले प्रतिभाको उचित कदर गर्छ
त्यही मुलुक उन्नतिको पथमा अघि बढ्छ ।

बिदेसिएका प्रतिभालाई स्वदेश ल्याउनु पर्छ
राज्यले नै यसमा विशेष ध्यान पुर्‍याउनु पर्छ
विज्ञ बन्न देशले ठुलो धन लगाएको हुन्छ
त्यही विज्ञ पछि गएर विदेश पलायन बन्छ ।

केही वर्ष विदेशमा नि सिप सिक्नु पर्छ
तर पछि देशमै फर्की योगदान गर्नु पर्छ
बिदेसिएका कामदारदेखि इन्जिनियर, डाक्टर
स्वदेशमै ल्याउनु पर्छ तिनलाई हामीले सकभर ।

कति बिदेसिएका विज्ञ स्वदेश आएका छन्
उचित वातावरण नपाई फेरि फर्किएका छन्
जति पाइला टेके पनि विदेशको भूभि
आखिरमा त आउनै पर्छ आफ्नै जन्मभूमि ।

देशको लागि चाहिएको छ नयाँ सिप र ज्ञान
बिदेसिएका विज्ञ ल्याउन थालौँ अभियान
प्रतिभा पलायन बन्दै छ निकै भयावह
यसलाई रोक्न उचित कदम चाल्नै पर्छ अब ।

*गट्टाघर, भक्तपुर*



## 'समर्पण' कल्पना

१.

हरकुरा मेरो जान्नेले छल गऱ्यो
ढुकढुकी एउटै मान्नेले छल गऱ्यो
मनसँग मन समीप हुँदा पनि
मन मुटु आफ्नै ठान्नेले छल गऱ्यो ।

२.

हेर्दै जाऊ मेरा पनि आफन्ती हुनेछन्
एकदुई गर्दै हजारौँमा गन्ती हुनेछन्
प्रयासका हर चुनौतीमा हारले बाटो छाडेपछि
मरिजाँदा मलामी र जिउँदोमा जन्ती हुनेछन् ।

३.

तर्दै जाउँला हरेक जङ्घार, आधा तिमीले आधा मैले
सजाउँला प्यारको संसार, आधा तिमीले आधा मैले
हातेमालो गर्दै हिँड्दा, जिन्दगीको सङ्ग्राममा
जित मनाउँला या त हार आधा तिमीले आधा मैले ।

**नेपाल विद्युत प्राधिकरण**
**बुटवल वितरण केन्द्र**



**लोकेन्द्र जि.सी.**

नेताज्यू ! हजुरको त, अनुहार नै कालो देख्छु,
तलदेखि माथिसम्म, भ्रष्टाचारको जालो देख्छु ।

क्विन्टल क्विन्टल सुन खान्छन्, मान्छे बेच्छन् माथितिर,
भोकै मरोस् गरिबले, घरमा रित्तो डालो देख्छु ।

कहिले ढाडे बिरालो आउँछ, कहिले काली बिराली,
झुक्याएर तर चोर्न, आउँछन् आलोपालो देख्छु ।

झन्डा बोकी नारा लाउँछ, गोली खान्छ कार्यकर्ता,
नियुक्तिमा नेताज्यूकै, छोरो, भान्जो, सालो देख्छु ।

गर्दै जाऊ एमसिसी र नानाथरी सम्झौताहरू,
छैन शुभसङ्केत केही, अगाडि झन् भड्खालो देख्छु ।

विकास र समृद्धिले, शिखर चढ्छ देश कहिले ?
जहिले हेर्छु अर्थतन्त्र, सधैँ सधैँ ओरालो देख्छु ।

के नाप्यो र गणतन्त्र, जे जे तन्त्र आए पनि,
बुढाबाको काँधमा सधैँ, हलो कुटो कोदालो देख्छु ।

*प्युठान*



# यो दिलमा नजरले...

चतुर्भुज गौतम 'निर्मल श्री'

यो दिलमा नजरले जब वाण हान्यौ
परेली झुकाएर तब लाज मान्यौ
सुनिदेऊ यो मनमा त्यही हाल भैछ
लुकेरै तिमीलाई नै हेर्ने रहर छ

नजरको इसारा तिमीले बुझेर
अधरको नसामा यो मनलाई डुबायौ
हेरी पूर्ण जूनझैँ त्यो तिम्रो मुहार
किन फेरि बैँसको मातमा चढायौ


मुटुमा तिमीले जब वाण हान्यौ
तरेली नजरको दिई मुस्कुरायौ
सुनिदेऊ यो मनमा त्यही चाल भैछ
तिमीलाई तिमीबाटै चोर्ने रहर छ

वदनमा तिमीलाई जब चुम्न पाएँ
त्यो कम्पनले मनको यो धड्कन बढायौ
राखी बाहुपाशमा जब काखभित्र
बसिथ्यौ तिमीले यो दुनिया जलायौ

यो तनमा तिमीले जब वाण हान्यौ
नयनै छुपाएर तब लाज मान्यौ
सुनिदेऊ यो मनमा त्यही हाल भैछ
तिमीलाई यो मनमा साँच्ने रहर छ ।

कर्मचारी कल्याण महाशाखा, ने.वि.प्रा.
टीकापुर १, कैलाली
हाल : एकान्तकुना,ललितपुर

# औषधी



वासुदेव गुरागाईं

समयक्रममा नरनाथको रक्तचाप बढ्यो । न्यून रक्तचापले पटक पटक ढलेका नरनाथ पछिल्लो समय रक्तचाप ह्वात्तै बढेपछि फेरि पनि ढल्नुपर्ला भनेर सतर्क छन् । उनलाई औषधी खाने सल्लाह दिएका छन् चिकित्सकले । नबिराईकन खान्छन् । बिर्सेला भनेर सिरानीको माथिपट्टि नै राख्छन् औषधीको बट्टा ।

छ दशक पार गरिसकेका उनी यो उमेरमा पनि केको चिन्ता लिनु भनेर हँस्सीमज्जा गरिरहन्छन् । उनका लागि सहायक औषधी बनेको छ–ठट्टा ।

सहरभरि यतिखेर रोगको महामारी छ । महामारीका भाइरस घर, कोठा, पानी, पनेरो, गल्ली, सडक, कुलो, दुलो कहाँ बसेको छ कसैलाई थाहा छैन । अन्योलको यो स्थितिबाट जनतालाई बचाउन सरकारले सहरवासीलाई घरबाट बाहिर ननिस्कन आदेश जारी गरेको छ । तथापि, केही व्यक्ति यदाकदा सरकारी निर्देशनविपरीत सडकमा निस्किरहेका छन् र सुरक्षाकर्मीबाट भकुरिइरहेका पनि छन् ।

नरनाथ पनि बेला बेलामा बाहिर निस्कन निहुँ खोज्छन् । उनको यो निहुँ खोजाइ वास्तविक नभएर ख्यालख्यालको हो भन्ने उनलाई मात्र थाहा छ ।

नरनाथले 'एकछिन बाहिर गएर आउँछु है' भन्नेबित्तिकै उनकी पत्नी विजया फतफताउँदै भन्न थाल्छिन्– 'सरकारले समेत बाहिर ननिस्कन भनेका बेलामा यसरी निहुँ खोजीखोजी बाहिर किन जाने ! अर्कालाई सम्झाउनु पर्ने मान्छे आफैँ निस्कने ? के भन्लान् छिमेकीले पनि !!'

नरनाथ अर्कोतिर फर्केर मुस्कुराउँदै 'एकैछिन त हो नि' भन्दै पाइला बढाउन खोजे जस्तो गर्छन् । विजयाको आँखाको आकार बढ्छ र रङ पनि बदलिन्छ । नरनाथ विजयाले नदेख्ने गरी मुसुमुसु हाँस्छन् र भन्छन्– 'भो अहिले जान्नँ ।'

नरनाथ केही बेरपछि उही कुरा दोहोर्‍याउँछन् । विजया फेरि आँखाको आकार बढाउँछिन् र उसै गरी फतफताउँछिन् ।

नरनाथको जिद्दी छोराछोरीलाई मन पर्दैन र बाबुलाई त्यसो नगर्न भन्छन् । छोराछोरीको आग्रहमा उनले भने – 'तिमेरका आमाको रक्तचाप कम छ । मैले यति भनिदिएपछि उनको रक्तचाप बढ्छ । मेरो गनगन त उनको लागि औषधी नै हो नि ।'



# बन्दुकले लेखेको कविता

विष्णुप्रसाद आचार्य 'अतृप्त'

कविता कलमले मात्र लेख्दैन
केही कविताहरू- मुस्कानले पनि लेख्छन्
केही कथाहरू-बन्दुकले पनि लेख्छन्
जस्तो कि
-प्रहरीसेवाका कविताहरू
-सैन्य सान अनि शौर्यका कथाहरू ।

जब काँप्छिन् पृथ्वी
र भत्कन्छन्-मान्छेका जिजीविषा
भग्नावशेषको कुइरीमण्डल धुँवाबाट
एउटा मुस्कानसहितको सजीव जून उदाउँछ ।

जब खुम्चिन्छ सिमाना
र मक्किन थाल्छ राष्ट्रियताको धुरीखाँबो
हरेक सीमा स्तम्भमाथि चौडा छाती भएको
एउटा बाघबुट्टे मान्छेको उचाइ थपिन्छ ।

ओठे हरिकीर्तन गाउँदै जब
अमूकले फुक्छन्-समाजमा अन्धविश्वासको शहनाई
विश्वासको एउटा उज्यालो पुल्ठो लिएर
चेतनाको दियो सल्काउँदै हिड्छ- एउटा ज्योतिपुञ्ज ।

हरियो बुट्यानमा बुटाजस्तै भएर
डढेलोले खाएको जङ्गलमा ठुटाजस्तै भएर
जो हिमालझैँ अटल र अविचलित उभिन्छ
र गरिरहन्छ
आठै प्रहर स्वाधीनता र अखण्डताको देखभाल ।

जो निसान र मौलो पूजाबाट आर्जित शक्तिले
खुकुरी अर्जाप्ने सीप कमाउँछ
र
राइफलमा गोली लोड गरेर
वैरीको शिरमा 'तारो हान्ने' अभ्यासमा रमाउँछ ।

त्यागी र कर्मवीर योद्धा हो– प्रहरी
जो 'आमा' शब्दमा मातृभूमिको अर्थ भेट्टाउँछ
र
सन्तानको नियास्रो
निन्याउरा जनताको मुहार हेरेर मेटाउँछ ।

जो गलेनी फाटेझैँ फाटेको मन
र
पत्र पत्र उचेरा गएको मुटुलाई
धैर्यताको धागोले खुब जतन गरेर सिलाउँछ
अनि हरेक चाडपर्वमा
शरीर ब्यारेकमा राखेर
बर्दी र बाडुल्कीलाई याद बनाएर घर पठाउँछ

'शान्ति, सुरक्षा र प्रतिबद्धता'को आदर्श मन्त्रोच्चारण गर्ने
मनभरि हरि भएको त्यही प्राणी हो प्रहरी
जो कोमलमा फूलजत्तिकै कोमल छ
र, त मुस्कानले सेवाभावको कोमल कविता लेख्छ
कठोरमा पहरा जत्तिकै कठोर छ
र, त बन्दुकले वीरताको आगो ओकल्ने कथा लेख्छ ।

**विदुर– ५, नुवाकोट**

प्रशासकीय अधिकृत, आयोजना विकास विभाग

(सशस्त्र प्रहरी बल नेपालको २३ औँ वार्सिकोत्सव (वि.सं. २०८०) को अवसरमा आयोजित राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा पुरस्कृत भएको कविता)



# आफैँलाई सिध्याउँदै छ मान्छे


ताराप्रसाद वस्ती

हे धर्ती माता,
नीति बिग्रँदा पनि तिमी नै क्षतविक्षत भएकी छौ
नीति सप्रँदा पनि त तिमी नै क्षतविक्षत भएकी छौ ।

नीति बिगार्नेहरू खोज्दैछन् चोखिन यहाँ
अनेक बहानाबाजी गर्दै सङ्लिन खोज्दै छन्
र बन्न खोज्दै छन् पानीमाथिको ओभानो
तर एउटा कुरा सबैले हेक्का राख्न सक्नु पर्छ
र राख्नु पनि पर्छ
एकपटक धमिलिएपछि सङ्लिन लाग्छ निक्कै समय
त्यसमाथि विश्वासै धमिलिएपछि सबैको नजरमा
कहाँ सजिलो छ र सङ्लिन त्यत्तिकै
हामीलाई थाहा छ–
सङ्लिनकै लागि अग्निपरीक्षा भोग्नेको कथा
चीरहरणमा पर्नेको कथा, सती जानेको कथा र
सामूहिक जलसमाधि लिन बाध्यहरूको कथा ।

त्यसो त तिमीलाई थाहा छ धर्ती माता
मेरो देशको नीति कहिले पो सङ्लिएको छ र
नीतिहरूको मूल नीति
राजनीति नै धमिलिएको मेरो देशमा
मान्छेको मति सप्रने र मन सङ्लिने त कुरै भएन ।

मान्छे दिनदिनै तिमीलाई कोपर्दै छ
आफूले गरेको सबै गल्ती तिमीलाई नै थोपर्दै छ
समृद्धिको कुरा दिनदिनै निल्दै, ओकल्दै छ
जल, जमिन र वायु सबैतिरबाट विभिन्न विष लोपर्दै छ
जानी नजानी आफूले आफैँलाई सिध्याउँदै छ मान्छे ।



# मान्छे

के.पी. पौडेल (जस्ताघरे)

जन्मेका नर भद्र सुन्दर बनून्, पाऊन् निया सभ्यता ।
सारा मानिस ईशका प्रगतिका, जानून् खुबै सत्यता ॥
मान्छेमा गुण दोष अक्कल खुबै, हुन्छन् अनेकौँ कला ।
उम्दा लौकिक शिल्प ज्ञान पथका, जागून् उँचा हौसला ॥-१॥

मान्छे मेलमिलापमा अघि बढून्, त्यागून् सदा दुस्मनी ।
सारा युद्ध कुकर्म उग्रपनले, मासिन्छ त्यो जीवनी ॥
बुझ्नू युद्ध निदान होइन कवै, सौदा बनून् सुन्दर ।
मान्छेका मनमा यहाँ अवनिमा, आभा छरून् भास्कर ॥-२॥


सारा युद्ध खराब हुन् विगतका, भन्ने बुझून् मानिस ।
मान्छे देव समान बन्न सकिने गर्दै गरून् कोसिस ॥
बाटो तुच्छ विनाशको कपटको, पक्रेर त्यो व्यर्थ छ ।
उम्दा सौम्य विकास कर्म नरका, निर्माणको अर्थ छ ॥-३॥

मान्छेका शुभ जन्मका खबर हुन्, आनन्द उम्दा क्षण ।
जाली यत्न विकार उग्र झगडा, हुन् नाशका लक्षण ॥
हाम्रो पौरख युद्ध होइन कवै, भन्ने धरून् धारणा ।
उम्दा कर्म गरेर मानिस हुने, मिल्छन् खुबै प्रेरणा ॥-४॥

राम्रा लक्षण हुन् यहाँ प्रगतिका, माया दया चेतना ।
सारा जीव र जन्तुका हित हुने, मान्छे धरून् योजना ॥
हाम्रा विश्वसमाजका नरहरू, आधार खोज्छन् भने ।
रोजून् उत्तम शान्तिका पलहरू, चाहिन्छ धर्ती भने ॥-५॥

ज्यादा दम्भ झिकेर हुन्न नरले, बर्सिन्छ सारा दशा ।
सत्ता शासनमा निरङ्कुश हुने, कस्तो अनौठो नशा ॥
मान्छे शान्ति विकासका बिगुल हुन्, सौहार्दका यार हुन् ।
उम्दा नायक श्रेष्ठ हुन् भगत हुन्, श्रीदेवका अंश हुन् ॥-६॥

वि.न.पा.-४,बट्टार,नुवाकोट



# सडक दुर्घटना

**नारायणदत्त आचार्य**

हरेक मोडमा
घुम्ती घुम्तीमा
चोक चोकमा दिन दिनै
दिन बिराएर मात्र
त्रिशूलीमा तिनाउमा
बाँदरे भिरमा
कृष्ण भिरमा
ठाउँ ठाउँमा
मुटु उछिट्टिने गरी
उदेक लाग्दो सडक दुर्घटना ।

विद्यालय जाँदै गरेको बच्चा
विद्यालयबाट फर्किँदै गरेको बच्चा
जन्ती बोकेको गाडी
पर्यटन लिएर हिँडेको
आशा लिएर विदेश हिँडेको
आशासँगै फर्किँदै गरेको
ठाउँसम्म पुग्ने नपाउँदै
छाती चिरा चिरा पार्ने गरी
सडक दुर्घटना ।

गाउँभरि कोलाहल मच्चाउँदै
आमा बाबुको मुटु खोस्दै
बालबच्चाको काख खोस्दै
परिवार सबै रित्तै बनाउँदै
मानव पासो रूपी बनाइएका
सडकहरूबाट, बिर्सनै नसकिने गरी
आत्माभरि आगो जलाएर
पटक पटक कहालीलाग्दो
सडक दुर्घटना ।

ढिलो जाऊ न
एक छाक खाऊ न
थोरै कमाऊ न
थोत्रा गाडीहरू साइड लगाउन
मानव जीवनसँग खेल्नेहरूलाई
असाध्यै योग्य दक्ष बनाउन
यो कलमको बिन्ती छ
नियमन कमजोर छ भन्दैमा
मानव क्षतिसँग खेलबाड नगर न
मापदण्डविनाका सबै साधन
बन्देज गर न ।

संसारमा सबभन्दा बढी
यही मेरो देशमा
खुट्टा लगलग कमाउँदै
हेर्नै नसकिने गरी
आकाशिँदै गइरहेको
सोच्दै नसोचेको पिडा दिँदै
सपना कुल्चिँदै आशा मेटाउँदै
तीव्र गतिमा निर्दोष यात्रुहरूको प्राण लिँदै
धेरै अगाडि गइसक्यो सडक दुर्घटना ।।

# देशको बारेमा

सुशीला ढकाल अधिकारी 'श्री'



डाँडापाखामा
हाम्रो देश नेपाल
हिउँ काखमा ।

आमा नेपाल
देख्न पाऊँ हर्दम
शान्त विशाल

ऋषिमुनिको
तीर्थस्थल पवित्र
मातृभूमि हो ।

सीमा उत्तर
सेता अनि टिलिक्क
हिमशिखर ।

तल तराइ
जता हेऱ्यो आफन्ती
छैनन् पराइ ।

काली पश्चिम
दोधारा र चाँदनी
हाम्रो लक्षिन ।

फुल्यो गुराँस
तलमाथि लेकमा
सुक्यो पलाँस ।

गरी खाने हो
तेरो मेरो नगर
मरी जाने हो ।

दिनु हुँदैन
स्वार्थ केही मनमा
लिनु हुँदैन ।

देशका कुरा
सबै मिली गर्नुछ
पूराका पूरा ।

बरको छायाँ
अति धेरै लाग्दछ
देशको माया ।



# नोकरी

तुलसीप्रसाद भट्टराई

कोही भन्छन् नोकरी कर्तव्यको भार हो !
कोही भन्छन् नोकरी धनार्जनको आधार हो !!
तर... म त भन्छु, नोकरी अनुभवको स्याहार हो !!!

कोही भन्छन् नोकरी विश्वासिलो प्यार हो !
कोही भन्छन् नोकरी उन्नतिको सफर हो !!
तर... म त भन्छु, नोकरी न त वार न त पार हो !!!

कोही भन्छन् नोकरी पारिवारिक घर हो !
कोही भन्छन् नोकरी काम गर्नेको थर हो !!
तर... म त भन्छु, नोकरी बाँच्ने मात्र भर हो !!!

कोही भन्छन् नोकरी भ्रष्टाचारको बिउ हो !
कोही भन्छन् नोकरी काम नगर्नेको निहुँ हो !!
तर... म त भन्छु, नोकरी बाँच्न खोज्ने जिउ हो !!!

कोही भन्छन् नोकरी अध्ययनको धन हो !
कोही भन्छन् नोकरी परिश्रमी जन हो !!
तर... म त भन्छु, नोकरी सेवा गर्ने मन हो !!!

*उर्लाबारी वितरण केन्द्र मोरङ, ने.वि.प्रा.*

# विषय, शब्दचयन र भाषाशैलीले भिन्न बनेको 'शब्दशिविर' !



ठाकुर बेलवासे

मुकुन्दराज शर्मा निकै राम्रा गीतकार हुन् । उस्तै राम्रा कवि पनि । उनलाई राम्रोसँग कवितामा पढेका र गीतमा सुनेकाहरूले उनको काव्यकारिताको शक्ति बुझेका छन् ।

लामो समयदेखि व्यावसायिक शिक्षाका क्षेत्रमा सक्रिय शर्माले आफ्नो सिर्जन शक्तिलाई बजारीकरण गर्न नसकेकै कारण उनका पाठक सीमित हुन सक्छन् । तर उनलाई एक पटक पढ्ने पाठकले हत्तपत्त बिर्सिँदैन । यो नै शर्माको साहित्यिक सम्पत्ति हो ।

पाँच दशक लामो समयदेखि कविता र गीत लेखनमा सक्रिय शर्माले निबन्ध सिर्जनामा पनि साढे तीन दशकको समय बिताएका छन् । पछिल्लो समयमा निबन्धप्रति शर्माको लगाव बिछट्टै देखिन्छ । लेखन सक्रियता पनि उस्तै । निबन्धमाथिको उनको मोहका कारण अब्बल गीतकार एवं कवि मुकुन्दराज शर्मा भने यतिबेला ओझेल परेको अनुभव पनि गर्न सकिन्छ ।

२०७९ सालमा 'शब्दशिविर' निबन्धकृति बजारमा आएपछि शर्माको निबन्धकारितामाथि चर्चा परिचर्चा व्यापक बन्दै छ । उनी साहित्यिक मञ्चहरूमा निबन्धकारका रूपमा आमन्त्रित हुन थालेका छन् ।

शर्माको बाल्यकाल पहाडी जिल्ला प्युठानमा बित्यो । किशोरकाल तराइको कपिलवस्तु जिल्ला र भारतको आसाममा बित्यो । उनले कलेजको युवा जीवन भारतको दार्जिलिङमा बिताएका थिए । यसकारण शर्मासँग नेपालको पहाडी, तराइदेखि भारतका विभिन्न स्थानको भाषा, संस्कृति र रहनसहनको प्रभाव अनि ज्ञान रहेको छ । जसको उपयोग आज उनले आफ्ना निबन्धमा गर्दैछन् ।

२५ वटा निबन्धहरू समेटिएको 'शब्दशिविर' शर्माको जीवन भोगाइ र अनुभवको

ऐनाका रूपमा देखिएको छ । उनले आफ्नो बाल्यकालदेखि आजसम्म घटेका जीवनका अनेकन् सन्दर्भहरूलाई निबन्धमा उनेका छन् ।

एघार जना स्रष्टाहरूको समीक्षात्मक मन्तव्य सहित प्रकाशित यो कृतिका बारेमा समालोचक प्रा.डा. दयाराम श्रेष्ठ लेख्छन्– "आत्मपरक अभिव्यक्तिहरूलाई सङ्कलित गरी तयार पारिएका गद्य सङ्कथनहरू हुन् । निबन्धकार शर्मा संस्मरणमा मात्रै होइन, व्यङ्ग्यमा समेत रमाएका छन् ।"

समालोचक प्रा.डा. श्रेष्ठले भनेको जस्तो निबन्धकार शर्माका निबन्धहरू व्यङ्ग्यले भरिपूर्ण छन् । उनको निबन्धकारिताको पहिलो परिचय नै व्यङ्ग्य चेतना बन्न पुगेको अनुभव गर्न सकिन्छ । ग्रामीण स्थानीय बोलचालीका शब्द प्रयोगले पनि शर्मालाई भिन्न बनाएको छ ।


निजात्मक बिषयहरूमा निबन्धकार शर्माले कसरी व्यङ्ग्यात्मक पुट भरेका छन्, भन्ने अब्बल उदाहरण हो कृतिको पहिलो निबन्ध –'गुन्द्रक भिसा । '

अर्का समीक्षक निबन्धकार डा.माधवप्रसाद पोखरेललाई 'शब्दशिविर'भित्रका निबन्धले निकै प्रभाव पारेको उल्लेख गरेका छन् । डा.पोखरेल लेख्छन्– "मुकुन्दजीका निबन्धले मलाई गलाए । मुकुन्दजीका निबन्ध पढेर निबन्ध त यस्तो पो हुनु पर्छ त भनेर मैले आफैँ पुड्किएको अनुभव गरेको छु ।"

निबन्धकार शर्माले निबन्धमा सामान्यभन्दा सामान्य आफ्ना निजात्मक कुराहरूलाई अत्यन्तै रोचक र हाँस्यरसमा असामान्य ढङ्गबाट प्रस्तुत गर्न सफल भएका छन् । जसका कारण पाठकले निबन्धका घटना र पात्रहरूमा आफूलाई उभ्याउन थाल्छ । 'दुई दुना दुई' यस्तै निबन्धको उदाहरण हो ।

शर्माको निबन्धकारिताका बारेमा 'शब्दशिविर'मै साहित्यकार डा.अभि सुवेदी लेख्छन् –"उनले सबैजसो निबन्धमा निजत्व राखेर विषयका सूक्ष्म पक्षहरूको इमान्दारीपूर्वक उद्घाटन गरेका छन् ।"

डा. सुवेदीले भनेझैँ निबन्धकार शर्माको निबन्ध सिर्जनाको अर्को पहिचान भनेकै निजत्वलाई मुखर गर्नु रहेको छ । 'शब्दशिविर'का सबै निबन्ध निजत्वमाथिको उत्खनन् र सार्वजनीकरणका गतिला दृष्टान्त हुन । यसमा पनि 'बधाई छ हजुर', 'सात दिन, सायौँ मरण' जस्ता निबन्धहरू निजत्वमाथिको सूक्ष्मतम प्रस्तुतिका नमुना हुन् ।




शर्माका निबन्धका बिषय जति सजिला र सामान्य लाग्दछन्, त्यति लेखन बुनोट सामान्य लाग्दैन । निबन्ध आफैँमा गहिरो हुन्छ । शर्माले निबन्धको गहिराइ, लम्बाइ र चौडाइ अझ विस्तृत बनाएका छन् । उनको निबन्ध बुझेर पढ्न खोज्ने हो भने जटिल पनि छन् । उनी निबन्धमा आध्यात्मिक, दार्शनिक, विचारक अनेकन् रूपमा प्रस्तुत भएका छन् । 'अनि तपाईँ को ?', 'हे ईश्वर म गरिब भएँ !' जस्ता निबन्धहरू यसका दृष्टान्त हुन् ।

निबन्धमा पनि विम्ब/ प्रतीकमा खेल्न सकिन्छ भन्ने उदाहरण पनि शर्माले दिएका छन् । देशको राजनीति । नेताहरूको चरित्र । नागरिकको कारूणिक अवस्थाका बारेमा शर्माले 'जनताको कान' निबन्धमा विम्ब/प्रतीक खेलाउने कला प्रस्तुत गरेका छन् ।

एउटै निबन्धमा विविध प्रसङ्ग ल्याएर निबन्धकार शर्माले पाठकलाई निबन्धको भिन्न स्वाद दिएका छन् । 'मम्मी ! म स्कुल जान्नँ' निबन्ध विविधताको उदाहरण हो ।

शर्माले आजसम्मको सम्पूर्ण जीवन शिक्षा क्षेत्रमा सर्मपण गरे । यो क्षेत्रको छिद्रछिद्र उनलाई ज्ञान छ । र त 'मम्मी ! म स्कुल जान्नँ', 'के तपाईं शिक्षक हो मान्यवर !', 'कफी सपको पाठशाला' जस्ता निबन्ध लेखेका छन् । निबन्धको प्रवेश इतर विषयबाट भए पनि उनका कतिपय निबन्धमा शिक्षा दिने शैली अनि शिक्षकको आचरणमाथि कडा प्रहार देखिन्छ ।

'शब्दशिविर'मा मन्तव्य राख्ने क्रममा डा.विप्लव ढकाल लेख्छन्–'शब्दशिविर' भित्रका निबन्धहरू तपाईंको लामो अनुभव र अन्तर्दृष्टिका उज्याला प्रकाश हुन् । "डा. ढकालले भनेझैँ 'शब्दशिविर' भित्रका निबन्ध पढिसक्दा पाठकले निबन्धकार मुकुन्दराज शर्मालाई पनि पढिसक्छन् ।

छोटा, छरिता निबन्ध र भाषाशैलीको नवीनताका कारण 'शब्दशिविर' निबन्धकृति पाठकका लागि प्रिय कृति बन्न सक्छ । शर्माले ग्रामीण बोलीचालीका शब्दहरू र चारपाँच दशक अगाडिको नेपाली समाजको अवस्थालाई निबन्धमा उतार्न सफल बनेका छन् । यही कार्यले उनलाई निबन्धकारहरूको भिडमा अलग्ग बनाएको पनि छ ।

कामना न्युज पब्लिकेसन्स् प्रा.लि.द्वारा प्रकाशित 'शब्दशिविर' को मूल्य चार सय रूपैयाँ राखिएको छ । निबन्धका पारखीहरूलाई यो कृति स्वादिलो छ, भन्न कुनै धक मान्नु पर्दैन ।

केशवराज पिँडालीको जस्तो व्यङ्ग्य चेतना, युवराज नयाँघरेको जस्तो समसामयिकता र ग्रामीण भाषाशैलीको चैतन्य बोकेको 'शब्दशिविर' सङ्ग्रहणीय कृतिका लागि निबन्धकार मुकुन्दराज शर्मालाई हार्दिक बधाई ।

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले चण्डिका रायमाझी, शिशिर थापा कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरू:**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षकः**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरूः**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी - ९८४१६८१४७५
४. शान्ता सुवेदी - ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा - ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा - ९८५१०१८८४४
८. देवराज प्रसाईं - ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती - ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे - ९८४१२८६२६७
११. भुवनचन्द्र ठकुरी - ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल - ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान - ९८५११०६१०७
१५. कौशल भट्टराई - ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल - ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा - ९८४१४११६४४
२१. मातृका बजिमय - ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा - ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य - ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली -
२७. केशवराज पन्त -
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली - ९८४२०२७७५६
३२. विन्दु शर्मा - ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य - ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान - ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल - ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक - ९८४१२७८६५८
४०. सरोज अर्याल - ९८४६०८८२३१
४१. यादवराज घले - ९८४१३६१६९६
४२. उषा सिंह - ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल - ९८४१८३५६८५
४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८

५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८

१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२
१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०

२३९. तुलाराम गिरी – ९८५११६८२१९
२४०. राजनऋषि कँडेल – ९८४१३४५४२३
२४१. महेश्वर सत्याल – ९८५१०९३१७०
२४२. अनिता बजगाईं – ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव – ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई – ९८४११७४८७१
२४५. चाँदनी बि.क. – ९८४७१०७२१४
२४६. राजन पालुङ्गा – ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी – ९८४५०१२४६७
२४८. नारायण रेग्मी – ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने – ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल –
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी – ९८४१३२७४७२
२५५. राजु भण्डारी....
२५६. जयराम आचार्य – ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई – ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल – ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल – ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल – ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य – ९८४१७२७३९३
२६३. मधुकर बस्नेत – ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे – ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय – ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना – ९८५११९९२७३
२७०. सरस्वती केसी – ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९

| | |
|---|---|
| ३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६ | ३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२ |
| ३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७ | ३३८. अनिल पौडेल, ९८५१०३७०५७ |
| ३३१. राजु भट्टराई, ९८४१०३७६२० | ३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७ |
| ३३२. तारादेवी धमला, ९८४१०२५४६५ | ३४०. देवीमाया कोइराला, ९८४३३९९१७३ |
| ३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६ | ३४१. राजुप्रसाद तिमल्सिना, ९८४६४९०६७५ |
| ३३४. दामोदर काफ्ले, ९८४२३४१२२२ | ३४१. कमलराज ओझा, ९८४८४३९१८१ |
| ३३५. निलम मरासिनी, ९८४९०७९८५३ | ३४२. रामराजा ओझा, ९८४१९१५७०५ |
| ३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७० | ३४३. सुरज रेग्मी, ९८५११३५०७७ |

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | | | |
|---|---|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ | ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| २. मोहनबहादुर कायस्थ | २०६८ | १२. पुष्कर पुरी | २०७५ |
| ३. पुष्पनाथ शर्मा | २०६९ | १३. जुजुकाजी रञ्जित | २०७६ |
| ४. विष्णुबहादुर सिंह | २०७० | १४. देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| ५. कृष्णमोहन जोशी | २०७१ | १५. कमला श्रेष्ठ | २०७७ |
| ६. केशव रूपाखेती | २०७२ | १६. आर.आर. चौलागाईं | २०७८ |
| ७. वीरेन्द्र पाठक | २०७३ | १७. मातृका पोखरेल | २०७९ |
| ८. पुण्य घिमिरे | २०७४ | १८. रमेशप्रसाद न्यौपाने | २०७९ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ | १९. मञ्जुलाल श्रेष्ठ | २०८० |
| १०. भुवनचन्द ठकुरी | २०७५ | २०. गङ्गा अधिकारी | २०८० |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

| | |
|---|---|
| १. शारदा साहित्यिक मासिक, काठमाडौँ २०८० | ४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०८० |
| २. साहित्य सन्ध्या, काठमाडौँ, २०८० | ५. प्युठान साहित्य परिषद्, प्युठान, २०८० |
| ३. साहित्य सङ्गम, मकवानपुर, २०८० | ६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८० |

## ‘अमरज्योति साहित्यिक त्रैमासिक’ का लागि लेख रचना उपलब्ध गराउनेबारेको सूचना

विद्युतकर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको **अमर ज्योति** साहित्यिक त्रैमासिकका लागि निम्नानुसारका लेख रचनाहरू उपलब्ध गराइ दिनुहुन समस्त सर्जक महानुभावहरूलाई अनुरोध गरिन्छः

१. साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू
२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक–साहित्यिक लेख रचनाहरू
३. साहित्यका विभिन्न सिद्धान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू ।
४. नेपाली र विश्व साहित्यमा देखापरेका नयाँ मान्यताहरू
५. अनुवाद साहित्य
६. कला, संस्कृति, दर्शन एवम् भाषावैज्ञानिक आलेखहरू

उपर्युक्त अनुसारको लेख रचना प्रीति फन्ट (१४) मा तयार गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइ दिनुहुन समस्त सर्जक–समीक्षक महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनु हुन समेत अनुरोध गरिन्छ ।

**लेख रचना पठाउने विद्युतीय ठेगानाः**
amarjyoti@nea.org.np

विनीत :
विद्युतकर्मी साहित्यिक समाज परिवार
नेपाल विद्युत प्राधिकरण

नोटः प्रकाशित लेख–रचनाहरूका लागि उचित पारिश्रमिक प्रदान गरिनेछ । साथै ४४ औं अङ्कदेखि यताका अङ्कहरूको pdf.Digital version www.nea.org.np मा गई अध्ययन गर्न सक्नुहुनेछ ।

## हामी नेपाली बीच लुकेको समृद्धि, विद्युतको आन्तरिक खपतमा अभिबृद्धि ।

सबैको भान्छामा छ विद्युतीय ऊर्जा, किन खोज्नु अर्को ।
सुरक्षित, भरपर्दो, सस्तो र सजिलो छ, केही छैन झर्को ॥



धुवाँ, ध्वनिविहीन स्वच्छ सवारी ।
अब घर घरमा विद्युतीय गाडी ॥

